# परिच्छेद एक

# परिचय

## १.१ विषय परिचय

सीताराम अधिकारी वि.सं. २०३३ मा द्वन्दात्मक, परिवर्तनकामी सौन्दर्यपरक लघुकाव्य 'कोयली' लेखेर आधुनिक नेपाली काव्य जगत्मा औपचारिक रुपमा प्रवेश गरेका हुन् । उनले मातृप्रेमले भरिपूर्ण भएको शोककाव्य 'आमा' २०३७ सालमा, 'मेरो लेक' कविता संग्रह २०५६ सालमा, 'यात्रा रोकिन्न' कविता संग्रह २०५७ सालमा, 'देवघाट' खण्डकाव्य २०६५ सालमा र 'फूल, मान्छे म' र 'नेपाल' आदि लेखेका छन् । उनका प्रकाशित कृतिहरूलाई हेर्दा विशेषतः उनी पद्य शैली अथवा भनौं काव्य जगत्मा हात चलाउने साहित्यकार हुन् । उनका प्रकाशित आठओटा कृतिमध्ये 'उज्यालोको खोजी' एक मात्र गद्य कृतिको रुपमा रहेको छ जसको प्रकाशन वि.सं. २०६८ सालमा भएको हो ।

प्रस्तुत शोधपत्रको मुख्य शोध्य विषय यिनै आठओटा कृतिहरूमध्ये एकमात्र गद्य कृतिको रुपमा रहेको औपन्यासिक कृति 'उज्यालोको खोजी' (२०६८) को कृतिपरक अध्ययन गर्नु हो । कृतिपरक अध्ययनभित्र पर्ने तत्त्वहरू नै यस शोधपत्रका विषय वनेका छन् । उपन्यासको कृतिपरक अध्ययन भन्नाले उक्त उपन्यासको समग्र रुपमा (संरचना, संगठन पक्ष, कथावस्तु, चरित्रचित्रण, कथोपकथन, देशकाल, परिस्थिति, वातावरण, कथानक, ढाँचा, भाषाशैली, सारवस्तु, दृष्टिविन्दु आदिका अध्ययन विश्लेषण र मूल्याङ्कनलाई वुझिन्छ ।

प्रस्तुत शोधपत्रसँग सम्वन्धित कृति उपन्यासकार सीताराम अधिकारीको प्रकाशित पहिलो औपन्यासिक कृति हो । यस शोधपत्रको विषय उज्यालोको खोजी उपन्यासको कृतिपरक अध्ययन भएकाले उपन्यासकारले यस उपन्यासमा प्रयोग गरेका विभिन्न प्रवृत्तिहरूमध्ये प्रमुख रुपमा झल्किएको सामाजिक अन्धविश्वास, कुरीति र कुसंस्कारको खुलेर विश्लेषण गरिएको छ र आवश्यकता अनुरुप उपन्यासमा प्रयुक्त अन्य नारीवादी प्रवृत्तिहरूको पनि उल्लेख गरिएकोछ ।

## १.२ समस्याको कथन

उज्यालोको खोजी उपन्यासको अध्ययन नै यस शोधपत्रको मुख्य समस्या हो र यसको परिपूर्तिका लागि निम्नलिखित समस्याहरू रहेका छन् ।

क) उपन्यासकार सीताराम अधिकारीको 'उज्यालोको खोजी' (२०६८) ले नेपाली उपन्यासको कुन कुन प्रवृत्तिलाई अंगालेको छ ?

ख) 'उज्यालोको खोजी' उपन्यासमा प्रयुक्त सैद्धान्तिक चिन्तनहरू के के हुन् ?

ग) 'उज्यालोको खोजी' उपन्यासमा औपन्यासिक तत्त्वहरूको संयोजन कसरी भएको छ ?

घ) 'उज्यालोको खोजी' उपन्यासको संरचना विधान र भाषिक शैलीको स्वरूप कस्तो रहेको छ ?

## १.३ शोधपत्रको उद्देश्य

सीताराम अधिकारीको उज्यालोको खोजी उपन्यासको माथि उल्लिखिति समस्याहरूमा केन्द्रित भएर निराकरणका निमित्त निम्न उद्देश्य परिपूर्तिका लागि अध्ययन गरिनु उपयुक्त ठानिएकाले यस अध्ययनका उद्देश्यहरू क्रमशः निम्नानुसार रहेका छन् :

क) उपन्यासकार सीताराम अधिकारीको 'उज्यालोको खोजी' उपन्यासमा पाइने नेपाली औपन्यासिक यात्राको प्रवृत्ति निर्धारण गर्नु निर्देश गर्ने सामग्रीको रुपमा अध्ययन गर्नु ।

ख) 'उज्यालोको खोजी' उपन्यासमा प्रयुक्त सैद्धान्तिक चिन्तनहरूको अध्ययन र विश्लेषण गर्नु ।

ग) 'उज्यालोको खोजी' उपन्यासमा औपन्यासिक तत्त्वहरूको संयोजन कसरी भएको छ भन्ने कुराको निर्क्यौल गर्नु ।

घ) 'उज्यालोको खोजी' उपन्यासको संरचना विधान, भाषिक शैली, स्वरूपको विश्लेषण र मूल्याङ्कन गर्नू ।

## १.४ पूर्वकार्यको समीक्षा

'उज्यालोको खोजी' उपन्यास सीताराम अधिकारीको औपन्यासिक यात्राको पहिलो उपन्यास हो । यसै उपन्यासवाट औपन्यासिक जगत्मा प्रवेश गरेका हुनाले उनलाई लघुकाव्य, शोककाव्य र खण्डकाव्य जस्ता काव्य जगत्मा मात्र नभई आख्यान जगत्मा पनि हात चलाउने बहुमुखी प्रतिभा मान्न सकिन्छ । सीताराम अधिकारीद्वारा लेखिएको यस उपन्यास नै पहिलो उपन्यास भएकाले 'उज्यालोको खोजी' उपन्यासको कृतिपरक अध्ययन गरेको नपाइने भएतापनि अध्ययनको क्रममा प्राप्त सामग्रीका आधारमा यस उपन्यासको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ :

गौरीनाथ ढकालले **उज्यालोको खोजी** (२०६८: भूमिका) मा उपन्यास पढ्दाको अनुभव यसरी व्यक्त गरेका छन्: उज्यालो घाम लागेर हुन्छ, वत्ती वालेर हुन्छ । यस्तो उज्यालो नपाएर ठगिएका व्यक्ति र परिवारको यथार्थ अवस्था दर्साउन अधिकारी कवि पछि उपन्यासकार भएर देखापरेका छन् । समाजमा हिजो पनि द्वन्द्व थियो, आज पनि द्वन्द्व छ र भोलि पनि हुन्छ । अतीत ,वर्तमान र भविष्यत् तीनै कालमा हुने द्वन्द्व नयाँ र पुराना पुस्ताका वीचमा हुने गर्दछ । हाँसोको वीचमा रोदन अवस्य लुकेको हुन्छ, उज्यालोको ठाउँमा अँध्यारो पनि बसेको हुन्छ । यो भनाइ हरेक व्यक्तिको जीवनमा लागू हुन्छ । वास्तवमा यो नै जीवनदर्शन हो । यस्ता अत्यन्त घत लाग्दा कवितामय पक्ति उपन्यासमा पढ्न पाइन्छ । यसरी हेर्दा अधिकारीको भाषा कवितामय भएको पाइन्छ । यथार्थमा उनको कवि व्यक्तित्व उपन्यासमा पनि देखापरेको छ । यो कृति अधिकारीको केही गरौँ भन्ने जोश र जाँगरले क्षणमा जन्मिएको कारण यसमा वीररस प्रधान रुपमा रहेको पाइन्छ । यसरी गौरीनाथ ढकालले उज्यालोको खोजीमा उपन्यासकारले समाजमा चेतनाको उज्यालो नपाएर ठगिएका परिवारको यर्थाथता दर्शाएको कुरा व्यक्त गरेका छन् ।

रामचन्द्र फुयालले **उज्यालोको खोजी** गर्ने सीताराम अधिकारी (२०६८) शीर्षकमा यस्तो विचार राखेका छन् । साधारणतया नेपाली समालोचनाको शृङ्खलामा सृजक वा व्यक्तिलाई उसको सामाजिक भूमिका तथा संलग्नताका आधारमा उसको सिर्जन वा लेखन प्रवृत्तिको आँकलन गर्ने गरिएको पाइन्छ । मुलतः लेखकीय प्रवृत्तिको खोजी उसका सृजन

तथा त्यसमा प्रकटित विचार  वा सन्देशवाट आँकलन गरिनुपर्दछ । एउटा लेखक वा साहित्यकारलाई राम्ररी चिनाउन वा उसलाई मूल्याङ्कन गर्ने कसी उसको युगबोध र तदनुकूलको सन्देश प्रवाह नै हो । यस मानेमा उपन्यासकार सीताराम अधिकारी एउटा निश्चित अवधिको नेपाली ग्रामीण समाजको चित्रलाई प्रस्तुत गर्दै त्यसमा परिवर्तनमुखी भावका बुट्टा र कला भर्नमा सफल हुनु भएको छ ,प्रस्तुत 'उज्यालोको खोजी'  उपन्यासमा । यसरी फुयालले यस उपन्यासमा सीताराम अधिकारीलाई एउटा परिवर्तनमुखी सामाजिक उपन्यासकारका रुपमा चिनाएका छन् ।

सीताराम अधिकारी नेपाली साहित्यका वहुआयामिक व्यक्तित्व हुन् । उनका विविध व्यक्तित्वका बारेमा विभिन्न व्यक्तिहरूद्वारा शोधकार्य पनि भएका छन् । उनले विशेषतः काव्य जगत्मा हात चलाएका छन् । यति हुँदाहुँदै पनि उज्यालोको खोजी उपन्यास भर्खरै प्रकाशित भएको उनको एक मात्र उपन्यास हो । यस उपन्यासमा केन्द्रित भएर कुनै पनि शोध कार्य भएका छैनन् । यसरी उज्यालोको खोजी उपन्यासमा केन्द्रित भएर कुनै पनि शोधकार्य नभएको र समालोचनात्मक फुटकर लेखहरूको मात्र व्याख्या र विश्लेषण भएको परिप्रेक्ष्यलाई दृष्टिगत गर्दै समग्र रुपमा अध्ययन गर्नुपर्ने आवश्यकतालाई हृदयङ्गम गरी यो शोधकार्य गरिएको हो ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

सीताराम अधिकारी नेपाली साहित्यका सुपरिचित कवि हुन् । उनी काव्य जगतमा मात्रै नभई उपन्यासमा पनि हात चलाउने नवीन उपन्यासकार हुन् । उपन्यासकार सीताराम अधिकारीको उपन्यासको औपन्यासिक संरचना , संगठन तथा सैद्धान्तिक पृष्ठभूमि अनि यस उपन्यासको स्थान निर्धारण र मूल्यको निरुपण जस्ता कुराहरू सम्वन्धित कृतिको समग्र पक्षको अध्ययन नभई गर्न नसकिने भएकाले र विभिन्न विद्वान् समालोचकहरूले विविध रुपमा समालोचनात्मक टिप्पणीहरू गरे तापनि यस उपन्यासको एकत्रित अध्ययनको अभाव रहेको र यसको सागोपागोँ गर्न आवश्यक देखिन आएकाले यस शोधपत्रमा उक्त कुराहरूलाई ध्यानमा राख्दै सोही औचित्य सिद्धिका लागि यो शोधपत्र लेखिएको छ । यसले उनका  औपन्यासिक प्रवृति जान्न र वुझ्न चाहने विद्यार्थी तथा अनुसन्धाताहरूका लागि सहयोग पुर्‍याउन सक्ने हुँदा यस शोधपत्रको औचित्य रहको छ ।

### १.६ शोधकार्यको सीमा

सीताराम अधिकारी नेपाली साहित्यका वहुमुखी प्रतिभा भएकाले उनको कलम विभिन्न विधामा चलेको देखिन्छ । उपन्यासकै क्षेत्रमा पनि उज्यालोको खोजी (२०६८) बाहेक अन्य उपन्यासहरू लेखिएका र प्रकाशित भएका पाइएन । उनका काव्य विधामा विभिन्न कृतिहरू भए तापनि यो शोधपत्र उज्यालोको खोजी उपन्यासको कृतिपरक अध्ययनमा सीमित रहेको छ ।

### १.७ शोधविधि (सामग्री सङ्कलन शोधविधि)

प्रस्तुत शोधपत्रका लागि मुलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्वद्ध पुस्तक, पत्र पत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययन विधिका अतिरिक्त सम्वन्धित विभिन्न विद्वान्हरूबाट पनि आवश्यक जानकारी लिइएको छ ।

प्रस्तुत शोधपत्र मुलतः उज्यालोको खोजी उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित रहेको हुँदा समीक्षाशाास्त्रले देखाएको औपन्यासिक उपकरणहरूलाई मुख्य आधार बनाई सो अनुसारका सामग्रीहरू सङ्कलन गरेर विश्लेषणात्मक र वर्णनात्मक विधिद्वारा कृतिको अध्ययन गरिएको छ ।

### १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई संगठित र व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको रुपरेखा निम्न लिखित प्रकारको रहेको छ ।

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : उपन्यासकार सीताराम अधिकारीको जीवनी र व्यक्तित्व

परिच्छेद तीन : सीताराम अधिकारीका औपन्यासिक प्रवृत्तिहरू

परिच्छेद चार : औपन्यासिक तत्त्वका आधारमा उज्यालोको खोजी उपन्यासको अध्ययन

परिच्छेद पाँच : उपसंहार

प्रस्तुत शोधपत्रका उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएकोछ ।

# परिच्छेद दुई

# सीताराम अधिकारीको जीवनी

## २.१ परिचय

### २.१.१ जन्म र जन्मस्थान

सीताराम अधिकारीको जन्म वि.सं. २००२ साल  माघ महिना ८ गते मङ्गलबारका दिन गण्डकी अञ्चलको गोरखा जिल्ला हंसपुर गाउँ विकास समिति अन्तर्गत पर्ने हंसपुरगाउँमा भएको हो । उनी पिता चक्रपाणि अधिकारी र माता लीलादेवी अधिकारीका दोस्रा सन्तान हुन् ।  चक्रपाणि अधिकारीको दुई छोरी र एक छोरा गरी तीन सन्तानमध्ये प्रथम मायादेवी दवाडी (अधिकारी), दोस्रो सीताराम अधिकारी र तेस्रो बुद्धिसरा न्यौपाने ( अधिकारी) हुन् (अधिकारी,२०५८) ।

### २.१.२ बाल्यकाल

नेपालको पश्चिमाञ्चलमा अवस्थित गोरखा जिल्ला नेपाल एकीकरणको केन्द्रविन्दु हो । यस जिल्लामा नेपाल एकीकरण हुनु पूर्व नै अधिकारी परिवारको बसोबास भएको पाइन्छ । अधिकारीहरूको पुर्ख्यौली मूल थलो भने जुम्ला जिल्ला हो । गोरखाको हंसपुर गा.वि.स मा पर्ने लप्सीबोट, हंसपुर र काफलडाँडामा अधिकारी परिवारको वर्चस्व रहेको छ ।

चक्रपाणि अधिकारी र लीलादेवी अधिकारीका  कोखबाट जन्मिएका सीताराम अधिकारीको बाल्यकाल निम्न मध्यम वर्गीय ब्राम्हण परिवारमा आनन्द पूर्वक नै बितेको थि यो ।  त्यति बेलाको समाजमा पुत्रलाई विशेष स्थान दिने परम्पराका कारण उनी जन्मिँदा अधिकारी परिवार खुसीले रमाएको थियो ।  त्यसैले पनि उनी बाल्यकालमा सबैका स्नेहपात्र बनेका थिए । गाउँका साथी सँगातीहरूसँग  खेल्दै बाजे तथा मातापिताका काखमा उनको बाल्यकाल विशेष  स्नेहमय वातावरणमा बितेको थियो (अधिकारी,२०५८) ।

### २.१.३ शिक्षादीक्षा

निम्न मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मिएका कारण अधिकारीको अक्षराम्भ ४ वर्षको उमेरमा घरबाट नै भएको थियो । उनका हजुरबुवा स्वर्गीय अग्निधर अधिकारी र पिता स्वर्गीय चक्रपाणि अधिकारी दुवै शिक्षित एवम् संस्कृतानुरागी भएकाले त्यस परिवारमा शैक्षिक वातावरणको कमी थिएन । उनलाई पिता तथा हजुरबुवा दुवैको प्रयासबाट चार वर्षको उमेरमा अक्षरारम्भ गराइएको थियो । रातो माटोको डल्ला र त्यसपछि नेपाली कागज र हाडे उन्यूको कलमबाट पढाइको सुरुआत भएको थियो ।

सीताराम अधिकारीले लघुकौमुदी र अमरकोशको अध्ययनबाट प्रारम्भिक शिक्षा घरमै प्राप्त गरे । वि.स. २०१७ सालमा 'युनाइटेड ि मसन टु नेपाल' नामक संस्थाद्धारा सञ्चालित ज्ञानज्योति नि.मा.वि. (मिसन स्कुल) मा एकै पटक कक्षा ३ मा भर्ना भएर पढ्न थालेपछि उनको औपचारिक शिक्षा प्रारम्भ हुन्छ । किशोर उमेरबाट शिक्षा प्राप्तिमा जुटेका अधिकारी संस्कारमा संस्कृत व्याकरणको छाप परेकाले उनलाई कक्षा ५ सम्मको  पढ्नमा कुनै कठिनाइ भएन । फलतः उनी कक्षा ३ देखि ५ सम्मका सबै तहमा प्रथम भए । आफू भन्दा कम उमेरका विद्यार्थी साथीहरूसँग एउटै कक्षामा पढ्नुपर्दा सुरुमा उनलाई निकै अप्ठ्यारो महसुस भएको थियो ।  तर हरेक वर्षमा हुने अर्धवार्षिक परीक्षा र त्यसपछिको वार्षिक परीक्षामा समेत प्रथम हुँदै गए पछि उनलाई उमेरको अप्ठ्यारोपन महसुस हुन पाएन । उनले त्यस विद्यालयबाट कक्षा ५ सम्मको अध्ययन पूरा गरे ।

अध्ययनलाई निरन्तरता दिने क्रममा वि.सं. २०२० साल माघ महिनामा सीताराम अधिकारी गोरखा जिल्लाको आँपपीपल नि.मा.वि. (मिसन स्कुल) आँपपीपलमा कक्षा ६मा भर्ना भए । सोही विद्यालयबाट कक्षा  ७ को नि.मा.वि.स्तरीय वार्षिक परीषामा  विद्यालय प्रथम भएपछि मा.वि. स्तरको अध्ययनका लागि उनी अमरज्योति मा.वि.(मिसन स्कुल) लुइँटेल गोरखामा भर्ना भए ।  त्यसै  विद्यालयबाट उनले वि.सं.२०२४सालमा एस.एल.सी. अर्थात् प्रवेशिका तह उत्तिर्ण गरे । स्मरणीय कुरा के छ भने प्रवेशिका तहको परीक्षा दिन उनी काठमाडौं आउनु परेको थियो । हाइस्कुल तहका अन्य कक्षागत वार्षिक परीक्षाहरूमा उत्कृष्ट अङ्क ल्याउन सफल भए तापनि एस.एल.सी. परीक्षाका क्रममा बिरामी परेका कारण उनको प्रथम श्रेणीमा उत्तिर्ण हुने धोको पूरा हुन पाएन । अतः उनले द्वितीय श्रेणीमा चित्त बुझाउनु पऱ्यो ।

सीताराम अधिकारीलाई स्कुले जीवनदेखि नै बाइबल र गीता दुवैको अध्ययन गर्ने अवसर प्राप्त भएको देखिन्छ । बाइबलको ज्ञानबाट अङ्ग्रेजी साहित्यको अध्ययन र गीताको ज्ञानबाट हिन्दुधर्म, संस्कृति र आध्यात्मिक दर्शनतिर लाग्ने प्रेरणा प्राप्त भएको कुरा उनी स्वयम् जानकारी गराउँछन् (सीताराम अधिकारीसँगको प्रत्यक्ष कुराकानी,२०६९) ।

उच्च शिक्षा प्राप्त गर्ने क्रममा सीताराम अधिकारी गोरखाबाट काठमाडौं आई नेसनल कलेज, दरबार हाइस्कुल (हाल शङ्करदेव क्याम्पसमा सरेको) मा भर्ना भए । तर घरायसी व्यवहारिक समस्याका कारण उनी आफ्नो अध्ययन कार्यलाई बिचैमा छोडेर पुनः गोरखा आए । त्यहाँ उनले आफूले पढेको विद्यालय आँपपीपलमा गई शिक्षकका रुपमा काम गर्न थाले । क्याम्पसका नियमित पढाइबाट प्रमाणपत्र तहको अध्ययन पूरा गर्ने धोको भने पूरा हुन सकेन तर अध्ययनशील र मिहिनेती भएकाले उनले वि.सं. २०२७ सालमा पुन : प्रमाणपत्र तह प्राइभेट परीक्षा दिए र उत्तीर्ण गरे । त्यसपछि भने उनलाई नियमित विद्यार्थी भई सरकारी क्याम्पसबाटै उच्च शिक्षा प्राप्त गर्ने अवसर मिल्यो । उनले सरस्वती क्याम्पस काठमाडौंबाट वि.सं. २०३२ सालमा स्नातक तह उत्तीर्ण गरे । त्यसपछि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तर गरे । उनले शिक्षाशास्त्र तर्फ अग्रजी र नेपालीमा बी.एड. (२०३४) सम्मको अध्ययन पूरा गरेका छन् (अधिकारी,२०५८) ।

### २.१.४ विवाह र सन्तान

सीताराम अधिकारीको विवाह हिन्दु संस्कार अनुरुप विधि पूर्वक भएको थियो । यिनको विवाह १४ वर्षको छँदा वि.सं. २०१६ सालमा लम्जुङ्ग जिल्ला, दुधपोखरी गा.वि.स. बातथलोगाउँ निवासी श्री भवानी शङ्कर न्यौपाने तथा श्रीमती पद्मादेवी न्यौपानेकी सुपुत्री मायादेवी न्यौपानेसँग भयो उनले घरायसी समस्याका कारण सानै उमेरमा बिहे गर्नुपरेको देखिन्छ । पछि आफूले काठमाडौं बस्नुपर्ने बाध्यता र घरमा पनि बुवा-आमाको रेखदेख गर्नुपर्ने परिस्थितका कारण उनले दोस्रो विवाह गरेको देखिन आउँछ । दोस्रो विवाह गर्नुपर्ने कारणका सम्बन्धमा उनको भनाइ छ -“दोस्रो विवाहको खास कारण केही छैन । म र भवानी अर्याल श्री तरुण नि.मा.वि. मा सँगै अध्यापन गर्थ्यौं । आपसी मन मिल्यो, इच्छा प्रकट भयो र मन्दिरमा कन्यादान लिएँ । यसरी उनले दोस्रो विवाह काठमाडौं बालाजु निवासी तुलसीराम अर्यालकी सुपुत्री भवानी अर्यालसँग वि.सं. २०३३ सालमा सम्पन्न भएको थियो । उनका दुई छोरा र दुई छोरी गरी जम्मा चार सन्तान रहेका छन् । जेठा छोरा

शितल अधिकारी हाल वीर अस्पतालमा कार्यरत छन् र उनी उच्च अध्ययन डि.एम. पनि गर्दैछन् । उनको विवाह शारदा भक्त मेडिकल डाक्टर छन् भने कान्छा सुरेन्द्र अधिकारी क्याम्पसमा अध्ययनरत छन् । कान्छी श्रीमती भवानी अधिकारीबाट भने उनका एक छोरा र एक छोरी गरी दुई सन्तान छन् । छोराको नाम शैलेश अधिकारी र छोरीको नाम शैलजा अधिकारी हो । यसरी अधिकारीका दुई श्रीमतीहरूबाट जम्मा ६ सन्तान जन्मिएका छन् । उनकी कान्छी श्रीमती भवानी अधिकारीले उच्च शिक्षातर्फ स्नातक तहसम्मको अध्ययन पूरा गरेकी छिन् । हाल उनी नव आदर्श माध्यमिक विद्यालय, वसन्तपुर, काठमाडौंमा शिक्षिकामा रुपमा कार्यरत हुँदै गर्दा स्वास्थ्यमा समस्या परेकाले सेवा निवृत्त भइ वसेकी छन् ( शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) ।

### २.१.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

सीताराम अधिकारीले दुई विवाह गरे तापनि उनको पारिवारीक जीवन राम्रै सँग बितेको देखिन्छ । दुई परिवारको सुखद वातावरणमा खासै नकारात्मक प्रभाव पारेको पाइँदैन उनी सुसंस्कृत परिवारका शिक्षित व्यक्ति भएका हुँदा बहुविवाह प्रथा ठीक नभएको कुरा बताउँछन् । परिस्थितिवस दोस्रो विवाह गर्न विवश भएको कुरा उनी व्यक्त गर्छन् । उनको थप भनाइ छ - "हालको कानुनी तथा सामाजिक दृष्टिले बहुविवाह नराम्रो हो भन्ने यथार्थ हामीले पनि बुझेका छौ तर आफ्ना हकमा अहिलेसम्म कुनै पश्चाताप छैन (ऐजन) ।

दुई विवाह गरे तापनि दुवैतिरका छोराछोरीहरूलाई समान व्यवहार गर्ने गरेका कारण आपसी समझदारी र सुझबुझका साथ उनको घरव्यवहार चलेको देखिन्छ । दुइवटी श्रीमतीको बसाइ र कर्मक्षेत्र भिन्दा भिन्दै परेकाले पनि उनको जीवनमा पारिवारिक कलहले स्थान पाएको छैन । दाम्पत्य जीवनका बारेमा उनी भन्छन् -"बहुविवाहको समस्या आर्थिक एवम् घरायसी परिवेशमा देखिने कुरा हो । यसबारे हाम्रो अति महत्वकाङ्क्षी सोचाइ छैन । अहिले सम्म सबै व्यवहार राम्ररी नै अगाडि बढेको छ । अब केटाकेटी प्रायः बुझ्ने भएका छन् । आ-आफ्नो काम गरेर आ-आफ्ना ठाउँमा बस्न सक्दछन् । यो प्रकृतिको नियम पनि हो" । यसै सन्दर्भमा उनकी कान्छी श्रीमती भवनी अधिकारी बहुविवाहले आफूलाई कुनै नराम्रो असर नपारेको बताउँछिन् । सीताराम अधिकारी कवि पनि भएका कारणले स्वतः भावनामा डुब्ने प्रवृत्ति पाइन्छ । उनी श्रीमतीहरूलाई समान व्यवहार गर्दछन् । यस वारेमा उनीभन्दा कान्छी श्रीमती आफूसँग काठमाडौमा रहेकाले जेठी श्रीमतीलाई पनि पक्षपात

नहोस भनेर काठमाडौको मनमैजुमा ४ आना २ पैसामा ४ कोठाको घर किनिदिएको छु ।" यसरी उनले जेठी श्रीमतीलाई पनि गोरखाबाट काठमाडौं ल्याए पछि डा. सितल र आमासँगै बसेका छन् भने गोरखाको घर व्यवहार खेतीपातीको प्रवन्ध ७२ वर्षे दिदी माया देवी दवाडीको काधमा आइपरेको छ । यस वारेका अधिकारी भन्छन् "भिनाजु भहिल्यै वित्नुभयो त्यसैले दिदीलाई घरमा नै ल्याएर राख्यौं अव दिदीलाई एक्लै छोड्न सक्ने स्थिति रहदैन कि दिदीलाई यहाँ ल्याउनु पर्छ कि मनै गोरखा गएर वस्नुपर्ने हुन्छ ।" आमा लीलादेवीको मृत्युबाट उनको हृदयमा गहिरो चोट पऱ्यो । आफ्नो हृदयको घाउलाई शान्त गर्न उनले 'आमा' शोककाव्य रचना गरेबाट पनि यस कुराको पुष्टि हुन्छ ।

अधिकारीको पारिवारिक स्थिति बाल्यकालदेखि नै सुखमय भएको देखिन्छ । निम्न मध्यमवर्गीय नेपाली परिवारमा जन्मिएका हुँदा उनी सुरुदेखि नै तडक-भडकदेखि टाढै रहेका थिए । आफ्ना पिता, परिवार र गुरुजनबाट साह्रै मायालु व्यवहार र सहयोग पाएका अधिकारीको विद्यार्थीकाल रमाइलोसँग बितेको थियो । तीक्ष्ण बृद्धि भएका कारण उनले विदेशीहरूद्धारा पढाइने 'मिसन' स्कुलमा पढ्ने र धेरै कुरा सिक्ने अवसर पाए । अध्यात्मवादी चिन्तन बोकेको ब्राह्मण परिवार भएकाले उनका घरमा नित्य पूजापाठ हुने गर्थ्यो । उनका पिता धर्म निष्ठ व्यक्ति थिए । माता लीलादेवी अधिकारी ईश्वरभक्त थिइन् । आमाबाबाको प्रेरणाले आफूलाई धार्मिक कार्यमा विश्वास बढेको धारणा उनको छ । उनी आध्यात्मिक चिन्तनबिनाको जीवन मरुभूमितुल्य ठान्दछन् ।

अधिकारी आफ्ना माता-पिताका एकमात्र छोरा हुन् । यसो भएका कारण उनी मात्र पैतृक सम्पत्तिका हकदार छन् । सम्पत्तिका लागि हुने दाजु-भाइबीचको खिचातानीबाट मुक्त भएकाले उनको पारिवारिक वातावरण तनावरहित तथा शान्त रहेको छ । गोरखाका अतिरिक्त राजधानीमा पनि उनको दुइटा निजी निवास छ (शोधनायकसँगको प्रत्यक्ष जानकारीबाट प्राप्त ) ।

### २.१.६ बसोबास

यसरी सीताराम अधिकारीका पुर्खाहरूको बसोबास पुस्तौंदेखि गोरखा जिल्लामा हुँदै आएको छ । उनका बुवा चक्रपाणि अधिकारीको बसोबास गोरखा जिल्लाको हंसपुर गा.वि.स. को हंसपुर गाउँमा भएकाले उनको जन्म त्यही ठाउँमा भएको थियो । उनको

बाल्यकाल पनि मातापिताका साथ त्यही ठाउँमा बितेको थियो । उनी १६ वर्षको उमेरसम्म प्राथमिक तहसम्मको अध्ययनका क्रममा यही गाउँमा बसे । त्यसपछि कक्षा ६ देखि कक्षा ८ सम्मको पढाइका क्रममा उनी नि.मा.वि. आँपपीपलको छात्राबासमा रहे । वि.सं. २०२४ सालमा एस.एल.सी. दिन काठमाडौं आउनु परेकाले केही समय काठमाडौं स्थित चर्चमा बिताए । त्यसपछि गाउँकै आफूले पढेको विद्यालयमा पढाएर बसे त्यसपछि आँपपीपलको अमरज्योति  जनता मा.वि. मा केही वर्ष अङ्ग्रेजी पढाए । तर मिसन नामक संस्थाले उनलाई पुनः गाउँकै विद्यालयमा पठायो । उनले त्यहाँ ५ महिना भन्दा बढी काम गर्न पाएनन् । पञ्चायतविरोधी राजनीतिमा संलग्न भएकाले २०२८ श्रावणमा राजकाजसम्बन्धी अपराधको लाञ्छना लगाई उनलाई त्यहाँबाट निष्काशन गरियो । त्यसपछि उनी काठमाडौं आई 'नवजीवन' बोर्डिङ्ग स्कुल चेतभवनमा अध्यापन गरी बसे । प्रमाणपत्र तहको अध्ययनका सिलसिलामा उनलाई गोरखा र काठमाडौं दुवै ठाउँमा बसोबास गर्नुपरेको  थियो । स्नातक र स्नातकोत्तर तह सम्मको अध्ययन पनि उनले काठमाडौंमै बसी पूरा   गरे । वि.सं. २०३३/३४ सालतिर रा.वि.से. जानुपर्ने भएकाले उनी २६ जनाको समूह लिएर नवलपरासी गई बसे । त्यही कार्यको सिलसिलामा उनले केही समय फर्पिङमा बिताउनु परेको थियो ।

वि.सं. २०२८ सालदेखि अधिकारीको नियमित बसोबास काठमाडौंमा रहँदै आएको छ । हाल उनी काठमाडौंको अनामनगरमा निर्मित आफ्नै घरमा परिवार सहित बसोबास गर्दै आएका छन् । आफ्नो निजी निवास बनाउनुपूर्व उनी काठमाडौंका विभिन्न ठाउँमा भाडामा बस्दै आएका थिए । भाडामा वस्दा सुरुमा ५६ रुपैंया देखि २४० रुपैंयासम्म तिरेको अनुभव उनकी कान्छी श्रीमती बताउछिन् (शोधनायकको कान्छी श्रीमतीबाट प्राप्त जानकारी ) ।

### २.१.७ आर्थिक अवस्था

सीताराम अधिकारकिो जन्म निम्न मध्यमवर्गीय किसान परिवारमा भए तापनि उनले खासै आर्थिक अभावको अनुभव गर्नुपरेन । उनी बाबु-आमाका एक्लो पुत्र भएकाले विशोष स्नेहमय वातावरणमा हुर्किएका थिए भने अर्कातिर अन्तर्राष्ट्रिय संस्था मिसनद्धारा सञ्चासिलत विद्यालयमा पढ्ने अवसर पाएका थिए । यसले गर्दा उनले माध्यमिक तहको शिक्षा प्राप्त गरुन्जेल कुनै किसिमको आर्थिक बोझ खाप्नु-परेन । उनमा सामाजिक उत्तरदायित्वको बोध विद्यालय स्तरदेखि नै थियो । फलस्वरुप धन आर्जनमा विशेष महत्वकांक्षा नभई दीनदु:खीको बेदना बुझ्न सक्ने चेतना आर्जन गर्ने तर्फ उनी आकर्षित

भए । त्यसैले मानिसले सत्कर्म गर्नुपर्छ र आफ्नो खुट्टामा आफैं उभिन सक्नुपर्छ भन्ने कुरा उनको जीवनमा चरितार्थ भएको देखिन्छ ।

वि.सं. २०२४ सालमा एस.एल.सी. पास भएपछि उनी गाउँको विद्यालयमा शिक्षक भएर काम गर्न थाल्छन् । पछि उनको जागिरे जीवन आरम्भ हुन्छ, अर्थात् उनी सामान्यतः अर्थोपार्जनको सुरुआत पर्छन् । उनलाई उच्च शिक्षासम्मको अध्यनय पूरा गर्न आर्थिक कठिनाइ पर्न सक्थ्यो, तर उनी स्वावलम्बी भएकाले आफ्नै मिहिनेतबाट कमाएको पैसाले उच्च शिक्षासम्मको अध्ययन पूरा गरिछाडे । उनी वि.सं. २०२८ सालमा मिसनको अनुरोधमा गाउँकै विद्यालयमा शिक्षक भएर पढाउन थाले पनि पछि पञ्चायत विरोधी भनेर उनीमाथि राजकाज सम्बन्धी अपराधको लाञ्छना लगाउने र मिसनको सहयोगमा सञ्चालित उनी कार्यरत विद्यालय समेत खारेज गर्ने काम गरियो । त्यसपछि पुनः काठमाडौं फर्किएका अधिकारीले 'नवजीवन' बोडिङ्ग स्कलुका साथै आफ्नो खर्च धान्न विभिन्न विद्यालयहरूमा शिक्षकको रुपमा काम गर्नु परेको थियो । स्नातकोत्तर तह सम्मको पढाइ पुरा गरिसकेपछि भने उनले क्याम्पसमा समेत पढाउन सुरु गरे । यसले गर्दा उनको आर्थिक स्थिति मजबुत हुँदै गयो । दैनिक करिब बाह्र घण्टा पेशागत काममा बिताउने उनको आर्थिक अवस्थालाई सुदृढ पार्न उनकी कान्छी श्रीमती शिक्षिका भवानी अधिकारीको कमाइले समेत ठूलो टेवा दिएको छ । आफ्नै कमाइ र परिश्रमबाट माथि उठेका अधिकारी आर्थिक दृष्टिले सवल नै देखिन्छन् । वस्तुतः उनी उदारहृदयी र सन्तोषी छन् ।

विद्यार्थी जीवन र जागिरे जीवनका क्रममा करिब २७ वर्ष डेरामा गुजारा गरेका अधिकारी अहिले आफ्नै श्रमद्धारा निर्मित भवनमा परिवारका साथ रमाइलो जीवन बिताइरहेका छन् । परिश्रमको फल मिठो हुन्छ भन्ने उदाहरण उक्त भवनमा बितिरहेको अधिकारी दम्पत्तिको सुखद जीवनले देखाएको छ । पौने पाँच आना जग्गामा निर्माण भएको उक्त घर अधिकारीको कान्छी श्रीमतीको नाममा रहेको छ । परिवारले दिएको जानकारी अनुसार श्रीमान् श्रीमतीको कमाई, घरको सम्पत्ति र काठमाडौं फाइनान्स कम्पनीबाट लिएका रु १ लाख ऋण समेत ग री उक्त घरको लागत खर्च करिब १० लाख रुपियाँ देखिन आउँछ । अधिकारी प्रति रोपनी ६४ हजारका भाउले किनिएको उक्त जग्गा अहिले आनाको करिब वीस लाख पर्ने कुरा बताउँछन् । काठमाडौंकै सामाखुसीमा उनको नाममा ५ आना १ पैसा जग्गा रहेको छ । मनमनैजुमा ४ आना २ पैसामा वनेको घर छ साथै मातातिर्थमा

१४ आना जग्गा छ । त्यस्तै चितवनको भरतपुर नगरपालिका अर्न्तगत गोन्द्राङ्मा १ कट्ठा साढे ३ धुर जग्गा रहेको छ भने भरतपुर नगरपालिकाकै लक्ष्मीपुरमा दश कट्ठा घडेरी जग्गा उनको नाममा रहेको छ । आफू जन्मिएको गाउँ गोरखामा उनको नाम मा ९ रोपनी र जेठी श्रीमती माया अधिकारी तथा दिदी मायादेवी दवाडीका नाममा रहेको करिब ५० रोपनी गरी ५९ रोपनी जग्गा उनको अचल सम्पत्तिका रुपमा देखिन्छ । धार्मिक विचारमा विश्वास राख्ने व्यक्ति उनले इश्वरीय प्रेम र मानवीय प्रेमलाई अतुलनीय सम्पत्ति मानेका छन् ।

### २.१.८ कार्यक्षेत्र

सीताराम अधिकारी प्राज्ञिक व्यक्तित्व हुन् । उनको मुख्य कार्यक्षेत्र उच्च शिक्षाको प्राध्यापनर्ा नै हो । उनी नपाल ल क्याम्पस लगायत विभिन्न शिक्षणा संस्थामा संलग्न हुदै हाल सेवा निवृत छन् । वि.सं. २०२४ मा एस.एल.सी. परीक्षा उत्तिर्ण गरेपछि उनले आफूले पढेकै विद्यालय ज्ञान ज्योति नि.मा.वि. मा अध्यापन गर्ने अवसर पाए । त्यहाँ उनले वि.सं. २०२४ देखि २०२६ सम्म लगभग २ वर्ष अध्यापन गरे । त्यहीँबाट उनले शैक्षिक सेवाको थालनी गरेका हुन् । त्यसपछि उनी वि.सं. २०२६ साल माघदेखि वि.सं. २०२७ पुससम्म अमरज्योति जनता माध्यमिक विद्यालयमा सोहि पेशामा संलग्न रहे । उनले २०२७ माघदेखि पुनः ज्ञानज्योति नि.मा.वि. मा शिक्षक पदमा रही काम  गरे । उनी २०२८ सालमा राजकाज अपराध लगाई विद्यालयबाट निकालिए पछि काठमाडौं आई ‘नव जीवन बोर्डिङ्ग’ स्कुलनमा अध्यापनरत रहे । उनी वि.सं. २०२९ फागुन महिनादेखि उक्त आवासीय विद्यालयको प्रमुख भए । २०२९ देखि वि.सं. २०३० सम्म ‘जी.वि.एस’ मा जर्मनहरूलाई नेपाली भाषा पढाएर बसे । वि.सं. २०३० देखि २०३२ सम्म ‘धर्मस्थली मा.वि.’ मा अध्यापन गरे । त्यस्तै उनले वि.सं. २०३२ फागुदेखि २०३४ सालमा ‘तरुण नि.मा.वि.’ बालाजुमा प्रधानाध्यापक भई प्रशासनिक अनुभव बटुलेका थिए । विद्यालयस्तरको अध्यापन कार्यमा लामो अनुभव हासिल गरेका अधिकारी २०३७ साल चैत्र २९ गतेदेखि ‘नेपाल  ल क्याम्पस’ मा अङ्ग्रेजी विषय प्रांध्यापन गर्दै आएका उनी ल क्याम्पसबाट आर.आर क्याम्पसमा र आर.आर. क्याम्पसबाट भक्तपुर क्याम्पसमा गई अध्ययापन गरेको अनुभव उनीसँग छ । यसरी अध्यापन गराउने क्रममा आर आर क्याम्पसबाट नै २०६७ सालमा सेवा निवृत्त भएको कुरा उनी वताउँछन् (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) ।

उनको शैक्षिक क्षेत्रपछि को अर्को कार्यक्षेत्र सामाजिक र राजनीतिक रहेको देखिन्छ । उनी विद्यार्थी अवस्थादेखि नै पञ्चायत विरोधी गतिविधिमा संलग्न रहेका थिए । बुद्धिजीवी भएका नाताले उनी अहिले पनि राजनीतिमा त्यत्तिकै चासो दिन्छन् । हाल उनी कानुनी अंग्रेजी करार सेवा अन्तर्गत नेपाल ल क्याम्पसमा छन् । त्यस्तै बानेश्वर पव्लिक क्याम्पसमा २०४७ साल देखि निरन्तर प्राध्यापन गरिरहेका छन् ।

उनी वि.सं. २०२७ सालमा नेपाली काङ्ग्रेसको राजनीतिक उद्देश्यलाई अगाडि बढाउन भातृसंस्थाका रुपमा ने.वि. संघको स्थापना गरे पछि गोरखा जिल्लाको 'ने.वि. संघ' का संस्थापक सचिव भएका थिए । साथै उनले उक्त जिल्लामा 'तरुण दल'को नेतृत्वदायी भूमिका पनि सफल रुपमा निर्वाह गरेका थिए । त्यसपछि उनले काठमाडौंमा रहँदा 'गण्डकी छात्र समिति' तथा 'नेपाल प्राध्यापक संघ, क्याम्पस एकाइ' का विभिन्न पदमा रही सक्रियाताका साथ काम गरे । उनले 'गोरखा काठमाडौं प्रजातान्त्रिक समाज'को संस्थापक अध्यक्ष रही ४ वर्षसम्म काम गरे । हाल उनी साहित्यकि संस्था 'गोरखा साहित्य प्रतिष्ठान' का सल्लाहकार पनि छन् । उनले 'रेडियो नेपाल' को 'रेडियो प्रसार सेवा समिति' को सञ्चालक सदस्य समेत भई काम गरिसकेका छन् ।

प्राज्ञिक क्षेत्रमा कार्यरत भएका हुनाले अधिकारीलाई साहित्यसाधनामा समेत विशेष सहयोग प्राप्त भएको छ । यस पेशाबाट उनलाई जीवनका बहुविध क्षेत्रमा सहयोग पुगेको कुरा उनी स्वयम स्वीकार  गर्दछन् । यस सम्बन्धमा उनको भनाइ छ -"साहित्य त मेरो साथी भएको छ । मेरो एकान्त अरुको भन्दा बेग्लै हुन्छ । मेरो एकान्तमा साहित्यिक सामग्री रोचक भएर मलाई खुसी बनाउँछन् । अनि म तिनैसँग आनन्दले भुल्दछु " (शोधनायकबाट प्राप्त जानकारीबाट)

### २.१.९ भ्रमण

सीताराम अधिकारी कुशल प्राध्यापक तथा अनवरत सिर्जनामा प्रवृत्त साहित्य साधक हुन् । नेपालका प्राध्यापकहरूको एक ठाउँको जागिरले गुजारा गर्न सक्ने अवस्था छैन । यस समस्याबाट थुप्रै प्राध्यापकहरू झैं उनी पनि जेलिएका छन् । नेपालका अधिकांश प्राध्यापकहरूले विदेश भ्रमणको अवसर नपाए जस्तै उनले पनि विदेश भ्रमणको अवसर पाएका छैनन् । उनी नेपालको सीमावर्ती इलाका, भारतको गोरखपुर, रक्सौल आदि बाहेक

टाढा जाने सौभाग्य नपाएको कुरा व्यक्त गर्छन् । यति भएर पनि देशका महत्वपूर्ण स्थानहरूको भ्रमण गर्न भने अधिकारी चुकेका छैनन् । उनले धेरैजसो महत्वपूर्ण स्थानहरूको भ्रमण गरिसकेका छन् ।

### २.१.१० रुचि तथा स्वभाव

सीताराम अधिकारी सानै उमेरदेखि अध्ययनशील र परिश्रमी स्वभावका थिए । उनी ग्राम्य समाजमा रमाउने भावुक प्रकृतिका व्यक्ति हुन् आफ्नो कर्म क्षेत्र प्राध्यापन भए तापनि उनले साहित्यिक सिर्जनातर्फ पनि महत्वपूर्ण योगदान गरेका छन् । सानै उमेरदेखि कविता सिर्जना गर्दै आएका अधिकारी हालसम्म पनि कविता लेखनमा बढी व्यस्त छन् । दिनमा प्राध्यापन कार्यमा प्रवृत्त भए पनि उनले रातको शान्त र शुन्य वातवरणमा नित्य १-२ घण्टाको समय साहित्य साधनका लागि दिने गरेका छन् । सार्वजनिक बिदाका दिनहरूमा एकान्तमै चिन्तन-मनन गर्न रुचाउने अधिकारी अन्य फुर्सदको समय प्रायः कविता लेखेर बिताउने गर्छन् । ग्रामीण परिवेश र राजनीतिक तथा सामाजिक घटनाजन्य हर्ष, वेदना, सुख-दुःख एवम् उतारचढाव आदिलाई उनले आफ्ना कविताका माध्यमबाट अभिव्यक्त गरेका छन बाल्यकादेखिकै उनको रुचिको विषय हो साहित्य । प्राध्यापन पेशाबाट आफूले सन्तोषजनक प्रगति गरे तापनि कालान्तरमा साहित्य साधनालाई प्रमुखता दिने र साहित्यलाई नै उच्च बनाउने उनको उद्देश्य रहेको छ (अधिकारी,२०५८) ।

अहिले पनि उनी, भलिबल, टेबुलटेनिस र ब्याडमिण्टन जस्ता खेलमा अधिक रुचि राख्दछन् । उनी दीनहीन, रोगी, बृद्ध र बालकप्रति अति करुणा र सेवाको भावना राख्दछन् । जोसुकै बुढाबुढीलाई पनि आफ्ना मातापिता सरह सम्मान गर्नु उनको स्वभाव हो । यसो हुँदा उनी सबैको लागि सरल तथा प्रिय पात्रका रुपमा चिनिन्छन् । अधिकारीमा आध्यात्मिक चिन्तनको निकै प्रभाव परेको देखिन्छ । हुन त उनमा भौतिकवादी दर्शनको प्रभाव पनि न्यून छैन । तथापि उनी भौतिक शरीरलाई केवल पिँजडाको संज्ञा दिन्छन् । उनमा मानवतावादी दर्शनको पनि उत्तिकै प्रभाव परेको छ । यसो हुँदा उन समतामूलक समाजको निर्माणबाट मात्र मानव कल्याण सम्भव छ भन्ने मान्यताका कट्टर पक्षपाती छन् । उनी हिन्दुधर्मी भएकाले धर्मकर्ममा बढी विश्वास गर्दछन् । हिन्दु धर्मलाई अङ्गीकार गरे पनि उनी अन्य धर्मलाई समेत उत्तिकै इज्जत गर्छन । बाइबल र गीता दुई पृथक धर्मग्रन्थहरूको राम्रो

अध्ययन र तिनबाट गम्भीर प्रभावसमेत ग्रहण गरेका हुनाले उनी धर्मलाई पनि समान महत्व दिन्छन् ।

अधिकारीको रुचिको विषय साहित्य, सङ्गीतर खेलकुद पनि हो । अङ्ग्रेजी, संस्कृत र नेपाली भाषामा विशेष जानकारी हासिल गरेकाले उनी पूर्वीय र पाश्चात्य दुवैतिरको साहित्यकारबाट विशेष प्रभावित छन् । वार्णिक छन्दमा विशेष रुचि राख्ने कवि भए पनि उनले गद्यमा पनि आफ्नो रुचि दर्साएका छन् । उनले काव्य जगतमा मात्र नभई औपन्यासिक जगतमा पनि हात चलाई आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् ।

अधिकारीको रुचिको स्वभाव यथार्थमै रसिक कविको जस्तो छ । उनमा छलछाम गर्ने प्रवृत्ति पाइँदैन । उनको व्यवहार र स्वभाव अन्यन्त भद्र र परिपक्व छ । उनी विशेष गरी सात्विक भोजन र सात्विक पहिरनमा जोड दिन्छन् (अधिकारी,२०५८) ।

### २.१.११ लेखनका लागि प्रेरणा र प्रभाव

सीताराम अधिकारीको परिवार धर्मप्रति आस्थावान् भएका कारण घरमा प्रायः धार्मिक प्रवचन, कीर्तन र भजनहरू हुने गर्दथे । तिनै भजनकीर्तन, गीत र प्रवचनहरूबाट प्रभावित हुँदै उनले कविता यात्रा सुरु गरेका थिए । उनका घरमा नियमित हुने ग रेका पूजा, आराधाना, भजनकीर्तन नै उनमा साहित्यप्रतिको अनुराग जगाउने मूल उत्प्रेरक थिए । त्यस्तै अधिकारी गाउँको प्राकृतिक स्वच्छ वातावरणमा जन्मिएर हुर्किएका हुनाले त्यहाँको प्रकृतिको गहिरो छाप सानै उमेरदेखि उनको भावुक हृदयमा परेको बुझिन्छ । स्वच्छ प्रकृतिले पनि कोमल हृदय भएका अधिकारीलाई लेखनका निम्ति विशेष प्रेरणा मिलेको छ ।

अधिकारीले प्राथमिक तहमा पढ्दादेखि नै कविता कोर्न सुरु गरेका हुन् । आफ्ना हजुरबुवा र पिताजी तथा स्कुलका गुरुहरू दुर्गा घिमिरे र रमाप्रसाद अधिकारीबाट आफूलाई कविता लेखनका लागि विशेष प्रेरणा मिलेका कुरा अधिकारी बताउँछन् । सुरुका दिनमा ३-४ पक्तिमा कविता लेखेर गुरुलाई देखाउँदा गुरुले प्रशंसासहित धन्यवाद दिएको र कविता लेख्नका लागि आवश्यक छन्द र मात्राबारे पनि ज्ञान दिएकाले त्यसै समयदेखि अझ उत्साही भएर उनले कविता लेखन सुरु गरे । वि.सं. २०२० सालदेखि उनले कविता लेखन प्रारम्भ गरेका थिए । उनी छन्दमा लेखिएका कविता विशेष मन पराउँथे । उनले कविता लेखनको औपचारिक थालनी छन्दबाट नै गरेका थिए । आदिकवि भानुभक्त आचार्य, महाकवि

लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालका कविताहरूको अध्ययनबाट उनलाई कविता लेखनका लागि थप प्रेरणा र हौसला प्राप्त भएको थियो । खासगरी कवि शिरोमणि लेखनाथ पौड्याल र कवि माधव घिमिरेबाट उनलाई छन्दमा कविता लेख्ने प्रेरणा प्राप्त भएको र महाकवि देवकोटाबाट उनले स्वछन्दतावादी प्रवृत्ति ग्रहण गरेको कुरा उनका कविताको अध्ययनबाट थाहा पाइन्छ । काव्य जगत्मा पाएको सफलता पछि औपन्यासिक यात्रा सुरु गरेको देखिन्छ (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी) ।

विदेशी साहित्यकारका कृतिहरूको अध्ययनबाट अधिकारीलाई कवितालेखनमा थप प्रभाव पारेको पाइन्छ । विदेशी साहित्यकारहरू शेक्सपियर, टि.एस. इलियट, शेली र कलरिजका कृतिहरूका अध्ययन गरेर साहित्य रचना गरेका छन् (अधिकारी,२०५८) ।

सीताराम अधिकारीको साहित्यिक लेखन तर्फको मूल विधा कविता हो । उनले लेखनका प्रारम्भ पनि कविता बिधाबाटै गरेका हुन् । उनले जीवनमा भोग्नुपरेका सुख-दुःख, संयोग-वियोग, हाँसो-आँसु जस्ता विभिन्न घटनाहरूले पनि उनको साहित्यिक सिर्जनामा गहिरो प्रभाव पारेका छन् । आफ्ना जीवनका भोगाइहरूलाई उनले कवितामा उतारेका छन् भने उनको एक मात्र प्रकाशित उपन्यास उज्यालोको खोजी (२०६८) मा उनले सामाजिक कुरीति र विसंगतिलाई प्रष्ट रुपमा देखाएका छन् र आदर्श समाजको परिकल्पना समेत गरेका छन् ।

### २.१.१२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

सीताराम अधिकारी मूलतः कवि हुन् । उनको साहित्यिक यात्रा कविताबाट सुरु भएको हो । जुन हालसम्म पनि निरन्तर चलिरहेको छ । आफ्नो घरायसी वातावरणमा मातापिता, बाजे र गुरुबाट प्रेरणा पाएर कविता लेखनतिर प्रेरित भएका अधिकारीले प्राथमिक तहमा अध्ययनरत हुँदादेखि नै कविता लेखेको जानकारी प्राप्त भएबाट उनको कविता लेखनको प्रथम प्रयास त्यहीँबाट भएको मान्नुपर्छ । त्यतिबेलो लेखेको कविताको प्रशंसा गुरुबाट प्रापत भएपछि उनमा थप हौसला बढेर आउँछ । त्यतिबेला उनको 'प्रकृति', 'हिमाल', 'मेरो देश', 'विद्या' आदि शीर्षकमा कविता लेखेका थिए । हाल ती कविताहरू अप्राप्य छन् । मा.वि. तहसम्मको अध्ययन गर्ने क्रममा उनले नेपाली भाषामा धेरै कविताहरू लेखिसकेका थिए र उनी विभिन्न समयमा पुरस्कृत समेत भएका थिए (अधिकारी,२०५८) ।

सीताराम अधिकारीको प्रथम प्रकाशित कविता 'रवि' शीर्षकको कविता हो । यो कविता वि.सं. २०२५ सालमा बनारसबाट प्रकाशित भएको थियो । उनका अन्य फुटकर कविताहरू 'नयाँ युगका कविता' नामक सामूहिक प्रकाशन मालामा प्रकाशित छन् । त्यसपछि उनका फुटकर कविताहरू (त्रिभूवन पति कवितामा आपपिपलबाट प्रकाशित भयो । साथै अरु कविताहरू) 'प्याउली' 'गोरखा वाङ्मय', 'रजहाँस' जस्ता पत्रिकामा पनि प्रकाशित भएका छन् । विद्यार्थी कालमा उनले दर्जनौं कविताहरू लेखेका भए तापनि अधिकांश कविताहरू हराइ सकेकाले प्रकाशनमा आउन नसकेको जानकारी दिएका छन् । उनी साधनामा बढी अभिरुचि लिने भए तापनि प्राध्यपन पेसाको व्यस्तताले साहित्यिक जीवनलाई ओझेलमा पारेको कुरा बताउँछन् (शोधनायकसँगकोप्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी) ।

उनको पहिलो प्रकाशित कृति 'कोयली ' लघुकाव्य हो । जुन वि.सं. २०३३ सालमा प्रकाशित भएको थियो । यस कृतिका प्रकाशक भूपति ढकाल 'कमल' हुन् । दोस्रो कृतिका रुपमा "आमा" शोककाव्य वि.सं. २०३७ साल आषाढमा प्रकाशित भएको थियो । यस कृतिका प्रकाशक लेखक स्वयम् रहेका छन् । उनको तेस्रो प्रकाशित कृति 'मेरो लेक' कविता सङ्ग्रह २०५६ सालमा प्रकाशित भयो । यसको प्रकाशिका लेखककी दिदी मायादेवी दवाडी रहेकी छिन् । उनको चौथो प्रकाशित साहित्येतर कृति "अङ्ग्रेजी नेपाली शब्दकोश" २०५६ सालमा प्रकाशित भयो । उनको 'यात्रा रोकिन्न' कविता सङ्ग्रह र देवघाट खण्डकाव्य २०६५ सालमा प्रकाशन आएको जानकारी पाइन्छ । त्यसैगरी फुल, मान्छे, म र नेपाल लघु काव्य (२०६५) सालमा नै प्रकाशित भएको देखिन्छ । उनको एकमात्र उपन्यास उज्यालोको खोजी २०६८ सालमा प्रकाशित कृति हो । यो नै उनको हाल प्रकाशित नयाँ कृति हो यसले उनलाई कवि मात्र नभई उपन्यासकारको रुपमा परिचय गराइ आफूाई बहुआयमिक व्यक्तित्वको रुपमा चिनाएका छन् ।

अधिकारीको साहित्यिक यात्राको आरम्भ तीन-चार दशकअगाडिबाट भए तापनि उनले आफ्ना केही कृतिहरूको प्रकाशन मात्र गर्न सकेका छन् । अझै उनका कतिपय कृतिहरू अप्रकाशित नै छन् (शोधनायकसँगको प्रत्यक्ष कुराकानीमा आधारित) ।

### २.१.१३ पदक, सम्मान तथा पुरस्कार

सानै उमेरदेखि निरन्तर साहित्य साधनमा लागि रहेका सीताराम अधिकारीले धेरै उत्कृष्ट कविता काव्य कृतिहरूको रचना र प्रकाशनका माध्यमबाट नेपाली साहित्यको कविता फाँटमा कदरयोग्य योगदान पुऱ्याएका छन्  तापनि उनको साहित्यिक व्यक्तित्व पेसागत व्यस्तताका कारण ओभेलमा पर्न गएकाले उनको सिङ्गो व्यक्तित्व साहित्यको आलोकमा रुपान्तरिक हुन सकेको छैन । अधिकारीलाई हाल सम्म राष्ट्रिय स्तरको पदक तथा पुरस्कार प्राप्त गर्ने अवसर भने प्राप्त भएको छैन । यसो भए तापनि जिल्ला, विद्यालय तथा क्याम्पस स्तरीय प्रतियोगिताहरूमा उनी पटक-पटक पुरस्कृत भएका छन् । वि.सं.२०२१ सालमा कक्षा ७ मा अध्ययन  गर्दा उनी कविता महोत्सवको औपचारिक कार्यक्रममा भाग लिई पहिलोपटक पुरस्कृत भएका थिए । विद्यालय तहमा अध्ययन गर्दा खेलकुद तर्फ विशेष पुरस्कार उनलाई प्राप्त भएको थियो । उनलाई त्रि.वि.ले दीर्घ सेवा सम्मान प्रदान गरको छ । काठमाडौं स्कुल अफ ल ले उत्कृष्ट प्राध्यापन गरेवापत सम्मान प्रदान गरेको छ (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारी) ।

### २.२ सीताराम अधिकारीको व्यक्तित्व

व्यक्तित्व भनेको जैविक रचना, मूलप्रवृत्ति र आर्जित गुणहरूको समन्वित रुप हो । यसको निर्माणमा वंश परम्परा र वातावरणको भूमिका हुन्छ । तसर्थ वंश परम्परा र वातावरण व्यक्तित्वका मूल घटक हुन् । वंशपरम्पराबाट निर्मित मानसिकताबाट व्यक्तिचेत बन्छ र वातावरणको क्रिया-प्रतिक्रियबाट त्यसको विकास हुन् । यसरी वंशपरम्परा र वातावरणद्धारा मनुष्यको व्यक्तित्वको निर्धारण हुने भएकाले सीताराम अधिकारीको व्यक्तित्व निर्माणमा पनि यी दुवै तत्वहरूको प्रभाव रहेको पाइन्छ । वंशानुगत गुणको संस्कार आफूमा पनि रहेको कुरा उनी स्वयम् बताउँछन् । उनका पिता तथा पितामह दुवै अत्यन्त धार्मिक प्रवृतिका तीव्र मानवीय संवेदना भएका र अनुशासित भएकाले त्यस किसिमको संस्कार अहिले अधिकारीमा पनि विकसित भएको छ । उनकी आमा अपठित तर आफ्ना सन्तान सन्ततिलाई पढाउनुपर्छ भन्ने धारणाकी पक्षपाती भएबाट उनमा देखिएको सुसंस्कार माइतीबाट परम्पारगत रुपमा आएको स्पष्ट हुन्छ । अधिकारीले मिसनको सहयोगमा सञ्चालित स्कुलमा पढ्ने अवसर पाएका हुनाले त्यसको अनुशासित वातावरण र सेवामुखी दृष्टिकोणको छाप उनको व्यक्तित्वमा समेत परेको देखिन्छ । उनमा मानवतावादी दृष्टिकोण

विकसित हुनमा पनि मिसनको परिवेश कारकमा रुपमा रहेको छ (शोधनायकबाट प्राप्त जानकारीबाट) ।

व्यक्तित्वका दुई पाटा हुन्छन् आन्तरिक र बाह्य । आन्तरिक व्यक्तित्व व्यक्तिको भित्री गुणसँग सम्बन्धित हुन्छ भने बाह्य व्यक्तित्व शारीरिक पक्षसँग सम्बन्धि हुन्छ । यस परिच्छेदमा अधिकारीको आन्तरिक र बाह्य दुवै व्यक्तित्वलाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

### २.२.१ आन्तरिक व्यक्तित्व

मान्छेको बाहिरी रुप जतिसुकै सुन्दर भए पनि उसमा आन्तरिक सौन्दर्य भएन भने त्यो अपूर्ण हुन्छ । आन्तरिक सौन्दर्य भन्नु नै उसमा अन्तर्निहित गुण विशेष हो । जसलाई आन्तरिक व्यक्तित्व भन्न सकिन्छ । मान्छेलाई बाह्य रुपमा जे जस्तो देख्न सकिन्छ । त्यसभन्दा धेरै विशेषता उसभित्र रहेका हुन्छन् । उसका विचार, भावना र अनुभूतिबाट आन्तरिक व्यक्तित्वको पहिचान गर्न सकिन्छ । सरल, शान्त, मृदुभाषी र निष्कपट प्रकृतिका अधिकारीको व्यक्तित्व निकै आकर्षक छ । उनमा करुणा, दया, माया र ज्ञानविवेकका साथै मानवतावादी चिन्तन अत्यधिक पाइन्छ । आफूसँग परिचित जो सुकै व्यक्तिसँग पनि नरम बोलीबचन र आत्मीयतापूर्ण व्यवहार गर्ने उनको बानी छ । उनी अपरिचित व्यक्तिहरूलाई पनि उचित सम्मान नम्रतापूर्ण व्यवहार गर्दछन् भने घरमा आफूलाई भेट्न आउने व्यक्तिहरूलाई पनि उनी यथाशक्य भोकोपेट अर्थात् खालीमुख फर्काउँदैनन् । उनी बालकलाई माया, रोगीलाई सहयोग, दया र सहानुभूति व्यक्त गर्दछन् र बूढाबुढीलाई निकै सम्मान गर्दछन् । मान्छेप्रति मात्र नभएर हरेक पाणी प्रति गहिरो स्नेह प्कट गर्ने अधिकारी अशक्तहरूप्रति सक्नेहरूले जहाँ र जहिले पनि यथासक्य सेवा पुऱ्याउनुपर्छ भन्ने धारणा राख्दछन् । उनमा मानवतावादी चिन्तन मात्र नभएर ‘आत्मवत सर्वभूतेष” को सिद्धान्त अनुरुप सम्पूर्ण प्राणीहरूलाई आफूसरह हेर्ने उदात्त दृष्टिकोण विकास भएको छ । कसैलाई पनि शत्रुवत् व्यवहार नगर्ने भएकाले उनी परिचित सबैका प्रिय पात्र बनेका छन् । व्यक्तिप्रेम, मानवप्रेम, समाजप्रेम र राष्ट्रप्रेमलाई उनका कविताहरूले राम्रो अभिव्यक्ति दिएका छन् (अधिकारी,२०५८) ।

उनी मान्छेलाई सृष्टिको केन्द्रविन्दु ठान्दछन् । सभ्यताको विकासका  नाममा गरिने पश्चिमी परिवर्तनले मानवीय सोचमा विचलन ल्याउन खोजेको छ भन्ने उनको मान्यता छ । बुद्धको मानवतावादी दृष्टिकोण, अहिंसावादी धारणा र जिसस क्राइस्टको त्यागपूर्ण समपर्णले आफूलाई मानवतावादी बन्न प्रेरित गरेको कुरा उनी बताउँछन् ।

उनमा ईश्वरप्रति अगाध आस्था र श्रद्धा छ । सम्पूर्ण सृष्टिको केन्द्रीय सत्ता ईश्वरको नियन्त्रणमा छ भन्ने विश्वास उनमा रहेको छ । उनी भन्दछन् -"ईश्वर केन्द्रविन्दु हो । ईश्वरबिना म बाँच्न सक्दिनँ । यद्यपि म ईश्वरको सत्ताका बारेमा प्रमाण दिन सक्दिनँ, अनुभवमा ईश्वरलाई पाउँछु ।" भगवान्मा अतिशय विश्वास भएकाले उनी भाग्यमा पनि विश्वास गर्दछन् । कर्ममा उनको अझ बढी विश्वास छ । आफू कर्मवादी भएकाले उनी काममा व्यस्त रहिरहन मन पराउँछन् । मनुष्यले भाग्यको निर्माण गर्न कर्म गर्नुपर्छ भन्ने उनको धारणा छ । यसर्थ उनी भाग्य र कर्म दुवैमा विश्वास गर्ने भाग्यवादी-कर्मवादी व्यक्तित्व हुन्  (अधिकारी,२०५८) ।

अनुशासन अधिकारी परिवारको वंशानुगत संस्कार भएकाले त्यसको गहिरो प्रभाव उनमा पनि परेको छ । अनुशासन मानवीय व्यक्तित्वका लागि आवश्यक गहना हो । जुन गहनालाई उनले सबैभन्दा बढी मूल्यवान् ठानेका छन् । उनको  विचारमा अनुशासनबिना व्यक्ति वा परिवार इन्द्रियहरूको बन्धनमा फँस्दछन् । उनी  पारिवारिक लोभलालचबाट मुक्त भएर अनुशासित जीवन बिताउन इच्छुक छन् । आफूले पिता, हजुरबुवा र मिसनको अनुशासनबाट पाठ सिकेकाले त्यसलाई आफ्नो परिवार र समाजमा रुपान्तरण गर्न चाहेको कुरा उनी बताउँछन् । उनको सादा जिवन र उच्च विचारलाई हेर्दा जोसुकैलाई पनि अनुशासनको पाठ सिक्न मद्दत पुग्ने देखिन्छ ।

### २.२.२ बाह्य व्यक्तित्व

अग्लो कदरका सीताराम अधिकारीको उचाइ ५  फिट ७ इन्च र शरीरको वजन लगभग ५४ किलो छ । मझौला आँखा, ठूलो निधार, मिलेको नाक र लाम्चो अनुहार भएका अधिकारी सँधै प्रसन्न, उज्याला र हँसिला देखिन्छन् । उनी शिक्षणसंस्थामा पढाउन जाँदा सर्ट पाइण्ट लगाएर हिँड्छन् भने घरमा कुर्ता, सुरुवाल र लुङ्गी लगाउँछन् । उनी प्रायः सेतोरङ्गका लुगा मनपराउँछन् । बाहिरी ढाँचा जस्ता भए पनि उनी अत्यन्त सरल र परिष्कृत

किसिमका व्यक्ति हुन् । आदर्श उनको स्वभाविक गहना भएकाले उनमा भड्किलो परिधान कहिल्यै पनि देखिँदैन । उनी सधैं सादा पोशाकमा रमाएका देखिन्छन् ।

### २.२.३ साहित्यिक व्यक्तित्व

सीताराम अधिरकारीको साहित्यिक व्यक्तित्व निकै प्रभावकारी छ । उनी नित्य साहित्य साधनामा लागिरहने र साहित्यलाई सामाजिक, राष्ट्रिय महत्त्वका दृष्टिले हेर्ने सर्जकका रुपमा चिनिन्छन् । साहित्यिक उत्थानबिना सभ्य र असल समाजको निर्माण हुन सक्दैन भन्ने मान्यताका पक्षपाती अधिकारीको साहित्यिक व्यक्तित्व विशेषतः कवि स्रष्टाका रुपमा आलाकिनि छ निकै व्यस्त समयका बाबजुद पनि उनले नेपाली साहित्यका सिर्जनामा जे-जति योगदान गरेका छन् । त्यो प्रशंसनीय छ । अधिकारीको साहित्यिक व्यक्तित्व मूतः कविता विधाबाट नै फस्टाएको छ । उनले करिब ४८ वर्ष लामो साहित्यिक यात्राबाट आफ्नो कवि व्यक्तित्वलाई चम्किलो बनएका छन् । उनको कवि व्यक्तित्व निरन्तर सिर्जनातर्फ उन्मुख छ । उनी आभ्यासिक नभएर सहज कविको रुपमा देखा परेका छन् ।

अधिकारीको साहित्यिक व्यक्तित्व भन्नु नै कवि व्यक्तित्व हो भन्न सकिन्छ । उनले कविताका सापेक्षतामा अन्य विधातर्फ नगण्य कलम चलाएका छन् । उनले साहित्यका अन्य विधा उपन्यास र कथातर्फ पनि  सामान्य कलम चलाउने प्रयास  त गरेका छन् तर यी विधाका कुनै पनि पुस्तककार कृति प्रकाशनमा आउन सकेका छैनन् । २०३३ सालमा स्वतन्त्रताको मूल स्वर दिएर लेखिएको उनको 'परिवर्तन' नामक उपन्यास अप्रकाशित अवस्थामा  नै रहेको छ भने २०३४ सालमा तराईको जनजीवनलाई लिएर लेखिएको 'पाउलागी' व्यङ्ग्यतात्मक कथा पनि प्रकाशन हुन सकेको छैन । यी बाहेक उनका राजनीतिक एवम् समसामयिक विषयका लेखरचनाहरू तथा कतिपय निबन्धात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् तापनि उनले आफूलाई समालोचकका रुपमा स्थापित गराउन भने सकेका छैनन् । त्यसैले उनको कवि व्यक्तित्वको केन्द्रीयतामा रहेर नै उनको साहित्यिक व्यक्तित्व चर्चा गर्नु सान्र्दभिक हुन्छ (अधिकारी,२०५८) ।

अधिकारी प्रतिदिन लगभग ८/९ घण्टा जति काममा व्यस्त रहन्छन् । उनी नित्य २ घण्टा जति साहित्य लेखनमा बिताउँछन् । सार्वजनिक बिदामा पाइने फुर्सदको समय पनि उनले कविता लेखन र साहित्यिक चिन्तनमा बिताउने गरेका छन् । साहित्यिक व्यक्तित्व नै

उनको मुख्य व्यक्तित्व हो र अन्य व्यक्तित्वका घटकहरू सहायक अथवा गौण व्यक्तित्वका रुपमा रहेका छन् ।

अधिकारीको साहित्यिक यात्रा कविता लेखनबाटै सुरु भई निरन्तर जारी छ । हालसम्म उनका एउटा खण्डकाव्य, तीन वटा कविता संग्रह र एउटा शोककाव्य दुइवटा लघुकाव्य र एउटा उपन्यास प्रकाशित छ भने लनर्स वाइ लिंग्युल डिक्सनरी (अंग्रेजी र नेपाली) प्रकाशोन्मुख छ त्यस्तै 'सन्तनु' महाकाव्य पनि प्रकाशोन्मूख अवस्थामा रहेको पाइन्छ । यसैगरी तीनवटा काव्यात्मक कृतिहरू प्रकाशित छन् । उनी वार्णिक छन्दमा कविताहरू लेख्न रुचाउने कवि हुन् । उनले गद्यमा समेत सशक्त कलम चलाएका छन् । गद्य-पद्य दुवै लयको कवित्व क्षमता उनको साहित्यिक व्यक्तित्वका विशेषता बनेर रहेका छन् । उनका प्रकाशित कृतिहरू र अन्य विभिन्न पत्रिकाहरूमा छरिएर रहेका फुटकर कविताहरूले साहित्यको भण्डारलाई बढाउने काम गरेका छन् ।

सीताराम अधिकारी एक बौद्धिक लेखक पनि हुन् । उनका लेखरचनाहरू विभिन्न साहित्यिक तथा अखाबारी पत्रिकाहरूमा छापिएका छन् । विभिन्न पत्र-पत्रिकाहरूमा निबन्धात्मक लेखहरू छपाएर उनले आफ्नो  निबन्धकार व्यक्तित्वको परिचय दिएका छन् । अधिकारीले विभिन्न साहित्यिक पत्रपत्रिका एवम् अन्य कतिपय ग्रन्थहरूको सम्पादन कार्यमा संलग्न भई आफ्नो सम्पादकीय व्यक्तित्वको निर्माण समेत गरेका छन् । उनले हालै मात्र प्रकाशन गरेको उपन्यासवाट उनको औपन्यासिक व्यक्तित्वको पनि निर्माण गरेको देखिन्छ । अतः अधिकारीको साहित्यिक व्यक्तित्व कवि, लेखक र निबन्धकार  सम्पादक र उपन्यसकारका रुपमा देखा पर्दछ ।

### २.२.३.१ कवि व्यक्तित्व

सीताराम अधिकारी नेपाली साहित्यका इतिहासमा गद्य र पद्य कविताको दुवै फाँटमा कलम चलाउने स्थापित कविका रुपमा चिनिन्छन् । अधिकारी आभ्यासिक नभएर सहज कविका रुपमा देखापरेका छन् । उनको कवि व्यक्तित्व अर्न्तमुखी छ ।

अधिकारीले लगभग ३८ वर्ष लामो कविता यात्रा पार ग रेका छन् । जसबाट उनको कवित्व विकासमा प्रशस्त मद्दत पुगेको छ । उनका 'कोइली' खण्डकाव्य (२०३३) 'आमा' शोक काव्य (२०३७ र 'मेरो लेक' कविता संग्रह (२०६५), पद्य कविताहरू संग्रहित

पुस्तकाकार कृति हुन् । उनका फुटकर गद्य तथा पद्य कविताहरू 'नव युगका कविताहरू' नामक सामुहिक कविता सङ्ग्रहका विभिन्न संसुकरण एवम्. रजहाँस, मनोभाव, उपासना, प्याउली आदि पत्रिकाहरूमा प्रकाशित भएका छन् । गद्यतर्फ हालसम्म कुनै कृति दिन नसके तापनि गद्य कविताहरू सङ्कलित गद्य कविता संग्रह यथाशक्य चाँडो प्रकाशमा ल्याउने जानकारी उनले दिएका छन् । 'नव युगका कविता' नामक संग्रहका विभिन्न अङ्कमा छापिएका गद्य कविताहरू मध्ये 'उत्सर्गका निम्ति उठ !', 'कवि', 'झोपडी', 'कृषक', 'शान्ति', 'सहर' आदि शीर्षकका कविताहर भाव र शिल्पका दृष्टिले महत्वपूर्ण छन् । 'गोरखा साहित्य प्रतिष्ठान'द्वारा प्रकाशित साहित्यिक सँगलो 'गोरखा वाङ्मय' साहित्यिक साँस्कृतिक द्वैमासिक 'उपासना', 'मनोभावना' त्रैमासिक, 'रजहाँस' र 'प्याउली' जस्ता पत्रिकाहरूमा पनि उनका गद्य र पद्य दुवै शैलीका कविताहरू प्रकाशित छन् ।

गद्य र पद्य दुवै शैलीबाट सुन्दर कविता सिर्जना गर्न सक्ने क्षमता कवि अधिकारी सँग छ । उनका प्रायः जसो कविताहरूमा स्वच्छन्दतावादी भावधारा पाइन्छ । सरल, सुबोध शैलीमा स्वतः स्फूर्त कविता लेख्न सक्ने विशेषता उनमा रहेको छ । उनका पद्य कविताहरूमा भाव पक्षको प्रबलता रहेको छ र काव्यात्मक सचेतता पनि पाइन्छ । अधिकारी शास्त्रीय छन्दबाट प्रभावित छन् । उनका प्रकाशित कृतिहरूमा वार्णिक छन्दको प्रयोग भएको छ ।उनले कतै-कतै झ्याउरे छन्दको पनि प्रयोग गरेका छन् । उनका कविताहरूमा विभिन्न अलङ्कारहरूको सुन्दर प्रयोग भएको छ, जसले उनको आलङ्कारिक कवित्वलाई उद्घाटित गर्दछ । उनले वर्डस्वर्थ, कलरिज, सेली, सेक्सपियर आदि विश्वप्रसिद्ध साहित्यकारहरू तथा स्वदेशी कविहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रवृत्तिलाई अँगालेर आफ्ना कविताहरू लेखेका छन् । उनले छन्दको प्रयोग गर्दै स्वच्छन्दतावादी भावधारमा कविता लेख्ने प्रेरणा कवि माधव घिमिरेबाट पनि ग्रहण गरेका छन् ।

उनले आफ्ना कविताहरूमा प्रकृतिप्रेम, मानवतावाद, निष्काम कर्म, राष्ट्रियता, स्वतन्त्रता, समानताजस्ता कुरालाई केन्द्रीय विषयवस्तु बनाएका छन् । त्याग, उत्सर्ग, कर्तव्य र श्रमशिलताजस्ता भावनाहरू देशप्रेमसँग सम्बन्धित भएर आएका छन् । विकृति प्रतिको व्यङ्ग्य र सामाजिक सचेतता पनि उनका कवितामा पाइन्छ ।

कविता भावना र कल्पनाको स्वच्छन्द उडान हो भन्ने मान्यतामा दृढ अधिकारी बौद्धिक रचनामा काव्यत्व नहुने बताउँछन् । उनको कवि व्यक्तित्व निकै उज्जवल तथा उर्वर रहेको छ ।

### २.२.३.२ निबन्धकार व्यक्तित्व

अधिकारीका साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये निबन्धकार व्यक्तित्व पनि एक हो । उनले हालसम्म निबन्धात्मक कृति प्रकाशमा ल्याउन सकेका छैनन तापनि उनका केही फुटकर निबन्ध, कतिपय निबन्ध समकक्षी लेख र विभिन्न फुटकर लेखरचनाहरू विभिन्न पत्रिकामा छरिएर रहेका छन् । अधिकारीको वि.पी. र उनको वैभव शीर्षक निबन्धात्मक लेख लम्जुङ्बाट प्रकाशित 'वेग' (२०४३) पत्रिकामा प्रकाशित छ । 'गोरखा-काठमाडौं प्रजातान्त्रिक समाज' को प्रकाशन 'गोरखा गौरव पत्रिका' (वर्ष १, अङ्क १)मा उनको 'बी.पी. र समाजवाद' शीर्षक लेख छापिएको छ । यी दुवै निबन्धतात्मक लेखहरू वर्णनात्मक छन् । 'गोरखा परिचय' (२०५७ स्मारिका) नामक पत्रिकामा उनको ऐतिहासिक विषयमा आधारित 'किन मनाउने पृथ्वी जयन्ती' शीर्षकको निबन्ध प्रकाशित छ । यी निबन्धतमा लेखहरूको प्रकाशनबाट नेपाली निबन्ध विधाको विकासमा टेवा पुग्नाका साथै अधिकारकिो साहित्यिक व्यक्तित्वका उठानमा समेत योगदान पुगेको छ (अधिकारी,२०५८ :२०) ।

### २.२.३.३ लेखक व्यक्तित्व

सीताराम अधिकारीले कवि हुनाका साथै एउटा सफल लेखकका रुपमा आफ्नो छुट्टै पहिचान बनाएका छन् । विभिन्न उनका साहित्यिक, राजनीतिक एवम् समसामयिक लेख रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । 'गोरखा समाजसेवा' द्धारा प्रकाति टिप्पणी' शीर्षकमा ऐतिहासिक लेख प्रकाशित भएको छ । अंग्रेजी भाषामा पनि अधिकारकिा लेखरचनाहरू पाइन्छन् । महेन्द्र संस्कृत विश्वविद्यालयद्धारा प्रकाशित अनुसन्धानमूलक पत्रिका 'ऋतम्भरा' मा उनको 'द भागत गीता एण्ड कर्मयोगा एन् आवर लाइफ' शीर्षकको लेख प्रकाशित भएको छ । 'अरुणोदय' साहित्यिक पत्रिकामा प्रकाशित पाश्चात्य समालोचनाका विविध रुपहरूमाथि समीक्षा गरिएको 'पाश्चात्य समालोचनामाथि एक सूक्ष्म दृष्टि' शीर्षकीय समालोचनात्मक लेख पनि उल्लेखनिय छ (अधिकारी,२०५८ : २०) ।

### २.२.३.४ कोशकार एवम् सम्पादक व्यक्तित्व

सीताराम अधिकारी एक कुशल कोशकार तथा सम्पादकका रुपमा पनि परिचित छन् । उनले 'अङ्ग्रेजी-अङ्ग्रेजी-नेपाली शब्दकोश' पनि तयार गरी प्रकाशमा ल्याएका छन् । २०५६ सालमा प्रकाशित उक्त शब्दकोश ११३४ पृष्ठ लामो छ । यो उनको सर्वाधिक ठूलो प्रकाशित कृति हो । हालसम्म प्रकाशमा आएका अन्य शब्दकोशहरूमध्ये यसका छुट्टै महत्व र स्थान छ । यतिबेल अधिकारी 'अङ्ग्रेजी-अङ्ग्रेजी-नेपाली शब्दकोश' को सङ्कलन तथा सम्पादन कायृमा जुटिरहेको कुरा बताउँछन् । प्रकाशित र तयारीका क्रममा रहेका यी दुई शब्दकोशले अधिकारीको कोशकार एवम् सम्पादकीय व्यक्तित्वलाई पुष्टि गर्दछन् ।

उनले विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको सम्पादन कार्य समेत गरेका छन् । उनीबाट कतिपय कविता संग्रहहरूको पनि सम्पादन भएको छ । अधिकारील 'गोरखा समाज सेवा केन्द्र' द्वारा प्रकाशित 'गोरखा परिचय' (स्मारिका, २०५५) को सम्पादक मण्डलमा रहेर काम गरेका छन् । बानेश्वर क्याम्पसद्धारा प्रकाशित साहित्यिक पत्रिका 'रजहाँस' (२०५७, अङ्क ६) को सह-सम्पादक तथा 'गोरखा साहित्य प्रतिष्ठान'द्धारा प्रकाशित 'गोरखा वाङ्मय पत्रिका' र 'गोरखा गौरव' (२०४६) पत्रिकाको सल्लाकारका रुपमा रही उनले सम्पादनसम्बन्धी अनुभव बटुलेका छन् । ईश्वरीनन्दन धितालद्धारा लिखित 'स्रष्ट र सृष्टि' (२०५७) नामक कविता संग्रहलाई सम्पादन री प्रकाशमा ल्याउने काम अधिकारीले गरेका छन् । साथै टङ्कनाथ अधिकारीले रचना गरेका 'माटोको माया' कविता संग्रहको सम्पादन कार्य पनि उनीबाट भएको छ । उल्लिखित पत्रिका तथा कवितासंग्रहको सम्पादकीय भूमिकामा रही अधिकारीले आफ्नो सम्पादकीय व्यक्तित्वको स्तरलाई माथि उठाउने काम गरेका छन् । उनको सम्पादकीय व्यक्तित्वको साहित्यिक व्यक्तित्वमा सकारात्मक प्रभाव पारेको छ .(अधिकारी,२०५८ : २१) ।

### २.२.३.५ औपन्यासिक व्यक्तित्व

सीताराम अधिकारीले हालसम्म एउटा मात्रै औपन्यासिक कृति प्रकाशन गरेका छन् । उपन्यास उज्यालाको खोजीलाई अधार भन्दा उनी समाजका विसंगति र विकृतिका यथार्थहरूलाई औंल्याउँदै तिनको निराकरणको चाहना राख्ने आलोचनात्मक यथार्थवादी

प्रवृत्ति, नारी भावनाको कदर गर्ने, प्रगतिवादी दृष्टि भएका उपन्यासकार मानिन्छन् । छुवाछुतको अन्त्य ग री समतामूलक समाजको स्थापनामा उनले जोड दिएको देखिन्छ ।

तत्कालिन समयको समाज व्यवस्था परिवर्तनका लागि वर्ग द्वन्द्व अथवा क्रान्तिको आवश्यकता औंल्याउँदै शोषित र उत्पीडित वर्गको रहस्योद्घाटन गर्न खोज्ने प्रगतिवादी औपन्यासिक व्यक्तित्व उनमा देखिन्छ । त्यसैगरी उपन्यासमा प्रयोग गरिएका पात्रहरूको सुरुदेखि अन्त्यसम्म सूक्ष्म मनोविश्लेषण गर्ने अधिकारी समग्रमा भन्नुपर्दा समतामूलक समाजको परिकल्पना गर्ने औपन्यासिक व्यक्तित्व हुन् ।

### २.२.४ सामाजिक व्यक्तित्व

सीताराम अधिकारी मानवतावादी एवम् राष्ट्रप्रेमी साहित्यकार र दक्ष प्राध्यापक हुन् । उनमा सामाजिक चेतना र देशभक्तिको भावना प्रशस्त मात्रामा पाइन्छ । उनको सामाजिक व्यक्तित्को चर्चा गर्नुअघि उनका बुबाको सामाजिक व्यक्तित्वको चर्चा गर्नु आवश्यक हुन्छ ।

सीताराम अधिकारीका बुवा स्वर्गीय चक्रपाणि अधिक सामाजिक भावना रहेको थियो । गाउँमा भएका झगडा, मुद्दामामिला मिलाइदिने चक्रपाणि अधिकारी समाजका एक प्रतिष्ठित समाजसेवी र भलाद्मीका रुपमा चिनिन्थे । उनी शिक्षित व्यक्ति थिए । शैक्षिक उन्नतिबाट मात्र समाजको उत्थान गर्न सकिन्छ भन्ने उनको धारणा थियो । सीताराम अ धिकारि सानै छँदा गाउँमा विद्यालय  थिएन । उतिबेला पण्डित राखेर विद्यार्थीहरूसित संस्कृत पढ्न पठाएका थिए । गाउँको स्कुल निर्माण र शैक्षिक चेतनाको अभिवृद्धिमा उनका पिताले ठूलो योगदान गरेका थिए । गाउँको ज्ञानज्योति हाइस्कुल, हंसपुर गा.वि.समा अवस्थित उनको महत्वपूर्ण शङ्कर प्राथमिक विद्यालय र सूर्योदय प्रा.वि. को स्थापना जस्ता सामीजक कार्यमा उनका पिता संलग्न रहन्थे । समाजमा विद्यमान जातभात र छुवाछुतको सामाजिक कुसंस्कारलाई हटाउनुपर्छ भन्ने सचेत भावना विद्यमान जातभात र छुवाछुतको सामाजिक कुसंस्कारलाई हटाउनुपर्छ भन्ने सचते भावना उनका पितामा थियो । आफू कट्टर ब्राह्मण भएर पनि छुवाछुतको विषयमा कसैलाई जबर्जस्ती नियम लाद्न हुँदैन र सबैलाई स्वतन्त रुपले निर्णय गर्न दिनुपर्छ भन्ने उनको मान्यता थियो । धार्मिक व्यक्ति भएकाले उनले आफ्नै गाउँमा रामसीतको मन्दिर निर्माण गरेर भक्तजनको आस्था र श्रद्धाको सेवा र

सुरुषा गरेका थिए । गाउँको बाटोघाटोको र पुलपुलेसा निर्माणजस्ता सामजिक कार्यमा पनि उले उल्लेख्य सेवा पु¥याएका थिए ।

बुवाको सामाजिक कार्यको प्रभावका कारण सीताराम अधिकारी पनि सामाजिक व्यक्तित्वका धनी छन् । त्यसैले उनी प्राथमिक तहको विद्यार्थी जीवन देखि नै सामाजिक गतिविधिहरूमा संलग्न हुँदै आएका छन् । स माजमा रहेका अशिक्षितहरूमा शिक्षाको चेतना फैलाउने तथा दीन दुःखी र अशक्तहरूलाई सहयोग गर्ने अभिरुचि उनम विद्यार्थी जीवनदेृखि नै बढ्दै गएको थियो । सबै तह र वर्गका मान्छेहरूप्रति समान व्यवहार गर्ने मानवीय गुण पनि उनले पिताजीबाट नै ग्रहण गरेका हुन् । जसका कारण आज उनी एक असल बुद्धिजिवी र समाजसेवीका रुपमा चिनिएका छन् (अधिकारी,२०५८ः२२) ।

अधिकारीले शैक्षिक क्षेत्रमा रहेर नै समाजको भलो हुने काम गरेका छन् । ‘अमरज्योती माध्यमिक विद्यालय’ मा पढ्दा हालका वरिष्ठ चिकित्सक उपेन्द्र देवकोटा र माओवादी नेता डा. बाबुराभ भट्टराई सोही विद्यालयका छात्र थिए । त्यतिबेला ‘हाउस क्याप्टेन’ भएर उनले विद्यालयको नेतृत्व गरेका थिए । उनी विद्यालयमा कक्षा १० मा अध्ययन गर्दा विद्यालयको प्राथमिक भवन निर्माणका निम्ति उनैको नेतृत्वमा लम्जुङ र गोरखाको सिमानामा लाग्ने चेपेघार मेलामा चियापसल थापी अर्थ संकलन गरिएको थियो । उनको टोलीमा १९ जना विद्यार्थी संलगन थिए । वि.सं. २०२२ साल पुस मसान्तको रातमा चिया पसल थापी उतीबेलाको समयमा करिब ४-५ रुपियाँ जम्मा गरी भवन निर्माणमा सहयोग पु¥याउनु ठूलो सामाजिक कार्य थियो ।

‘युनाइटेड मिसन टु नेपाल’ नामक संस्थाद्धारा सञ्चालित तत्कालीन ज्ञानज्योति निम्न माध्यमिक विद्यालयको क्षेत्र विस्तार गर्न गाउँका तीनवटा चौताराहरू भत्काएर ती ठाउँ स्कुललाई हस्तान्तरण गराउने र चौताराको ढुङ्गाले स्कुलको भवन निर्माण कार्य अधिकारीकै सक्रियतामा २०२५ सालतिर सम्पन्न भएको थियो ।

विदेशी दातृसंस्थालाई गोरखाजस्तो पिछडिएको ठाउँमा पु¥याएर क्षेत्र नं. २ अन्तर्गका हंसपुर, शिवजङ्ग र खरिबोट गा.वि.स. का स्कुल र खानेपानी योजनाको सहयोगका निम्ति सम्झौता गर्न लगाउने काम अधिकारीकै पहलमा भएको हो । विदेशीहरूसँग सिताको सम्पर्कको कारण उनले मिसन संस्थासँग संलग्न जर्मन प्रोफेसर किरिच र ह्यारिसिल्बालाई

आफ्नो गाउँका स्कलुमा लगेर आफ्नै घरमा राखी सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर गराएका थिए । नेपालमा कार्यरत गैरसरकारी संस्थाहरूमध्ये विपन्न वर्गमा पुगेर निःस्वार्थ सेवा गर्ने संस्थाका रुपमा चिनिएका मिसनले उक्त सम्झौताबमोजिम उल्लिखित तीनवटा गा.वि.स हरूमा शिक्षा र खानेपानी तर्फ ठोस योगदान पुऱ्याइरहेको हाल पनि देख्न सकिन्छ । यस संस्थाले उनको गाउँमा पर्ने सुर्योदय स्कुलको निर्माणार्थ ५५ हजार नगर सहयोग  गर्नाका साथै थप तीनवटा स्कुलहरूको भौतिक सुविधाका लागि महत्वपूर्ण लगानी गरेको  छ ।

अधिकारीले जनचेतना जगाउने कार्यमा पनि योगदान गरेका छन् । वि.स.. २०२४ सालमा एस.एल.सी. पास गरेपछि कुनै न कुनै रुपमा अध्यापन पेशामा लागेर शैक्षिक सेवा पुऱ्याइरहेका अधिकारी अहिले उच्च शिक्षामा प्राध्यापनरत छन् । विद्यार्थी जीवनमा विभिन्न संघसंस्थामा संलग्न भएर समाजिक कार्य गरेका थिए ।  हाल उनी प्रायः काठमाडौं मै व्यस्त रहन्छन् तापनि जन्मभूमिको उन्नति र प्रगति प्रति कटिबद्ध छन् । उनको 'गोरखा काठमाडौं प्रजातान्त्रिक समाज' को संस्थापक अध्यक्ष रही ४ वर्ष सम्म कार्य गरे । उनले गोरखा जिल्लाको साहित्यिक र साँस्कृतिक पक्षको उत्थान गर्ने हेतुले स्थापित 'गोरखा साहित्य प्रतिष्ठान' का सल्लाहकार रहेर साहित्यिक अभियानलाई गति दिइरहेका छन् ( अधिकारी,२०५८:२२)  ।

सीताराम अधिकारी अंग्रेजी विषयमा स्नातकोत्तर गर्ने गोरखा जिल्लाका पहिलो व्यक्ति भएकाले जिल्लाका सम्मानित व्यक्तिमध्ये पर्दछन् । शैक्षिक चेतनाको बृद्धि, प्राज्ञिक उन्नयन र समाजसेवाका कार्यहरूले उनको सामाजिक व्यक्तित्व निकै माथि उठेको छर्लङ्ग हुन्छ ।

### २.२.५ धार्मिक व्यक्तित्व

आध्यात्मिक चिन्तनको पारिवारिक पृष्ठभूमिमा जन्मेका सीताराम अधिकारीको घरको वातावरण र बुाव तथा हजुरबुवाको धार्मिक निष्ठाका धर्मप्रति बाल्यकालदेखि नै अगाध आस्था रहँदै आएको छ । पुस्तौं देखि उनको परिवारमा नित्य पूजापाठ, भजनकीर्तनजस्ता धार्मिक कार्य हुने गर्थे । उनको पारिवारिक पृष्ठभूमि संस्कृत परिवेशबाट पोषित भएकाले शिक्षारम्भ संस्कृतका ग्रन्थहरूको अध्ययनबाटै भएको थियो । आफ्ना हजुरबुवा र बुवाबाट

उनले वेद, चण्डी, रुद्रि आदिको अध्ययन गर्ने अवसर पाए । धार्मिक ग्रन्थहरूको अध्ययनका कारण सानै उमेरदेखि उनको व्यक्तित्व धार्मिक बन्दै गयो । अहिले उनी ईश्वरमाथि अगाध श्रद्धा र विश्वास गर्छन । ईश्वरलाई केन्द्रविन्दु मान्ने अधिकारी भाग्यमा पनि विश्वास गर्छन् । कर्ममा पनि उनको अगाध आस्था छ । कर्मवादी भएकाले उनी सधैं काममा व्यस्त रहन्छन् । उनी भाग्य र कर्म दुवैमा समान विश्वास गर्ने समन्वयवादी चिन्तकका रुपमा आफूलाई प्रस्तुत गर्दछन् (अधिकारी,२०५८:२३) ।

अधिकारी गीताको कर्मवादबाट अत्यधिक प्रभावित भएको बताउँछन् । गीताका बारेमा उनी भन्छन् -"'गीता' ज्ञान र दर्शनको भण्डार हो । यसबाट मैले फलको लोभ नगरी कर्म गर्नुपर्दछ र आ-आफ्नो धर्म अनुसारको कर्म गर्नु कर्तव्य हो भन्ने पाठ सिकेको छु ।

सीताराम अधिकारी बिहान सबेरै उठी प्रायः स्नान गर्ने गर्छन् । त्यसपछि ईश्वरको ध्यान गरी ५ देखि १० श्लोक गीता पाठ गर्ने उनको बानी छ । उनी धार्मिक चाडपर्वमा देवी-देवतामा विशेष पूजाआजा गर्छन् ।

पारिवारिक प्रभावकै कारण धार्मिक बन्न पुगेका अधिकारीका कविताहरूमा अध्यात्मवादी स्वर पनि गुञ्जिएको पाइन्छ । अधिकारीका धेरैजसो कविताहरू अध्यात्मवादी विचारधारका सन्देशवाहक बनेका छन् । उनी मानवहितका लागि गरिने सबै धर्मलाई सम्मान गर्दछन् । उनका विचारमा मानवसेवा गर्नु धर्म कमाउनु हो । उनी ईश्वरीय शक्तिलाई सर्वोपरि ठान्छन् । घुस खानु र अन्याय-अत्याचार गर्नुलाई उनी पाप मान्दछन् ।

### २.२.६ राजनीतिक व्यक्तित्व

सीताराम अधिकारीले प्राध्यापन पेशालाई आफ्नो मूल कार्यक्षेत्र बनाए तापनि उनको व्यक्तित्वका विभिन्न पाटामध्ये राजनीतिक व्यक्तित्व पनि उल्लेखनिय रहेको छ । उनी विद्यार्थीकालदेखि नै पञ्चायत-विरोधी आन्दोलनमा संलग्न थिए । उनी राजनीतिक रुपमा प्रजातान्त्रिक आस्थाका कारण नेपाली काँग्रेससँग निकट छन् । उनी मानवतावादी धारणाबाट प्रेरित असल प्रजातन्त्रका पक्षधर हुन् ।

२० वर्षको उमेरमा माध्यमिक तहको अध्ययन गर्न अमरज्योति स्कुल गोरखामा प्रवेश गर्दा उनमा भएको सशक्त युवा जोशले राजनीतिप्रति विशेष रुचि बढाउँदै लगेको थियो । नेपालको तत्कालीन राजनीतिक परिस्थिति र पञ्चायती व्यवस्थाप्रतिको जनआक्रोश तथा प्रजातन्त्र स्थापनाका लागि चर्किएको सङ्घर्षका कारण उनमा राजनीतिक चेतनाको बीजारोपण हुन पुग्यो । मिसन स्कुलमा अध्ययनरत छात्र अधिकारी भारतीय नेता जवाहरलाल नेहरूको मृत्युमा स्कुलमा कार्यरत केरलियनहरूले शोक प्रकट गर्दै सम्मान गरेको देख्दा आफूमा राष्ट्रियताको तीब्र भावना जागेको कुरा बताउँछन् । त्यही भावनाले उनलाई विद्यार्थी राजनीतिक गतिविधितर्फ उत्प्रेरित गराएको थियो । वि.सं. २०२७ सालमा नेपाल विद्यार्थी सङ्घको स्थापना भएपछि गोरखा जिल्ला ने.वि. सङ्घको प्रथम अधिवेशनबाट सीताराम अधिकारी सचिव पदमा निर्वाचित भए । त्यसैगरी उनले गोरखा जिल्ला 'नेपाल तरुणदल' को संयोजक समेत रही राजनीतिक सक्रिय भूमिका निर्वाह गरेका छन् । २०२८ साल बैशाखमा गोरखा आँपपीपलमा पहिलोपल्ट सीताराम अधिकारीको संयोजकत्वमा १३ सदस्यीय तरुणदल गठन गरिएको थियो । एस.एल.सी. उर्त्तीण गरेपछि शिक्षण पेशामा लागेका अधिकारीलाई आफ्नै गाउँको स्कुलमा सेवारत छँदा पञ्चायतविरुद्ध लागेको आरोपमा २०२८ सालमा राजकाजसम्बन्धी मुद्दा लगाई स्कुलबाट निष्कासन गरिएको थियो । आफूलाई तत्कालीन प्रशासनले पिछा गर्न थालेपछि उनी काठमाडौंमा आई एक किसिमले भूमिगत रुपमा पञ्चायत हटाऊ अभियानमा अग्रसर हुन थाले आफ्नो अध्ययन र शिक्षण पेशा दुवैलाई नछोडेर उनले राजनीतिक सक्रियतालाई समेत कायम राखे । सशस्त्र आन्दोलनका माध्यमबाट देशमा प्रजातन्त्रको पुनः स्थापना गर्ने निर्णय २०२९ सालमा प्रतिबन्धित नेपाली काँग्रेसले गरेपछि देशव्यापी रुपमा विद्यार्थी आन्दोलनले गति लिएको थियो । २०२९ सालको विद्यार्थी आन्दोलनको क्रममा 'नवजीवन' विद्याश्रम चेतभवनमा ३६ दिनसम्म विद्यार्थी हड्ताल गराई आन्दोलनलाई नेतृत्व दिने कार्यमा जुटेका युवकमध्ये अधिकारी पनि एक थिए(अधिकारी,२०५८:२४) ।

गण्डकी अञ्चलबाट काठमाडौं आई अध्ययन गर्ने विद्यार्थीहरूको शक्तिलाई एकत्रित गराई रचनात्मक कार्यहरू गर्ने उद्देश्यले २०२३ सालमा गठन गरिएको 'गण्डकी छात्र समिति' मा रहेर पनि अधिकारीले काम गरेका छन् । साहित्यिक सम्मेलन, कवि तथा प्रवचन गोष्ठीजस्ता रचनात्मक कार्यहरूमार्फत् राजनीतिक सङ्घर्षको अभिव्यक्ति दिने काम उक्त

समितिले गरेको थियो । वि.सं. २०३१ सालमा उक्त संस्थाको पाँचौं कार्य समिति गङ्गाधर लम्सालको अध्यक्षतामा गठन भएको थियो । जसमा उनी पनि सदस्य थिए ।

वि.सं. २०३७ साल ल क्याम्पसबाट प्राध्यापन पेशा अँगालेपछि सीताराम अधिकारी बौद्धिक व्यक्तित्वका रुपमा राजनीतिक अस्तित्त्वमा आएका हुन् । ल क्याम्पसमा प्रवेश गरेयता उनले नेपाल प्राध्यपाक सङ्घ एकाइको अध्यक्ष, सचिव र सदस्य पदमा रहेर प्राज्ञिक उन्नयनका लागि योगदान गर्दै आएका छन् । आफ्नो विद्यार्थी जीवनको राजनीतिक अस्तित्वलाई उनले प्राध्यापन पेशामा आइपुग्दा समेत जीवन्त राख्न सकेका छन् ।

गोरखा जिल्लामा एउटा प्राज्ञिक व्यक्तित्व र पुराना राजनीतिज्ञका रुपमा परिचित अधिकारीले २०४५ सालमा गोरखा प्रजातान्त्रिक समाजको संस्थापक अध्यक्षका रुपमा समेत काम गरिसकेका छन् । मुख्य रुपमा सामाजिक र गौण रुपमा राजनीतिक उद्देश्य लिएर स्थापित उक्त समाज मार्फत जिल्लामा विभिन्न राजनीतिक तथा शिक्षामुलक शिविरहरू सञ्चालन गर्ने र प्रजातान्त्रका पक्षमा जनआस्था बढाउने जस्ता काम गरिँदै आएको छ ।

### २.२.७ प्राज्ञिक व्यक्तित्व

विश्वविद्यालय जस्तो उच्च प्राज्ञिक निकायमा लामो समयदेखिको संलग्नताको सीताराम अधिकारीको प्राज्ञिक व्यक्तित्व निकै तिखारिएको छ । अध्ययन र चिन्तनको लामो अनुभवबाट उनले आफ्नो प्राज्ञिक व्यक्तित्वलाई सशक्त बनाएका छन् । उनको साहित्यिक व्यक्तित्वको जग निर्माणमा प्राज्ञिक व्यक्तित्वको भूमिका प्रभावकारी रहेको छ भने साहित्यप्रतिको रुचि, अध्ययन र अनुशीलनले प्राज्ञिक व्यक्तित्वको स्तरलाई उठाएको छ । अधिकारीको प्राज्ञिक व्यक्तित्वको प्रभाव विभिन्न क्षेत्र र तहमा पर्नुका साथै समाजका विविध क्षेत्रमा फिँजिएको छ । यसले समाजिक सेवा तथा मानव कल्याणका निम्ति जुट्न प्रेरणा प्रदान गरेको छ । साथै मूल्य र मान्यता युक्त राजनीतिक संस्कारको पछाडि लाग्न अहिलेका राजनीतिककर्मीहरूलाई दिशाबोध गराएको देखिन्छ । उनले नैतिक र चारित्रिक पतनबाट उठेर आदर्शतिर उन्मुख हुन नयाँ पुस्तालाई प्रेरणा र हौसला दिएका छन् ।

अधिकारी एक प्रखर बौद्धिक व्यक्तित्वका रुपमा समाजमा चिनिन्छन् । अध्ययन, अध्यापन तथा अनुभवको सहकारिताबाट उनको प्रबुद्ध व्यक्तित्व निर्माण भएको छ । गान्धी र नेहरूजस्ता आदर्श पुरुषहरूको जीवनी र व्यक्तित्वको अध्ययनबाट प्राप्त ज्ञानको प्रभावले

उनी मानवतावादी र स्वतन्त्रताका हिमायती व्यक्तित्व बन्दै गए । उनको विचार र आचरणमा एकरुपता छ। जातभात र छुवाछुतको कुसंस्कारलाई अधिकारी तोड्न चाहन्छन् । उनी सबै जातजाति र धर्म सम्प्रदायप्रति समान दृष्टिकोण राख्दछन् ।

लेखक एवम् सम्पादक व्यक्तित्वले पनि अधिकारीको प्राज्ञिक स्तरलाई काम गरेको छ । विभिन्न साहित्यिक तथा सामयिक पत्रिकाहरूमा छापिएका उनका निबन्ध तथा लेखरचनाहरूबाट यस क्षेत्रमा लागेका सिर्जनशील प्रतिभाहरूलाई बौद्धिक खुराक र उर्जा प्राप्त हुने गरेको छ । उनी निडर, निश्छल र स्पष्टवादी छन् । उनमा बौद्धिक प्रखरताका साथै वैचारिक परिपक्वता पनि छ । जसले गर्दा बौद्धिक समाजमा उनको स्थान गरिमामय बन्न पुगको छ (अधिकारी,२०५८:२५) ।

अधिकारीले पूर्वीय-पाश्चात्य दुवैथरी दर्शन र साहित्यका ग्रन्थहरू तथा विभिन्न वाद र सिद्धान्तहरूको अध्ययन र चिन्तनबाट प्राज्ञिक स्तरको उठान गरेका छन् । पूर्वीय-पाश्चात्य दुवै वाङ्मयको प्रभावले उनको व्यक्तित्व अध्यात्मवादी-भौतिकवादी अर्थात् समन्वयवादी बन्न पुगेको छ ।

प्राज्ञिक मर्मलाई जहाँ बुझिन्छ त्यो प्राज्ञिक थलो हो । चेतना जगाउने र प्रकाश दिने जुनसुकै क्षेत्र पनि प्राज्ञिक हुन सक्छ । स्कुलमा अध्यापन गर्न थालेपछि नै उनको शैक्षिक-प्राज्ञिक व्यक्तित्व देखा पर्न थाल्दछ । शैक्षिक सेवा दिने क्रममा विद्यालयदेखि विश्वविद्यालय तहसम्मका विभिन्न शैक्षिक संस्थाहरूसितको संलग्नता र अनुभवबाट उनको प्राज्ञिक व्यक्तित्व विकसित भएको छ । अधिकारीले आफूले ज्ञान-विवेक र अनुशासनको शिक्षा विद्यालयबाटै पाएको र विद्यार्थीहरूलाई पनि त्यहि पाठ पढाएको अनुभव सुनाउँछन् । मूलतः स्नातक तहको अध्ययनसँगै प्राज्ञिकताको उच्च अनुभव हुन थालेको उनी बताउँछन् । अध्ययनका क्रममा साहित्यकारद्वय ताना शर्मा र राममणि रिसाल तथा राममानमहतो शङ्करदेव पन्त जस्ता शिक्षाविद्हरूसँगको सम्पर्कबाट आफूलाई प्राज्ञिक क्षेत्रमा नै रहेर देशका निम्ति केही गर्नुपर्छ भन्ने प्रेरणा मिलेको कुरा उनी व्यक्त गर्दछन् (शोधनायकबाट प्राप्त जानकारीबाट) ।

विद्यालयस्तरबाटै सुरु भएको अधिकारीको प्राज्ञिक व्यक्तित्वले क्याम्पस प्रवेशपछि बढी फस्टाउने अवसर पाउँछ । सुरुमा नेपाल ल क्याम्पसको नियुक्ति (२०३७) उनको

प्रवेशद्वार बन्दछ । विश्वविद्यालय सेवामा आएपछि उनको सम्पर्क बौद्धिक एवम् प्राज्ञिक व्यक्तिहरूसित निरन्तर भइरहन्छ । त्यसपछि अन्य विभिन्न सरकारी तथा निजी क्याम्पससँग पनि उनको पेशागत नाता गाँसिदै जान्छ । लामो समयदेखि शिक्षण पेशामा निरन्तर क्रियाशील अधिकारी हाल एक अनुभवी र परिपक्व प्राध्यापक एवम् प्राज्ञिक व्यक्तित्वका रुपमा प्रतिष्ठित छन् ।

प्राध्यापन पेशाबाट प्राप्त ज्ञान र बौद्धिक ऊर्जाको उपयोग गर्दै उनले 'अंग्रेजी-नेपाली शब्दकोश' तयार पारेका छन् । यस कृतिले उनको प्राज्ञिक व्यक्तित्वको उन्नयनमा महत्वपूर्ण टेवा दिएको छ । "हुन त प्राध्यापन पेशाले लेखनलाई बिथोल्यो तर ज्ञानको क्षेत्र भने बढाएको छ" अधिकारी भन्दछन् । यसै क्षेत्रसितको संलग्नताबाट आफू पूर्वीय र पाश्चात्य चिन्तनको गहिराइसम्म पुग्न सकेकोमा उनलाई गर्व छ ।

### २.२.८ बहुभाषी व्यक्तित्व

सीताराम अधिकारी बहुभाषी व्यक्तित्वका धनी छन् (अधिकारी,२०५८:२७) । उनी नेपाली लगायत हिन्दी र अंग्रेजी भाषा राम्ररी बोल्न र लेख्न जान्दछन् । सानै उमेरदेखि संस्कृतिको राम्रो छाप परेको र लघुकौमुदी, अमरकोश आदिको अध्ययन गरेकाले उनको संस्कृत भाषाप्रति पनि राम्रो लगाव छ । उनका कविताहरूमा अधिकांश तत्सम शब्दहरूको प्रयोग भएबाट उनमा संस्कृतिप्रति विशेष अनुराग भएको पुष्टि हुन्छ ।

अधिकारीले अंग्रेजीमा स्नातकोत्तर गरेका छन् । हाल उनी अंग्रेजी विषयका प्राध्यापक छन् निकै लामो समयदेखि अंग्रेजी विषय प्राध्यापन गर्दै आएकाले उनको अंग्रेजी भाषा निकै परिष्कृत छ । क्याम्पसका विद्यार्थीहरूलाई अंग्रेजीमा नै पढाउने भएकाले उनी यस भाषामा अभ्यस्त भइसकेका छन् । उनी अंग्रेजीमा धाराप्रवाहमा बोल्न र लेख्न पूर्ण रुपले सक्षम छन् । 'मिसन' स्कुलमा रहेर विदेशी शिक्षकहरूसित पढ्न र सम्पर्कमा आउन पाएकाले विद्यालयस्तरदेखि नै उनमा अंग्रेजी भाषाको राम्रो दखल थियो । साहित्यकार अधिकारीले अंग्रेजी भाषामा विभिन्न लेख र कविताहरू पनि प्रकाशित गरेका छन् । उनका यी सामग्रीहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । अंग्रेजीमा लेखिएका कविता र लेखहरू उच्चकोटिका छन् ।

अंग्रेजी र नेपाली दुवै भाषामा राम्रो पकड भएकाले नै अधिकारी ‘अंग्रेजी-अंग्रेजी नेपाली’ बृहद शब्दकोश (२०५६) सम्पादन गरी प्रकाशनमा ल्याउन सफल भएका छन् । उनी हाल ‘नेपाली-अंग्रेजी शब्दकोश’सम्पादन गरी प्रकाशनमा ल्याउने तयारीमा जुटेका छन् ।

## २.९ सीताराम अधिकारीको जीवनी, व्यक्तित्व र साहित्यलेखन बीच अन्तः सम्बन्ध

सीताराम अधिकारी एक कुशल प्राज्ञिक व्यक्तित्व हुन् । बिशुद्ध आध्यात्मिक वातावरण भएको परिवारमा उनको जन्म भएको हो । उनको जीवनमा आध्यात्मिकताको राम्रो छाप परेकाले उनका साहित्यिक रचनाहरूमा त्यसका प्रशस्त भेटिन्छ । न्यानो पारिवारिक वातावरणका बीचबाट उनको जीवनी सुरु हुन्छ । नेपालको राजनीतिक, सामाजिक र आर्थिक परिस्थिति र परिवेशबाट उनका साहित्यिक रचनाहरू प्रभावित छन् । तत्कालीन राजनीतक परिवेश र आफूले भोगेका यथार्थतालाई उनले आफ्ना रचनामा स्थान दिएका छन् । यसैको उपज हो - कोयली खण्डकाव्य । आफ्नी आमाको मृत्युले व्यवस्थित कविहृदयको प्रतिबिम्ब हो -‘आमा’ शोककाव्य । नेपाली समाज, धर्ती, साथी, संगाती र रमणीय प्राकृतिक वातावरणको उपहार स्वरुप ‘मेरो लेक’ कविता संग्रह देखा परेको छ । राष्ट्रियता, प्रकृतिप्रेम, आध्यात्मिक चेतना, शृङ्गारिकता, स्वतन्त्रताको चाहना, नारीवर्गको महिमा र उत्थान उनका कृतिहरूमा पाइने विशेषता हुन् ।

अधिकारीका रचनाहरूमा आफ्ना अनुभव र अनुभूतिका साथै समाजका वस्तुगत स्थितिको यथार्थ चित्रण भएको पाइन्छ । आफ्ना जीवनका सुख-दुःख, आँसु-हाँसो एवम् भोगाइहरूलाई अधिकारीले आफ्ना साहित्यिक कृतिमा उतारेका छन् । उनको साहित्यिक सिर्जना विशेषतः पिता र गुरुको प्रेरणाबाट प्रभावित छ । उनका अधिकांश रचनाहरूमा समाजका असल पक्षको समर्थन अवधिको जीवन भोगाइको बीचबाट विकसित उनको साहितियक व्यक्तित्वमा मूलतः कवि व्यक्तित्व र अंशतः निबन्धकार तथा लेखक व्यक्तित्व पनि सहधर्मी रुपमा अघि बढेको देखिन्छ । साहित्यिक यात्रातर्फको उनको लामो समय कविता सिर्जनामा नै बितेको छ । परिश्रम र जाँगरपूर्वक निरन्तर साहित्य सिर्जनामा समर्पित सीताराम अधिकारीको जीवनी, व्यक्तित्व र साहित्य लेखद बीच अन्तः सम्बन्ध स्थापित भएको देखिन्छ ।

## २.३ निष्कर्ष

वि.सं. २००२ साल माघ ८ गते गण्डकी अञ्चलको गोरखा जिल्ला हंसपुर गाउँ विकास समितिमा जन्मेका सीताराम अधिकारीको शिक्षा दिक्षा ४ वर्षको उमेरबाट घरमा नै भएको थियो । ब्राह्मण परिवारका अधिकारी चक्रपाणी अधिकारी र लीलादेवी अधिकारीका दोस्रो सन्तान हुन् । गीता र बाइबल दुवैको अध्ययन गर्ने अधिकारीको मुल विषय अंग्रेजी हो । पेशाका दृष्टिले शिक्षणलाई अंगालेका अधिकारीले २०२७ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरेका थिए । मानवीकी संकाय अंग्रेजी मुल विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका अधिकारीले शिक्षाशास्त्र तर्फ पनि नेपाली र अंग्रेजी दुवै विषयमा बी.एड. सम्मको औपचारिक अध्ययन गरेका छन् । घरयासी कारणले १४ वर्षमा बिहे गरेका अधिकारीले संयोगवस २०३३ सालमा पुनः विवाह गरेकाले उनका दुई श्रीमती सहित छ जना छोराछोरी रहेका छन् । दुवै श्रीमतीलाई समान व्यवहार गर्ने अधिकारीको पारिवारीक जीवन सुखद देखिन्छ । बसोबासको क्रममा, काठमाडौंमा आफ्नै नीजि निवासमा बस्ने अधिकारीको आर्थिक अवस्था सवल नै देखिन्छ । कार्यक्षेत्रलाई हेर्दा उनले ल क्याम्पस, भक्तपुर क्याम्पस र रत्नराज्य लक्ष्मी क्याम्पस गरी विभिन्न क्याम्पसमा पढाएको देखिन्छ । सरल मिजासका अधिकारीको रुचि भलिबल, टेबुलटेनिस जस्ता खेलमा पनि देखिन्छ । आफ्नो लेखनको सुरुवात रवि शीर्षकको कविताबाट गरेका उनले साहित्यका विविध विधाहरूमा हात चलाई आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । त्रिभुवन विश्वविद्यालयले दीर्घ सेवा गरेबापत सम्मान प्रदान गरेको उनलाई काठमाडौं स्कुल अफ ल ले पनि उत्कृष्ट प्राध्यापन गरे बापत सम्मान गरेको छ । नम्र र सादा जीवन अपनाउने अधिकारी आध्यात्मिक व्यक्तित्व हुन् । उनी सधैं प्रसन्न र उज्याला देखिन्छन् । उनले नेपाली साहित्यको काव्य, निबन्ध, कोशकार, उपन्यास जस्ता विविध विधामा कलम चलाएका छन् ।

# परिच्छेद तीन

# सीताराम अधिकारीको औपन्यासिक प्रवृत्तिहरू

## ३.१ परिचय

साहित्यकारहरूको कृतिलेखनमा अनेकौं मोड तथा उपमोडहरू हुनु भनेको स्वाभाविक नै हो । यसका प्रमुख कारक तत्त्वहरूमा समय तथा स्वयं लेखकका विचारमा आएका परिवर्तनहरू नै पर्दछन् । उपन्यासकार सीताराम अधिकारीको औपन्यासिक प्रवृत्तिलाई हेर्दा उनको एक मात्र उपन्यास 'उज्यालोको खोजी' (२०६८) लाई नियाल्नुपर्ने हुन्छ । उनको एक मात्र प्रारम्भिक चरणको उपन्यास हो उज्यालोको खोजी । जसको प्रकाशन २०६८ सालमा भएको थियो ।

सीताराम अधिकारीको यस उपन्यासले विभिन्न औपन्यासिक प्रवृत्तिहरूलाई प्रतिनिधित्व गरेको देखिन्छ । उनको उज्यालोको खोजी उपन्यासलाई विभिन्न समालोचक तथा विद्वान्हरूले विभिन्न ढंगले नियालेर हेरेको पाइन्छ । अधिकारीको एक मात्र प्रकाशति उपन्यास भएकोले यसैका आधारमा उनको औपन्यासिक प्रवृत्तिहरूलाई केलाउनु पर्ने हुन्छ । यस खण्डमा उनले लेखेको उज्यालोको खोजी उपन्यासको आधारमा उनका औपन्यासिक प्रवृत्तिहरू खुट्याइएको छ ।

वैचारिक, दार्शनिक दृष्टिकोणबाट अधिकारीको औपन्यासिक कृतिको मूल्याङ्कन गर्दै समालोचक गौरीनाथ ढकालले नारीवादी, द्वन्द्वात्मक र प्रगतिवादी चरणहरू रहेको उल्लेख गरेका छन् (ढकाल, २०६८ क) ।

यथास्थितिमा रहन चाहनेको विरुद्धमा समयसापेक्ष परिवर्तन हुनुपर्छ भन्ने मान्यता 'उज्यालोको खोजी' उपन्यासमा रहेको छ भन्ने समालोचक रामचन्द्र फुयालका अनुसार उपन्यासको उत्तरार्धमा भाग पाठकीय कौतुहल निर्माण गर्न खालको छ । यसले लैङ्गिक असमानता विरुद्ध लड्ने साथै सामाजिक, वर्गीय, लैङ्गिक तथा सत्तापक्षीय जस्ता समग्र विसंगतिका विरुद्ध लड्ने प्रगतिवादी सोच अगाडि सारेको छ । त्यसकारण यो उपन्यास विसंगतिवादीका साथै प्रगतिवादी सोंचबाट अगाडि बढेको छ भनेका छन् (फुँयाल, २०६८: ६) ।

### ३.१.१ आलोचनात्मक यथार्थवाद

सीताराम अधिकारीको औपन्यासिक प्रवृत्तिहरू मध्ये पहिलो प्रवृत्ति आलोचनात्मक यथार्थवाद हो । यसले समाजमा भए घटेका घटनालाई औपन्यासिक वस्तुको रुपमा जस्ताको तस्तै नटिपि समाजमा देखिएका कुरीति, शोषण, अन्याय अत्याचारबाट आर्थिक तथा जातीय भेदभाव, लैंगिक असमानता जस्ता विकृति र विसंगतिप्रति औंलो ठड्याउने कामसमेत गर्दछ (वस्नेत,२०५९:९) । समाजका विसङ्गति र विकृतिका यथार्थहरूलाई औल्याउँदै तिनको निराकरणको चाहना राखी आलोचनात्मक टिप्पणी गर्ने प्रवृत्ति अधिकारीको उपन्यासमा पाइन्छ । सामाजिक विसंगतिलाई चिरफार गरेर उचित समाधानको बाटो पहिल्याउन नसके तापनि त्यस्ता विकृति र विसङ्गतिको निन्दा विरोध गर्दै तिनीसँग जुध्नका लागि प्रेरणा प्रदान गर्नु आलोचनात्मक यथार्थवादको परिचय हो (बराल र अन्य, २०५८ :१९४) ।

प्रस्तुत उपन्यास उज्यालोको खोजीमा नारी पात्र उषाले समाजको विसंगति र अन्ध परम्पराको आलोचना गरेकी छ । त्यसैगरी उपन्यासको नायक उमेशले पनि समाजमा रहेको कुसंस्कार, धर्मान्धता, उत्पीडन, दमन,शोषण ,आर्थिक तथा जातीय भेदभाव आदि विरुद्ध लड्ने सम्पूर्ण योद्धाहरूको प्रतिनिधित्व गरेका छन् ।

आफ्नै जीवनको सबैभन्दा महत्वपूर्ण विवाह जस्तो कार्यमा जीवनसाथी रोज्नका लागि आफ्नो भूमिका शुन्य रहने संस्कारका विरुद्ध उषाले घोर आलोचना गरेकी छे । उच्च शिक्षाको प्राप्तिको चाहना र महिलाले पनि जीवनसाथी रोज्ने अधिकार पाउनै पर्छ भन्ने दृढ अठोटका साथ बाबु र काकाले चाँजो गरेका दाइजोप्रेमी व्यक्ति सँगको सम्बन्धलाई नस्विकारी घर त्याग्नु यस उपन्यासको आलोचनात्मक यथार्थवाद हो ।

### ३.१.२ नारीवादी उपन्यास

उपन्यासमा उषा, उमेश, ठाइँला धिताल, रमेशकान्त, उषाकी आमा तथा विदेशी गुरुआमाहरू अग्रप्रक्तिमा उपस्थित पात्रहरू हुन् भने अन्य थुप्रै पात्रहरू विभिन्न अंकहरूमा आएका छन् । उषा र उमेशको केन्द्रीयतामा उपन्यासको समग्र घटना संघठित भएका छन् । प्रमुख पात्र उषा र उमेश भए पनि कथावस्तुको संरचना भन्दा पनि लेखकीय उद्देश्य र फल प्राप्तिका कोणबाट प्रमुख पात्र उषा नै हो , जसको सेरोफेरोमा यसको कथा संरचित छ भने वस्तु संघटित छ । यसप्रकार उपन्यास नारीप्रधान छ (ढकाल, २०६८ झ) ।

यस उपन्यासको सुरुदेखि अन्त्य सम्म उपन्यासको मुख्य कथावस्तु उषा कै केन्द्रियतामा रहेर अगाडि बढेको छ । उपन्यासकारले उषा मार्फत् नारीहरूलाई उज्यालो तर्फ अगाडि बढ्ने सचेतना समेत दिएका छन् । उज्यालोमा अगाडि बढ्नका लागि नारी भित्र अदस्य आँट, तागत र भित्री हृदयमा ताप हुनु पर्ने कुरा समेत उपन्यासकारले व्यक्त गरेका छन् । आफ्ना काका र बाबुले खोजेको केटोसँग विवाह गर्नुभन्दा घर नै छाडेर निस्कने सम्म क्षमता भएकी उषाले उपन्यासको अन्त्यमा विजय हाँसिल गरेकी छ । त्यसकारण यो उपन्यास नारी प्रधान उपन्यास हो ।

### ३.१.३ प्रगतिवादी उपन्यास

अधिकारीको उज्यालोको खोजी उपन्यासमा सामन्त तथा शोषित र शोषक वर्गका बीचको वर्ग संघर्षको यथार्थ चित्र पाइन्छ । प्रतिनिधिमुलक कथ्य, पात्र, परिवेश, उद्देश्य लिएर लेखिएका उपन्यास नै प्रगतिवादी यथार्थवादी धाराका उपन्यास हुन् ( बस्नेत,२०५९:१०) तत्कालीन समयको समाज व्यवस्था परिवर्तनका लागि वर्ग द्वन्द्व अथवा क्रान्तिको आवश्यकता औंल्याउँदै शोषित र उत्पिडीत वर्ग सँग निकट सम्बन्ध देखाउँछन् । वर्गीय समाजमा विकृतिका रुपमा रहेको शोषण, धार्मिक, रुढीवादी मूल्य र मान्यता, साँस्कृतिक उपनिवेश आदि अनेकौं पाखण्डहरूबाट सताइएका गरीब र निमुखाहरूको मुक्तिका लागि द्वन्द्वात्मक भौतिकवादी मार्ग अपनाउनु प्रगतिवादी रचनाको वैशिष्ट्य हो ( बराल र अन्य; २०५८ : १९७) । जनताको नेतृत्वदायी, सङ्गठित र सबल भूमिकाका अगाडि सामन्त र पुँजीवादीहरू धराशयी हुने कुरालाई अन्तिम सत्य माने यिनै कुराहरूलाई नै अधिकारीका प्रगतिवादी चरणका उपन्यासको कलात्मक अभिव्यक्ति मानिन्छन् । प्रगतिवादी रचनाले समाजका अभाव र बिसङ्गतिको चित्रण वा भावुक क्रान्तिकारी चित्रण गरेर होइन, भौतिक र ऐतिहासिक नियममा आधारित समाजवादी मार्ग निर्देशनका साथ समस्याको समाधान पल्याएको हुन्छ । अधिकारीको उपन्यासमा यस्ता विशेषताका साथै उनको औपन्यासिक पात्रहरू बहिर्मुखी र समाजपरक बनेका छन् । ती पात्रहरू जीवन र जगतप्रति आशावादी बन्दै समाजमा सामन्तवादी आर्थिक राजनैतिक संरचनाले पारेका प्रभावका साथै समाज कस्तो हुनु पर्दछ भन्ने आदर्श समेत प्रस्तुत गरेका छन् ।

### ३.१.४ सूक्ष्म मनोविश्लेषण

अधिकारीको उपन्यास उज्यालोको खोजीमा देखा परेका विभिन्न प्रवृत्रिहरू मध्ये सुक्ष्म मनोविश्लेषणात्मक प्रवृति पनि एक हो । व्यक्तिका इच्छा आकांक्षा र जिजीविषालाई मनोवैज्ञानिक उपन्यासले आफ्नो कथ्य बनाउँछ र यसमा व्यक्तित्वका नीजि समस्याहरुलाई समेटिएका हुन्छन् (वस्नेत,२०५९:१२) उपन्यासको थालनी देखि अन्त्यसम्म पात्रको हैसियत अनुसार मनोविश्लेषण गर्न उपन्यासकार क्रियाशील देखिन्छन् । विशेष गरी नायिका चरित्र उषाको उत्साह र अनुत्साहको बेला भएको मनोविज्ञान केलाउन अधिकारी सफल भएका छन् । उपन्यासका पात्रका मनोजगतसँग सम्बन्धित कतिपय ग्रन्थीहरू र तिनले निम्त्याएका समस्याहरूको चित्रण गर्दा उपन्यासकारले स्वभाविक पृष्ठभूमि दिएका छन् । यस उपन्यासमा उषाको अति जीवन्त ढंगले मनोविश्लेषण गरिएको छ । जीवनको बैंसालु उमेर, उमेश सँगको अव्यक्त तथा व्यक्त प्रेम, आमा बाबुसँगको विछोड, समाजको परम्परावादी पितृसत्तात्मक सोंच, अनमेल विवाह आदिलाई केलाउन उषाको मनोविश्लेषणको प्रयोग गरिएको छ ।

उपन्यासमा उषाले विवाह परित्याग गरेर भागे पछि विशेष रुपमा त्रासदीको गुणले स्थान पाएको देखिन्छ । तत्काल उषाका आमाबाबु समाजमा बदनामी भयो भनेर रुँदा, आत्तिँदा उनीहरू उषा जीवित छ कि छैन भन्ने द्विविधामा परेको देखाइएको छ । त्यसैगरी उषा भागेपछि उसलाई विभिन्न किसिमको चिन्ता र पीरले सताएको देखाइएको छ । उसको जीवनको नै अन्त्य पो हुने हो कि ? भन्ने समेत सोच्न बाध्य पारिएको छ । उषालाई उमेशको चिठी प्राप्त नहुँदा धेरै निराश भएको आत्तिएको मनको विश्लेषण गरिएको छ । यसरी उपन्यासकारले सुरु देखि अन्त्यसम्म नारी पात्र उषाको मनको विश्लेषण गर्दै कथावस्तुलाई अगाडि बढाएको देखिन्छ । त्यसकारण यो उपन्यास मनोविश्लेषणात्मक उपन्यास हो ।

### ३.१.५ समतामूलक समाजको परिकल्पना

सीताराम अधिकारीको उज्यालोको खोजी उपन्यासमा समतामूलक समाजको परिकल्पना गरिएको पाइन्छ । उनको उपन्यास लेखन समाजवादी दिशातिर अभिमुख भएको पाइन्छ । उनको उपन्यासका पात्रहरू जीवन र जगत प्रति आशावादी बन्दै समाजमा सामन्तवादी आर्थिक, राजनैनिक संरचनाले परेको प्रभावको चित्रण गर्दछन् र समतामूलक

समाजको लागि आन्दोलन समेत गर्दछन् । यस उपन्यासमा वर्तमान परिवेशमा छोरा र छोरी दुवैलाई आत्म निर्णयको अधिकार समान हुनुपर्दछ भन्ने दर्शनमा द्वन्द्व गराइएको छ । वर्तमान समाजमा पुरुष सरह नारीले पनि जीवनसाथी रोज्ने समान अधिकार हुनुपर्छ । आमाबाबुले छोरालाई जस्तै छोरीलाई पनि चित्त बुझाएर मात्र विवाहको व्यवहार गर्नुपर्छ । अनमेल विवाह गर्न र गराउन पाइदैन भन्दै नर र नारीको समान हक अधिकार प्रदर्शित हुन सक्ने समतामूलक समाजको परिकल्पना यस उपन्यासमा गरिएको छ ।

### ३.१.६ सामाजिक यथार्थवादी

समाज जस्तो छ, त्यसको जस्ताको तस्तै व्याख्या र विश्लेषण गर्नु नै सामाजिक यथार्थवादी प्रवृत्ति हो । जगत् जीवनका साथै समाज जे जस्तो छ त्यस वस्तुयथार्थको वुद्दिसम्मत वर्णन- चित्रण यथार्थवादी साहित्यले गर्दछ (त्रिपाठी,२०४८:४८) । यस उपन्यासमा उपन्यासकार समाजको चरित्र व्याख्या गर्न सफल देखिएका छन् । उपन्यासका पात्रहरू समाजमा देखिने प्रवृत्ति विशेषको प्रतिनिधित्व गर्ने गरी निर्माण गरिएका नयाँ र पुरना पुस्ताका रहेका छन् । यस उपन्यासमा पितृसत्तात्मक नेपाली समाजको जस्ताको तस्तै वर्णन गरिएको छ । परिवारको सर्म्पूण निर्णयको अधिकार बाबुलाई हुने गर्दछ । त्यसकारण छोरीको लागि वर छान्ने जस्तो गम्भीर विषयमा पनि एक वचन नसोधी आफैले निर्णय गरेको देखाइएको छ । समाजमा सानो कुरा गडबढ भएमा पनि गाउँलेहरू हाँस्ने र विग्रेको कुरामा खति थाप्ने गर्दछन् भन्ने कुरा उषाको आमाको अभिव्यक्तिबाट प्रष्ट हुन्छ । त्यसैगरी यस उपन्यासमा सहायक कथानकको रुपमा आएको बालविवाह र अनमेल विवाहको प्रसंगले पनि समाजको यथार्थ चित्रण गरेको छ । त्यसकारण अधिकारी सामाजिक यथार्थवादी उपन्यासकार छन् ।

## ३.२ निष्कर्ष

सीताराम अधिकारीको 'उज्यालोको खोजी' (२०६८) उपन्यास पहिलो उपन्यास हो । यसै उपन्यासबाट उनको औपचारिक रुपमा औपन्यासिक यात्राको शुरुवात भएको मान्न सकिन्छ । उनको यस उपन्यासमा आलोचनात्मक यथार्थवादी, क्रान्तिकारी चेतना, सामाजिक यथार्थवादी, नारीवादी प्रवृत्ति, प्रगतिवादी दृष्टिकोण, सूक्ष्म मनोविश्लेषणको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासले उज्यालो ज्योति मार्फत प्राप्त हुन्छ । हरेक व्यक्तिलाई ज्योति अर्थात शिक्षा दिनुपर्छ । शिक्षा केन्द्र समाज परिवर्तनको वाहक हो । समाजमा भएका कुसंस्कार, अन्धविश्वास, दमन, शोषण आदि हटाउने एक मात्र माध्यम शिक्षा हो भन्ने कुरा देखाइएको छ ।

# परिच्छेद चार

# औपन्यासिक तत्त्वका आधारमा उज्यालोको खोजी उपन्यासको अध्ययन

## ४. परिचय

उज्यालोको खोजी (वि.सं.२०६८) उपन्यास सीताराम अधिकारीको औपन्यासिक यात्राको प्रथम औपन्यासिक कृति हो । हालसम्म प्रकाशित उनको एक मात्र औपन्यासिक कृतिको रुपमा चिनिन्छ, उज्यालोको खोजी उपन्यासलाई यस उपन्यासले तत्कालीन समयको पितृसत्तात्मक समाजको यथार्थ चित्र प्रस्तुत गरेको छ । यस उपन्यासको प्रकाशन २०६८ सालमा दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडस प्रा.लि. अनामनगर, काठमाडौंबाट भएको हो । यस उपन्यासले आलोचनात्मक यथार्थवादमा पाइला उठाउँदै यथार्थवादको खुड्किलोसँगै उत्तरवर्ती प्रगतिवादी उपन्यास लेखनका लागि आधारशिला समेत तयार गरेको देखिन्छ । यस परिच्छेदलाई विभाजन गरेर उपन्यासको शरीर रचना अर्थात, रचना विधानमा विधागत स्थितिलाई समेत आत्मसाथ गर्दै यहाँ औपन्यासिक तत्त्वका आधारमा उज्यालोको खोजी (२०६८) उपन्यासको अध्ययन गरिएको छ ।

## ४.१ औपन्यासिक तत्त्वका आधारमा उज्यालोको खोजी उपन्यासको विश्लेषण

उपन्यासकारले आफ्ना विचार, धारणा वा अनुभूतिलाई उपन्यासहरूमा राखेको हुन्छ । केही नभए कुनै वस्तु, घटना वा विचारप्रति उसले आफ्नो प्रतिक्रिया उपन्यासमा जनाएको हुन्छ । त्यसैले उपन्यासहरूमा उपन्यासकारको मस्तिष्क वा भावनाको अंश प्रतिविम्वित भएको हुन्छ तर उपन्यासकारले आफ्ना यिनै विचार वा अनुभूतिलाई घटना वा पात्रको अन्योन्याश्रित सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाई एउटा उपन्यासको आकार प्रदान गर्दछ । यही आकार नै उपन्यासको संरचना हो । यस भित्र स्थूल तत्त्वहरू मात्र पर्दछन् जस्तो कथावस्तु, पात्र, कथात्मक दृष्टिविन्दु, कथानक ढाँचा, सारवस्तु आदिलाई लिन सकिन्छ (श्रेष्ठ, २०५७ : ९) । त्यसैले यस खण्डमा उपन्यासका संरचना अन्तर्गत पर्ने विभिन्न बुँदाहरूको आधार वा उपन्यासका स्थूल तत्त्वहरूलाई समावेश गरी अध्ययन गरिएको छ ।

### ४.१.१ कथावस्तु

उपन्यास संरचनाका तत्त्वहरू मध्ये कथावस्तु सबैभन्दा महत्वपूर्ण आधारभूमि मानिन्छ । कथावस्तु नै उपन्यासको बृहत्तम तत्त्व, घटक वा अवयव हो । यसले उपन्यासको संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँदछ । उपन्यासका यस तत्त्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व वा घटकहरूलाई समेत यसले गहिरो रुपमा प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयं लेखकको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०५७ : ९) ।

'उज्यालोको खोजी' उपन्यासमा अशिक्षित पहाडी समाजको यथार्थ चित्रण गरिएको छ । यो उपन्यास अस्तित्त्व, विसंगति र आलोचनात्मक यथार्थबीचको त्रिकोणात्मक सङ्गमलाई आधार बनाएर अगाडि बढेको छ ।

यस उपन्यासको सामाजिक पृष्ठभूमि लमजुङ, पीठखर्क, गोरखा, केही तनहुँ र काठमाडौं भागहरूमा रहेको छ । उपन्यासमा देखाइएको द्वन्द्वले अशिक्षाले ग्रसित र शिक्षितहरूका बीचको द्वन्द्वको इङ्गित गर्दछ । यस उपन्यास मार्फत आम नेपाली नारीहरूलाई विद्रोही बन्न प्रेरित गरिएको छ । उपन्यासको पहिलो खण्डमा हिन्दु परम्परामा भएको परम्परागत वैवाहिक संस्कारको चिरफार गर्न खोजिएको छ । उषाको जीवनबाट छोरा र छोरी दुवैले शिक्षा पाउने अधिकार समान हुनु पर्छ वैवाहिक उमेर पुगिसकेपछि आफूले जीवन साथी रोज्ने स्वतन्त्रता नर र नारी दुवैलाई समानरुपमा हुनुपर्छ भन्दै पश्चिमी समाजलाई उदाहरणको रुपमा उभ्याइएको छ । दोस्रो खण्ड गन्धर्वले गीत गाएको परिवेशबाट सुरु गरिएको देखाइएको छ । गीतमा छोरीको हारेको कर्म भन्दै छोरी पाउने बाबुआमालाई सधैं पीर हुने कुरा बताइएको छ । उषा आफू छोरी भएको र कर्म हारेको कुरालाई लिएर साथीहरूसँग अव्यक्त घटनाको फलस्वरुप रोएको दृश्य देखाइएकोछ । दोस्रो खण्डमा नै उषा र उमेशको भेट भएको छ । उषाले उमेशलाई आफूले पढ्न छाडेको कुरा व्यक्त गर्दै यसको दोष समाजलाई दिएकी छ । हिन्दुहरूको चाड माघे सक्रान्तिको वर्णनबाट तेस्रो खण्डको सुरुवात गरिएको छ । आमा र काकासँग नुवाएर घर फर्कने क्रममा उषाको मनभित्र नारी विद्रोहको भाव सल्बलाएको देखाइएको छ । माघे सक्रान्तिको दिन उसलाई उमेशसँग भेट गर्न मन लागेको, उसको बारेमा विविध तर्कनाहरू उषाको मन भित्र आएको र उमेश काठमाडौं जाने कुराले बढी खुलदुली मच्चिएको देखाइएको छ । उमेशको मनमा पनि उषाप्रति सकारात्मक विचार आएको, उमेशलाई भेट्न उषा घरैमा गएको देखाइएको

छ । गाउँमा भएको बालविवाहलाई विरोध गर्दै साथी सहित बिहे स्थलमा गएको घटना यस खण्डमा देखाइएको छ । भने चौथो खण्डको सुरुवातमा नै उषालाई उच्चशिक्षा दिनुका सट्टा विवाह गरिदिने कुरा चलाइएको देखाइएको छ । यस परिच्छेदमा व्यर्थैमा मही माग्नु छ ढुङ्ग्रो लुकाउन जस्ता उखान टुक्काको पनि प्रयोग गरिएको छ । उषाका लागि बिहे गर्न २८ गतेको लागि लगन जुराउनु तर उषालाई यो कुरा सहि नसक्नु भएको देखाइएको छ । बुवा र काकाले खोजेको केटोसँग बिहे गर्ने इच्छा नभएको कुरा उषाले आमासँग व्यक्त गरेकी छ । अन्ततः उमेशसँग सहयोगको आशा माग्दै चिठी लेखेको र त्यसको शीघ्र प्रति उत्तरको प्रतिक्षा गरेको देखाइएको छ । पाँचौ खण्डमा प्रतिक्षा गर्दागर्दै बिहेको दिन आइपुग्न लागेकाले उषाले घर छोडेको उषा उज्यालोको खोजीमा हिडेको देखिन्छ । यसै समयमा नै उषाको भेट विदेशी गुरुआमाहरू सँग हुन्छ । उनीहरूको सहयोगमा उषा पनि गुरुआमाहरूसँगै बस्न र काम गर्न थालेको देखाइएको छ । त्यसैगरी उपन्यासको छैटौं खण्डमा उषाले उमेशको चिठी पाएको देखाइएको छ । यसका साथसाथै उषाले बेलायती गुरुआमाहरूसँगै पढाउन सुरु गरेको देखिन्छ । सातौं खण्डमा उषाले उमेशलाई आफू बेलायती गुरुआमाहरूसँग भएको जानकारी गराउँदै चिठी लेखेको देखाइएको छ भने उता घरतिर उषाका आमाबाबुले उषा हराएकोमा धेरै शोक गरेको देखाइएको छ । उषाले भने बेलायती गुरुआमाहरूसँग नेपाली परिवेशमा नारी स्वतन्त्रता र हकहितका कुराहरू गरेको देखाइएको छ । आठौं खण्डमा विद्यालयमा पठनपाठन विदा भएको समयमा काठमाडौं घुम्न गएको दृश्य देखाइएको छ । पहाडी परिवेशमा हुर्की बढेकी उषालाई गुरुआमाहरूले हवाइजहाज चढाइ काठमाडौं लगेको देखाइएको छ । नवौं खण्डमा काठमाडौंको हवाइ अड्डाको परिवेश को सजिव चित्रण गरिएको छ । अंग्रेजी भाषाको समेत प्रयोग गर्दै गुरुआमाहरूलाई लिन आएका एक जना बेलायती नागरिकको परिचय दिलाइएको छ । बेलायती गुरुआमाहरू टम स्मिथसँग कुराकानी गर्न लाग्छन् र उषा भने उमेशको कल्पना गर्न थाल्छे । गुरुआमाहरूले उषालाई उमेशको ठेगाना भए पत्ता लगाउन सकिने आश्वासन दिन्छन् र उषालाई यसका लागि सहयोग गर्ने कुरा समेत बताउँछन. । दशौं खण्डमा उषा, गुरुआमाहरू तीनैजना उमेशको डेरा खोज्न हिड्छन् तर उमेश डेरामा नभएको र उसका बारेमा केही थाहा नभएको कुरा घरबेटीको छोरी रजनी मार्फत सुनेपछि उषाको मनमो निकै नैराश्यता उत्पन्न हुन्छ । यस उपन्यासको बाह्रौं खण्डको सुरुवातमा उषाको नैराश्यपूर्ण र विक्षिप्त मनको विश्लेषण गरिएको छ । दुःखको अवस्थामा सहायता गर्ने बेलायती उदारवादी

संस्कारलाई प्रष्ट रुपमा देखाउँदै उषालाई हरेक दिन नयाँ-नयाँ ठाउँमा घुमाउन लगेको दृश्य देखाइएको छ । भने यसै खण्डमा अस्वभाविक रुपमा उमेश आफ्नो भेट भएको उनीहरू दुई बीच दाजु बहिनीको प्रेमभाव भन्दा पनि प्रेमि प्रेमिकाको जस्तो भाव व्यक्त भएको उनीहरू एक अर्कोसँग अंगालो हालेको र चुम्बन गरेको दृश्यको परिकल्पना उषाले गरेकी छ ।

यस उपन्यासको बाह्रौं खण्डमा उमेश घर पुगेका र घरका सदस्यहरूलाई भेटेको छ । त्यसैगरी उमेशका छिमेकीहरूले पनि उसलाई भेटेको र भोलि पल्ट उसलाई उषाको भेटको यादले सताएको देखाइएको छ । उसलाई उषाको बारेमा जान्न मन लाग्छ, उसले आफ्नी भाउजुसँग उषाको बारेमा सोध्दा केही पत्ता नभएको जानकारी पाउँछ । यसका साथै उषाको बिहे गर्न नमानी घरबाट भागेको कुरा थाहा पाउँदा उमेश निकै दुःखी भएको देखाइएको छ । उपन्यासको अर्को खण्डमा वर्ष बिदा काठमाडौं बिताएर फर्केकी उषाको विद्यालयमा निष्ठावान भई काम गरेको र ऊ प्रति विद्यालय परिवार खुसी भएको देखाइएको छ । तर उषाको मनमा भने उमेशसँग भेट्ने धोको रहिरहेको देखाइएको छ । उषा काठमाडौंबाट फर्किएको एक हप्तापछि उसको ढोकामा 'नकनक' आवाज आयो र उषाले उमेशको चिठी प्राप्त गरेको देखाइएको छ । उषाले उमेशको बारेमा सबै बृत्तान्त चिठी मार्फत थाहा पाएको देखाइएको छ । चिठीमा प्रेमको प्रगाढता, आाशावादी भविष्य, परम्परावादी समाजसँगको संघर्ष र निडरपनको बारेमा लेखिएको देखाइएको छ र त्यसको प्रत्युत्तर पनि उषाले हुलाकी मार्फत नै पठाएकी छ । उपन्यासको चौधौं खण्डमा उषाको अतृप्त प्रेम वासनको विश्लेषण गरिएको छ । उषाको भेट एकजना महेश भन्ने काठमाडौंबाट आएको मानिससँग भएको देखाइएको छ । त्यसैगरी विद्यालयबाट तालिमका लाीग दुई वर्ष काठमाडौं जाने कुरा गुरु आमाबाट थाहा पाइ । यस बारेमा गुरुआमाले उषालाई अब उमेशसँग भेट हुने भयो । भन्दै जिस्काएको र हाँसो ठट्टा गरेको देखाइएको छ । उपन्यासको पन्ध्रौं भागमा फूलपातीको दिन सम्म उमेश र उषाको भेट भएको देखाइएको छैन । भने नवमीको दिन बिहानै उषाको ढोकामा उमेश आएको र उनीहरूको स्वभाविक रुपमा भेट घाट भएको देखाइएको छ । उनीहरूको प्रेमालाप देखाइएको छ, उनीहरू दुई बीच अगाध प्रेम देखाइएको छ । उमेशले उषाका लागि उपहार ल्याएको देखाइएको छ । उषाले बेलायती गुरुआमाहरूसँग पनि उमेशको भेट गराएकी छ । र उमेशसँग विवाह गर्ने बाचा सहित यस खण्डको अन्त्य भएको देखाइएको छ ।

उपन्यासको सोह्रौं खण्डमा उषामाथि सांघातिक आक्रमण भएको ऊ बेहोश भई ढलेको देखाइएको छ । भने उपन्यासको सत्रौं खण्डमा उमेश बिजयादशमीको टीका थाप्न भनेर बेलुका साँझमा घर पुगेको देखाइएको छ । तर टिका थाप्न नपाएको देखाइएको छ । घरका सदस्यहरूसँग र साथीहरूसँग उमेशको भेट गराइएको छ । उपन्यासको अन्तिम खण्ड अर्थात अठारौं खण्डमा उमेश र उषाको भेट गराइएको छ । उनीहरूबीचको प्रेमभाव प्रकट भएको छ, एकले अर्कोलाई आफ्नी भनी विवाहका लागि निमन्त्रणा लेखिएको कार्ड गुरुआमाहरूलाई दिएपछि उपन्यासको अन्त्य गराइएको छ ।

### ४.१.१.१ कथानक स्रोत

उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । त्यस्ता स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तमिश्रण गर्नाका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथानकको सिर्जना गर्दछ । यो कुरा उपन्यासकारको रुचिक्षेत्र अनुसार नै त्यसैले संरचना अर्न्तगत उपन्यासकारले राखेको विषयगत रुचिक्षेत्रको आधारमा यसको वर्गीकरण गर्न सकिन्छ (श्रेष्ठ, २०५७ :१४ ) ।

उज्यालोको खोजी उपन्यास पहाडी परिवशेलाई आधार बनाई निम्न वर्गीय तथा अशिक्षित, परम्परावादी समाजलाई पृष्ठभूमि बनाइएको छ । त्यसैले प्रस्तुत उज्यालोको खोजीमा उपन्यासमा मानिसहरू कुन प्रकारको जीवनशैली बाँचेका छन् र ती मानिसहरूको सामाजिक पृष्ठभूमि तथा आकांक्षाहरू के कस्ता रहेका छन् भन्ने यथार्थ माथि प्रकाश पार्न खोजेको देखिन्छ । यस उपन्यास लेखनको समय भनेको २०३३/३४ सालतिरको अवस्था हो । त्यससमयमा देशमा तथाकथित समाज सुधार र आर्थिक सुधार, साँस्कृति सुधार तथा शैक्षिक सुधारका नारा आए पनि तिनको उपयोग जनताको पक्षमा सही ढङ्गले हुन नसकेकाले असन्तुष्टिका ज्वारहरू मान्छेमा उठ्न थालेका थिए । अनि मान्छेमा सामन्त अर्थव्यवस्थाले जन्माएको आर्थिक शोषण र प्रशासनिक दमनका विविध पक्षहरू मुलुकका निम्न वर्गीय जनतालाई बोझ बन्न आएका कारणले मान्छेमा क्षुब्ध मानसिकताको प्रादुर्भाव भइसकेको थियो । यस किसिमको पीडालाई स्रोतका रुपमा र रुचि दिदैं अभिव्यक्रि गर्ने क्रममा नै जन्मेको मान्न सकिन्छ 'उज्यालोको खोजी' ।

यस उपन्यासले समाजमा रहेका कुरीतिहरूबाट समाजलाई कसरी मुक्त गर्न भन्ने आशय राखेको छ । समाजमा प्रचलित छुवाछुत, बालबिवाह, नारी शिक्षा जस्ता असामाजिक प्रथा समयको परिवर्तन सँगै हराएर जान नसक्नुको मुख्य कारण नै अशिक्षा हो । वास्तवमा समाज असामाजिक प्रथाबाट मुक्त हुनका निम्ति समाजकै सबै सदस्यहरूमा चेतना आउनु पर्दछ र यो स्तरीय व्यवहारीक शिक्षाबाट मात्र सम्भव छ भन्दै सामाजिक कुप्रथालाई पनि कथानकको स्रोत बनाइएको छ ।

यसै सन्दर्भमा उपन्यासकारले उषा, उमेश, ठाइँला धिताल, रमेशकान्त, उषाकी आमा, उषाका काका रजनी तथा गुरुआमाहरू जस्ता पात्रहरू सिर्जना गरेका छन् । उषा र उमेशको केन्द्रियतामा कथावस्तु घुमेको देखिन्छ । समाजमा विद्यमान रहेको कुप्रथाहरूको खुलेर विरोध गरेका पात्रहरू उषा र उमेश कै कार्यबाट लेखकीय उद्देश्य पूरा भएको देखिन्छ ।

विवाह गर्ने उमेर पुगेकी छोरीको कुनै सहमति बिना नै बाबुआमाले उसका लागि बिहेको लगन हेरेका छन् । एकातिर आफूलाई बिहे गर्ने मन नहुनु, आफूले मन पराएको केटो अर्कै हुनुले गर्दा उषा बिहे गर्न नमानी घर छाडेर हिड्न बाध्य भएकी छ । ऊ विद्रोही र संघर्षशील नारी हो । गन्तव्यको कुनै ठेगानै नभइ घर छोडेर हिडेकी छे । त्यसैगरी समाजमा भएको अशिक्षालाई हटाउन उमेश प्रयासरत देखिन्छ । कहिले पुस्तकालय खोल्ने त कहिले बाचनालय खोल्ने, त्यसको व्यवस्थापन गर्ने कार्य गरेको देखिन्छ । समाज परिवर्तनका लागि समाजमा हुँदै गरेको बालविवाह र अनमेल विवाह रोक्ने काम पनि उमेशले गरेको देखिन्छ । समाजका लागि गरेका यी कार्यहरूबाट जेलमा समेत परेको उमेशले समाजको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक तथा धार्मिक परिवर्तन चाहेको देखिन्छ ।

वास्तवमा हरेक आमाबाबुले आफ्नो सन्तान ठूलो भएपछि केही न केही कार्य गरोस्, भन्ने चाहन्छन् तर यस उपन्यासकी नायिका उषाका आमाबाबुले भने छोरीलाई अब पढाएर माइत मै पालि राख्नु भन्दा बिहे गरेर पठाउन चाहेको देखिन्छ । त्यो पनि छोरीलाई मन नपरेको केटोसँग । यसले नारी स्वतन्त्रता र हक अधिकार प्रति पुरुष प्रधान समाजको हैकमवादी प्रवृत्ति रहेको देखिन्छ । त्यसैगरी उपन्यासमा देखिएका महेश जस्ता पात्रले पनि नारी रुप र यौवन माथि लोभ राख्ने पुरुषलाई संकेत गरेको देखिन्छ । उपन्यासको मुख्य पात्र उषा र उमेशको जीवनमा अनेकौं आरोह र अवरोधहरू आए तापनि अन्ततः एकै मन र एकै विचारका कारण प्रेम विवाह सम्पन्न भएको दृश्यबाट कथानक टुँगिएको छ । उपन्यासमा

देखाइएको पहाडी समाज, अशिक्षित गाउँले, अनपढ बाबुआमा, काठमाडौं शहर, मिसिनरी विद्यालय, बेलायती गुरुआमाहरू आदि सबै उपन्यासको कथानक स्रोत हुन् ।

**४.१.१.२ कथानक ढाँचा**

उपन्यासमा सुरुदेखि अन्त्यसम्म घटेका घटनाहरूको संयोजनको अवस्थालाई नै कथानकको ढाँचा भनिन्छ । अर्थात् उपन्यासकारले उपन्यासभित्र घटेका घटनाहरूको संयोजन कसरी गरेको छ ? त्यो कथानक ढाँचा हो । उपन्यासमा कथानकको विन्यस्तता ( संयोजन) विभिन्न तरिकाले गरिने भएपनि दुई ढाँचा प्रचलित छन् । ती रैखिक र वृत्ताकारीय ढाँचा हुन् (वराल र अन्य,२०५८:२७) । उज्यालोको खोजीमा उपन्यासको कथावस्तुले आफ्नो प्रस्तुती ढाँचा, परम्परागत शैलीलाई आत्मसाथ गरेको हुनाले रैखिक गतिको कथानक हुनु स्वभाविकै हो । यस उपन्यासमा कथावस्तुको आदि मध्य र अन्त्यको शृङ्खला मिलेको पाइन्छ ।

कथानकको विकासमा आदि, मध्य र अन्त्यको समुचित विन्यास भएको हुनुपर्दछ । आदि, मध्य र अन्त्य कथानक विकासका अङ्ग हुन् । उपन्यासको विधागत रुपमा हेर्दा समष्टिमा कथावस्तुको विकास आरम्भ, संघर्ष-विकास, चरमोत्कर्ष, संघर्ष ह्रास र उपसंहार गरी पाँच अवस्था हुन्छन् । आदि, मध्य र अन्त्यको कोणबाट हेर्दा प्रारम्भ र संघर्ष विकास आदिमा पर्दछ । चरमोत्कर्ष मध्यममा पर्दछ भने सङ्घर्ष ह्रास र उपसंहार अन्त्यमा पर्दछन् । यस दृष्टिकोणले उज्यालोको खोजीमा उपन्यासको कथावस्तुलाई हेर्दा यसमा आदि, मध्य र अन्त्यको शृङ्खलित विकास भएको पाइन्छ । यस उपन्यासको सुरु उषाको विवाहको कुरा चलेको दृश्यबाट भएको छ । यही विन्दुबाट आरम्भ भएको उपन्यासको कथानक उसको बिहे गर्न नमानी घर छाडेको दृश्य सम्मको चरणलाई आदि भागमा राख्न सकिन्छ । यसमा उपन्यासको प्रमुख पात्र उषाले बुवा र काकाले खोजेको केटासँग बिहे गर्न नमानेको छोरी ठूली पारी राखे बाउ आमाको नाक काटिने कुरा गन्धर्वले गीत गाएको, उमेश र उषाको चिनजान भएको, उमेश र उषाको बीचमा उषाले पढाइ छाड्नुकाा कारणबारे भलाकुसारी भएको, उषाले उमेशसँग आफू छोरी हुनुपरेकोमा धिक्कारको कुरा देखाइएको छ । त्यसैगरी उषा साथीहरूसँग एक्कासी डाँको छोडेर रोएको देखाइएको छ । विभिन्न उखान टुक्काको प्रयोग गर्दै उषा र उमेशको वार्तालाप गरेको देखाइएको छ । त्यसैगरी माघे सङ्क्रान्तिको दिनमा चेपे घाटको मेलामा उमेश र उषा भेटिएको देखाइएको छ । उमेश आफ्ना साथीहरू सित गएको र उषा आफ्नी आमासँग गएको, उमेशले उषालाई पहिले नै देखिसकेको तर

बोलाउन नसकेको अवस्थामा उषाले भने उमेशलाई देख्नासाथ बोलाएर कुराकानी गरेको देखाइएको छ । घर फर्कने क्रममा उषाकी आमा र काका बाटोमा उषाको बिहेका बारेमा कुरा गर्दै आएको देखाइएको छ । तर उषालाई यो कुरा मन परेको थिएन । त्यसकारण उसले आफ्नो जीवनसाथी आफैं छान्ने अठोट गरेकी देखाइएको छ । उषाले उमेशलाइ भेट्न उसैको घरमा गएको देखाइएको छ । छुट्टिने क्रममा चिठी लेख्नुहोला भन्दै दुवै जना टाढिएको देखाइएको छ । यता उषाको घरमा उसका लागि विवाहको केटो ठीक पारी लगन जुराइएको छ । उषा भने घरमा बिहेका लागि कुरो चलाइएको केटो सँग बिहे गर्दिन भनी आमासँग समाजका कुरीति र कुसंस्कारको खुलेर कुरा गर्छे । आमाले बिहेका लागि निकै कर गर्छिन् । बिहेको पुरै तयारी हुन्छ । फागुण २७ गतेको दिन आउँछ, २८ गतेका बिहान ९ बजिसक्दा पनि उषा बाहिर ननिस्केपछि उषाकी आमाको मनमा चिसो पस्छ । भित्र छोरी नभएपछि उनको मनमा ढ्याङ्ग्रो ठोक्छ । उनी आफ्नी छोरी कहाँ गई ? किन भागी ? के समस्या पऱ्यो कि भन्ने सोच्नु भन्दा पनि अब समाजले के भन्ला ? केटालाई रित्तै कसरी पठाउने भन्ने बारेमा सोच्न थाल्छिन् । हुलमुलमा विभिन्न आवाजहरू सुनिन थाल्छन्. । उषाको चिठी साइला धितालले पढ्छन् त्यस पछि उषाको बाबुआमालाई आफ्नी छोरी जीवित छ कि छैन भन्ने विषयमा चिन्ता पर्न थाल्छ । यसरी प्रस्तुत उपन्यासमा उषाको बिहेको कुरा चले देखि घर छाडेर भागेर हिड्नु सम्मको चरणलाई आरम्भ मान्न सकिन्छ । उपन्यासको छैटौं खण्डमा उपन्यासकी नायिका उषा अँध्यारोमा उज्यालो खोज्दै निस्किएकी देखाएकी छ । उषाले उमेशको चिठी पाएको, चिठीमा उषालाई समाजमा संघर्ष गरेर आफ्नो अधिकार सुनिश्चित गर्नुपर्ने, निडर र निर्भिक हुनुपर्ने, अस्तित्त्वका लागि क्रान्ति गर्नुपर्ने कुरा व्यक्त गरेको देखाइएको छ । त्यसैबेला उषाको भेट दुइ जना बेलायती महिलाहरूसँग भएको र उनहरूसँग, नै उषा अगाडि बढेको देखाइएको छ । ती महिलाहरूले उषाका कुरा ध्यानपूर्वक सुन्दै उषा प्रति माया र सद्भाव देखाइएको जानकारी गराइएको छ । अन्ततः उनीहरूले उषालाई आफूसँग बस्न र विद्यालयमा पढाउनका निम्ति प्रस्ताव गरे । यस अवस्थाले उषाको मनमा शान्ति छाएको देखाइएको छ । त्यसकारण उषामा सृजना गरिएको शान्ति र आशावादी सोंच सम्मलाई सङ्घर्ष विकासको रुपमा लिन सकिन्छ ।

त्यसपछि उषाले बेलायती नारीहरूसँग नमुना प्राथमिक विद्यालयमा पढाउन थाल्छे । घरबाट धेरै संघर्ष गरेर निस्किएकी उषाले विद्यालय पढाउन थालेपछि गुरुआमाहरूबाट धेरै नयाँ-नयाँ कुरा थाहा पाउन थालेको र स्वतन्त्र अनुभव गरेको देखाइएको छ । उसले बिहे

नगरी भागेकोमा कुनै पश्चाताप नभएको अझै त्यसमा आमाको होइन तर आफ्नो जीत भएको समेत महशुस गरेकी छ । त्यसैगरी विद्यालयमा पनि विद्यार्थीहरूले उषालाई मन पराउने गरेको र शिक्षक तथा अभिभावकहरू पनि उनको कामबाट सन्तुष्ट भएको देखाइएको छ । यही क्रममा उषाले उमेशलाई आफ्नो सम्पूर्ण बृत्तान्त लेखी पत्र पठाएको देखाइएको छ । त्यसपछि उषाको मन उमेशतिर मात्रै मोडिएको देखाइएको छ  उषा गुरुआमाहरूसँग काठमाडौं जानु त्यहाँ उमेशलाई नभेट्नु, उषाले घरपट्टीकी छोरीबाट उमेश हाल कहाँ छ, थाहा नभएको देखाइएको छ । उषा विद्यालय फर्किसकेपछि पनि उनीहरूको भेट हुन सकेको छैन । ऊ कल्पनामा रमाएकी छे । त्यसपछि उमेशको साथी महेशसँग उषाको भेट भएको देखाइएको छ । महेशसँगको भेटको केहि दिनपछि उषा र उमेशको स्वभाविक रुपमा भेट भएको छ । यो भेटमा नै उमेशले उषाका लागि लुगा, कलम, धागो उपहार ल्याएको अनि दुवैजना विच प्रेम सम्बन्ध प्रगाढ भएको देखाइएको छ । यसले उपन्यासको कथालाई उत्कर्षका लागि भूमिका तयार पारेको छ ।

उपन्यासको पन्ध्रौं खण्डमा बेलायती गुरुआमाले उषालाई तालिमका लागि काठमाडौं जानुपर्ने कुरा व्यक्त गरेकी छन् । उनले उषालाई उमेश पनि काठमाडौं नै भएकाले तपाइका लागि यो तालिम फलदायी हुनेछ भन्दै जिस्क्याएको देखिन्छ । उषा भने उमेशको यादमा छटपटाइरहेकी हुन्छे । विजयादशमीको सप्तमीको दिनसम्म उमेश आइ नपुगेपछि निराश बनेकी उषा नवमीको दिन बिहानै ऊ आइपुग्दा निकै खुशी हुन्छे । उषासँगको भेटपछि उमेश घरतर्फ लाग्छ । घरमा गएर ऊ भाइटीका पछि मात्र उषालाई भेट्न आएको देखिन्छ । यस पटकको भेटमा उनीहरू अझै बढी खुसी देखिन्छन् । उनीहरू बीचको आपसी प्रेम सम्बन्धलाई छिट्टै अदालती विवाह गरी वैवाहिक दाम्पत्य जीवन सुरुवात गर्ने कुरा निधो गर्छन् । र बेलायती गुरुआमाहरूलाई बिहेको निमन्त्रणा दिएपछि उपन्यासको अन्त्य भएको छ ।

यसरी उपन्यासको आरम्भ, मध्य र अन्त्यको अवस्था ढाँचा मिलेको पाइन्छ । त्यसैले उपन्यास रैखिक ढाँचामा उनिएको भन्न सकिन्छ । यसैले यो उपन्यास कथानक-विकासका अङ्गको दृष्टिकोणले पूर्ण छ भन्न सकिन्छ ।

## ४.१.२ पात्र-विधान र चरित्र चित्रण

उपन्यासमा देखिने मानवीय तथा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पनि पात्र भनिन्छ । उपन्यासमा चरित्रको भूमिका देखाउँने ढंगलाई चरित्र चित्रण भनिन्छ (वस्नेत २०५९:२५) उपन्यासमा कथावस्तुसँग सम्बद्ध विविध घटनाहरूलाई गति दिने माध्यम पात्र र उसको चरित्र हो । उपन्यासमा पात्रको चरित्र-चित्रणका माध्यमले जीवनजगत्को सर्वाङ्गीण चित्र उतारिएको हुन्छ । उपन्यासमा चरित्र वा पात्र भन्ने बित्तिकै मानव पात्रहरू पुरुष वा महिलाहरूको प्रतिविम्व आउँछ तर मानवेत्तर र अतिमानवीय पात्र चयन गरेर पनि उन्यासको सृजना भएको पाइन्छ । आधुनिक उपन्यास परम्परामा मानव चरित्र र सिङ्गो समाजलाई बुझ्ने र बुझाउने प्रमुख तत्त्वका रुपमा चरित्र-चित्रणकै माध्यमबाट उपन्यासमा पात्रहरूका व्यक्तिगत, सामाजिक, जातीय तथा वर्गीय विशेषताहरू र मानवीय विशेषताको शाश्वत् सत्यको उद्‌घाटन गरिन्छ । उपन्यासमा पात्रको भुमिका महत्त्वपूर्ण रहन्छ । यसमा पात्रको चरित्र-चित्रणका माध्यमले जीवन जगतको सर्वाङ्गीण चित्रण उतारिएको हुन्छ ( शर्मा, २०४८ : ११४)। उपन्यासमा वस्तुको प्रतिपादन, विश्लेषण र चरित्र-चित्रणको मुल आधार नै पात्र र उसले गरेको सम्वाद तथा कार्यव्यापार हुन् । आधुनिक चरित्र-प्रधान उपन्यासमा चरित्रलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ । यसैका आधारमा समालोचकहरूले कृतिको समीक्षा समेत गर्ने गर्दछन् ।

अधिकारीको प्रस्तुत उपन्यास 'उज्यालोको खोजी' पनि कथावस्तु भन्दा चरित्र -चित्रण बढी प्रभावशाली देखिएको छ । त्यसकारण 'उज्यालोको खोजी' उपन्यास चरित्र प्रधान उपन्यास हो । यसका कथावस्तु भन्दा चरित्रलाई नै बढी महत्त्व दिइएको छ । गरिव र अशिक्षित निम्नस्तरीय पहाडी जीवनको यथार्थ चित्रण प्रस्तुत गर्ने क्रममा अधिकारीले उषाका आमाबाबुले उसलाई एस.एल.सी. पास गरेपछि पढाउन नसकेको देखाइएको छ । उपन्यासमा प्रमुख, सहायक, गौण तथा नेपथ्य पात्रहरू रहेका छन् । यस उपन्यासमा उषालाई र उमेसलाई प्रमुख पात्रको रुपमा लिन सकिन्छ भने अन्य सहायक, गौण तथा नेपथ्य पात्र पनि समावेश गरिएका छन् । शैली वैज्ञानिक दृष्टिले लिङ्ग, कार्य र भूमिका, प्रवृति, स्वभाव, जीवनचेतना, आसन्नता, र आवद्धता आदि आधारमा पनि पात्रहरूलाई वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस दृष्टिकोणको आधारमा 'उज्यालोको खोजी' उपन्यासलाई हेर्दा यसमा प्रमूख, सहायक र गौण पात्र, स्त्री र पुरुष पात्र, अनुकुल र प्रतिकुल पात्र, मन्चनीय र नेपथ्य पात्र तथा वद्ध र मुक्त पात्रहरू रहेका छन् । यहाँ प्रथमतः

शैली वैज्ञानिक रुपमा यस उपन्यासका पात्रहरूका विशेषतालाई देखाउने तालिका प्रस्तुत गर्नु उपयुक्त देखिन्छ ।

| क्र.स. | पात्रको नाम | लिङ्ग | कार्य/भूमिका | प्रवृति | स्वभाव | जीवन चेतना | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | उषा | महिला | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चनीय | बद्ध |
| २ | उमेश | पुरुष | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चनीय | बद्ध |
| ३ | ठाईंला धिताल | पुरुष | सहायक | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चनीय | बद्ध |
| ४ | रमा | महिला | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चनीय | बद्ध |
| ५ | गाइने | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चनीय | बद्ध |
| ६ | रजनी | महिला | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चनीय | मुक्त |
| ७ | महेश | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चनीय | मुक्त |
| ८ | उषाका काका | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |
| ९ | उषाका साथीहरू | महिला | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |
| १० | लुँइटेल बाजे | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |
| ११ | उमेश की भाउजु | महिला | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | उमेश का बुबा | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |
| १३ | उमेश की आमा | महिला | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |
| १४ | बेलायती गुरुआमाहरू | महिला | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | बद्ध |
| १५ | टम स्मिथ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चनीय | मुक्त |
| १६ | उमेश का साथीहरू | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चनीय | मुक्त |

### ४.१.२.१ मुख्य पात्रहरू

यस उपन्यासमा निम्नलिखित मुख्य पात्रहरू रहेका छन् :

**क) उषा**

'उज्यालोको खोजी' उपन्यासको प्रमुख पात्र हो - उषा । उषा कै वरिपरि सहायक तथा गौण पात्रहरूको चरित्र घुमेको छ । उषा यस उपन्यासकी नायिका पनि हो । उपन्यासको सुरु देखि अन्त्य सम्म नै उषाको भूमिका सर्वोपरि रहेकाले ऊ बद्ध पात्र हो । उपन्यासमा स्रष्टाले उसको चरीत्र स्वप्रधान पात्रका रुपमा अगाडि सारेको पाइन्छ । यो पात्र स्रष्टाले प्रतिनिधी मूलक पात्रको रुपमा सृजना गरेता पनि उषाको चरित्र स्वभाविक नभई अधिकारीको

नारीवादी क्रान्तिकारी सोँच र वैचारिक प्रतिवद्धता द्वन्द्वको संक्रमण विन्दुको प्रायोजित पात्र ( मुखपात्र) हो । यसै अनुरुपको नारी मनको चरित्र निर्माण गरिएको पाइन्छ । उषा उपन्यासको समख्याता तथा अनुकूल वा सत्पात्र पनि हो । तत्कालिन सामाजिक व्यवस्थासँग असन्तुष्ट एस. एल सी. प्रथम श्रेणीमा पास गरेकी ग्रामीण पहाडी क्षेत्रको निम्न - मध्यम वर्गीय बेरोजगार युवतीहरूको प्रतिनिधित्व गर्ने ऊ वर्गीय पात्र पनि हो । उपन्यासमा यो पात्र बहिर्मुखी जस्तो देखिए तापनि समाज प्रति गरेको नारी संघर्ष र उमेशप्रतिको प्रेम भावको व्याख्या तथा विश्लेषणको मनोवैज्ञानिक पक्षमा भने अन्तरमुखी बनेर देखिएकी छ । उपन्यासको प्रमुख नारी पात्र उषाले विसङ्गति पनि भोगेकी छ । निम्नवर्गीय यथार्थिक जीवन भोगाइ भोगे तापनि पुराना स्थापित मूल्य र मान्यताको विरोधमा ऊ उत्रेको छ तर नयाँ मूल्य र मान्यतालाई भने आत्मसाथ गरी आफ्नो जीवनमा लागु गरे तापनि सामाजिक परिवर्तन गर्न भने सकेकी छैन । यही कारणले गर्दा यस उपन्यासमा उषाले आलोचनात्मक यथार्थवादलाई प्रतिनिधित्व गर्न पुगेकी छ ।

यो उपन्यासकी उषा गरीब र अशिक्षित परिवारकी एक्ली छोरी पनि हो । आफ्नो गरीबी तथा बाबुआमाको अशिक्षित र संकुचित व्यवहारका कारण ऊ ज्यादै निराश बनेकी छ । यति रहँदारहँदै पनि उसले स्वतन्त्र जीवन विताउन चाहेकी छ । आफुलाई मन नपरेको केटोसँग बिहे गर्नु भन्दा त बरु घरै छाड्नु वेस भन्ने उषाले गरीब र निम्न स्तरको जीवनलाई नजिकबाट नियालेकी छ, भोगेकी छ । अशिक्षित र अनपढ समाजमा नारीहरूको कदर हुदैन त्यसकारण आफु छोरी भएर जन्मनु परेकोमा दुख व्यक्त गरेकी छ । उषालाई यस उपन्यासमा अराजक पात्रको रुपमा देखाइएको छ । यति मात्र नभई एउटा बलियो क्रान्तिको सर्जकको रुपमा पनि परिचित गराइएको छ । वास्तवमा क्रान्तिको बिऊ पनि सर्वप्रथम एकजनाबाट नै सिर्जना हुने गर्दछ । यस अर्थमा उषालाई मानवतावादी मानसिकता वोकेकी व्यक्तित्व हो भनी भन्न सकिन्छ । यसका साथसाथै उषा एक प्रगतिशील समाज स्रष्टाका रुपमा समेत उपन्यासमा देखा परेकी छ । समाजको निम्न वर्गीय जीवनहरूले भोगेका दुःख, सहेका अभाव, पीडा, अपमान, शोषण र वेदना मनमा खेलाएर अन्तद्वन्द्व, असन्तुष्टि र निराशाजस्ता कुराहरूलाई उषाले मार्मिक ढंगले विश्लेषण गरेकी छ । साथै सरकार, प्रशासक र अस्तव्यस्त राज्य व्यवस्थाप्रति व्यङ्ग्यको झटारो हान्न पनि ऊ पछि परेकी छैन । आफ्नो मनले रोजेको व्यक्ति उमेशसँग नै बिहे गर्न चाहेकी उषाले विवाहका लागि जीवनसाथी रोज्ने स्वतन्त्रता र हक अधिकारका कुरा बोलेकी छ ।

उसका माध्यमबाट उपन्यासकारले सम्पूर्ण छोरी हुने अभिभावक तथा संकुचित धारणाले निर्कृष्ट भएको समाजलाई नै चेतना दिन खोजेका छन् । त्यसकारण उपन्यासकारको मुख पात्रको रुपमा उषा देखा परेकी छ ।

उषाले उमेशलाई मन पराउनु, उसको यादमा छटपटाउनु, 'दाजु' को सम्वोधन गरे पनि 'प्रेमी' को आशा राखेकी छ । आफ्नो जीवनसाथी आफैले छनौट गर्ने, आफ्नो यथार्थता सत्य र साँचो रुपमा उमेशलाई बताउने, आफ्नो सारा हृदयले र अन्तरमनले उमेशको प्रगति देख्न चाहने उषाको सच्चा प्रेम हो । उमेशको पर्खाई, उमेश प्रतिको आशाले उसको जवानी प्रतिको आकर्षण आदि माध्यमबाट उषा एक आधुनिक युवतीहरूकी प्रतिनिधि पात्र हो । अर्को तर्फबाट हेर्दा सामाजिक कुरीति, विसङ्गति, अत्याचार, महिला हिंसा विरुद्ध आवाज उठाउने प्रगतिशील र क्रान्तिकारी नारीहरूको प्रतिनिधि पात्र उषाको रुपमा यस उपन्यासकी नारीपात्र उषा देखापरेकी छ ।

बेलायती गुरुआमाहरू सँग मिल्दै आफ्नो जीविका चलाएकी उषा एक मिलनसार पात्र हो । विद्यालयमा जिम्मेवार भई आफूले गर्नुपर्ने कार्यहरू गर्ने उषा एक जिम्मेवारी वहन गर्ने पात्र हो । त्यसैले 'उज्यालोको खोजी' उपन्यासको प्रमुख पात्र वा नायिका उषा समाजवादी चेत अङ्कुराउँदै गरेको तत्कालीन समयको युवा जोशले भरिएकी र अन्तत आफूले रोजेकै केटासँग बिहे गर्न सफल भएकी पात्र मानिन्छ ।

**ख) उमेश**

'उज्यालोको खोजी' उज्यालोको दोस्रो प्रमुख पात्रका रुपमा उमेश रहेको छ । उमेश यस उपन्यासको युवा पात्र हो । उसमा नयाँ दिदीको क्षमता देखिन्छ । ऊ हरेक कुरामा दक्ष छ । मानिसमा भएको मानवीय गुणको कदर गर्ने र यसलाई फस्टाउन चाहने उमेश समाज परिवर्तनको वाहक बनी देखा परको छ । जहाँको परिवेश साँगुरो छ, जहाँ शिक्षा र चेतनाको कमी छ, जहाँका मानिस थिचिएका हुन्छन्, मिचिएका हुन्छन्, अन्धकारमा बस्न बाध्य पारिएका हुन्छन् । सामाजिक, आर्थिक, राजनैतिक तथा धार्मिक क्षेत्रहरूमा उठ्न नसकी शोषित रहेका हुन्छन् । यस्तै परिवेशमा गुज्रिउको पहाडी समाजमा चेतनाको शुभ्र, शान्त उज्यालो ल्याउन कोशिस गर्ने सचेत युवा हो उमेश । गाउँमा गोवर्धन खनालकी १० वर्षकी छोरी पुण्यकुमारी खनालको बिहे हुन लाग्दा त्यहाँ गएर बालविवाह अपराध जन्य काम हो भन्दै यसका बारेमा आफ्ना कुरा शिष्टतापूर्वक राख्ने शिक्षित र सचेत युवाहरूको

प्रतिनिधित्व गर्ने पात्र हो उमेश । उषालाई साँचो मनले माया गर्ने सच्चा प्रेमीको रुपमा देखापरेको पात्र हो । उपन्यासकारले उमेशका माध्यमबाट आजका युवाहरू उमेश जस्तै जोश, जाँगर, र बुद्धिले परिपूर्ण भएको हुनुपर्छ भनी देखाएकाले उपन्यासकारको मुख पात्र उषा मात्रै नभई उमेश पनि हो ।

समाजका भएका युवाहरूको प्रतिनिधित्व गरेकाले प्रतिनिधिमूलक पात्र हो उमेश । काठमाडौं बसेता पनि देशका राजनीति, सामाजिक परिवर्तनका लागि मरिमेट्ने सचेत युवाको रुपमा उमेश देखा परेको छ । उपन्यासको सुरुवातका खण्डहरूदेखि अन्तिमसम्म उसको व्याख्या गरिएकाले उपन्यासको बृद्ध पात्र मान्न सकिन्छ । काठमाडौं बसेतापनि गामीण जीवनप्रति माया  गर्ने मातृभूमी प्रिय पात्र हो । घरतिरको पनि जिम्मेवारी लिने, आवत जावत गर्ने र घरपरिवारका सबै सदस्यहरू सबै जनासँग असल व्यवहार गर्ने अनुकूल पात्रको रुपमा उमेश देखापरेको छ । समाजमा पुस्तकालय तथा वाचनालय स्थापना गरी गाउँका बासिन्दाहरूलाई शिक्षित बनाउन चाहने उमेश एक सच्चा समाजसेवी हो । नियमित विद्यार्थीको रुपमा परीक्षा दिन नपाए पनि प्राइभेट परीक्षा दिई आफ्नो पढाइलाई निरन्तरता दिन चाहने शिक्षित र सचेत व्यक्ति हो उमेश । छोटो जीवनप्रति अनन्त आशा राख्ने र आफ्ना आशा तथा आकाक्षां प्राप्ति प्रति संघर्ष गर्ने सङ्घर्षशील पात्र उमेश हो । पलयानवादी नभई समस्यासँग लडेर अगाडि बढ्ने निडर, निर्भिक पात्रको रुपमा उमेश देखापरेको छ । जीवनमा अगाडि बढ्नका लागि सधै हौसला र प्रेरणा दिइ रहने उमेश एक प्रेरक व्यक्तित्व हो । नाटक मञ्चन गर्दा प्रत्यक्ष रुपमा नायकको भूमिकामा देखिने हुनाले उमेश मञ्चनीय पात्र हो ।

समग्रमा समाजमा रहेको छुवाछुत, बालविवाह, अनमेल विवाह, जबरजस्ती विवाहको घोर विरोध गरी साम्यवादी नयाँ समाजको सिर्जना गर्न चाहने अदम्य आँट, साहस र खुबी भएको प्रतिभावान् पुरुष पात्र हो ।

**४.१.२.२ सहायक पात्रहरू**

'उज्यालोको खोजी' उपन्यासमा निम्त्याइएका ठाईला धिताल, रमा अर्थात् उषाकी आमा र बेलायती गुरुआमाहरू सहायक पात्रका रुपमा रहेका छन् जसले उपन्यासको उद्देश्य पूरा गर्नमा पनि आवश्यक भूमिका निर्वाह गरेका छन् । प्रवृत्तिगत आधारमा अनुकूल तथा प्रतिकूल चरित्र भएका यी पात्रहरूको चरित्रको अनुशीलन अलगअलग गर्नु उचित देखिन्छ :-

### (क) ठाइँला धिताल

'उज्यालोको खोजी' उपन्यासको सहायक पुरुष पात्रको रुपमा ठाईला धितालललाई लिन सकिन्छ । ठाइँला धितालको चरित्र निर्माण यथार्थमा हुन गएको छ । निम्न वर्गीय अशिक्षित पुरुष हो । पितृसत्तात्मक सोँच हाबी भएको, सामाजिक कुसंस्कारलाई अङ्गिकार गर्ने र संकुचित धारणा भएका आम ग्रामीण पुरुषहरूको प्रतिनिधि पात्र हो । छोरी एस.एल.सी. प्रथम श्रेणीमा पास हुँदा पनि उच्च शिक्षा दिनु भन्दा उसलाई बिहे गर्नका लागि धुँइधुँइती केटो खोज्दै हिड्ने धिताल, गैर जिम्मेवार बाबुको रुपमा देखिएका छन् । गाइनेले छोरीको हारेकी कर्म भन्दै छोरी पाउने बाबु आमा सधैं पीरमा पर्छन भन्ने गीत गाउँदा गीतैमा डुब्ने र त्यस गीतलाई सही मान्ने धिताल सुधो पुरुष पात्र हुन् ।

बिहे गर्नका लागि उषा नमान्दा नमान्दै पनि त्यही केटा सँग बिहे गर्नका लागि जबरजस्ती बिहेको लगन जुराउने, छोरीको राय बुझ्न नचाहने, छोरीको कुरा मान्न नचाहने हठी स्वभाव भएको पात्रको रुपमा ठाइँला धितालललाई लिन सकिन्छ । नेपाली ग्रामीण समाजमा यस्ता चरित्र भएका बाबुहरूको संख्या अत्याधिक भएकाले संकुचित मानसिकता भएका, अशिक्षित ग्रामिण मानिसहरूको प्रतिनिधि पात्र हुन् । त्यसकारण यी वर्गहरूको प्रतिनिधित्व उनले यस उपन्यासमा गरेकाले ठाइँला धितालको चरित्र वर्गगत देखिन्छ । उपन्यासको सुरुवातमा मात्रै उनी देखिएकाले स्थिर पात्रको रुपमा लिन सकिन्छ । यस उपन्यासलाई नाटकीय रुपमा मञ्चन गर्दा मञ्चमा देख्न सकिने चरित्र भएकाले उनी यस उपन्यासका मञ्चनीय चरित्र हुन् ।

उपन्यासकी नायिका उषाले गाउँ समाजमा भएको अन्धविश्वास, अनमेल विवाह, वालविवाह हटाउनका लागि संघर्ष गर्दा यसको विपरीत काम ठाइँला धितालले गरेकाले यस उपन्यासको प्रतिकूल पात्रको रुपमा उनलाई लिन सकिन्छ । उषाले बिहे नगर्ने निधो गरी भागेपछि सारा समाजका अगाडि आफ्नो ठूलो बेइज्जती भएको सम्झने ठाइँला धितालले आफ्नो एउटी छोरी भागिसकेपछि माहिली छोरीसँग भए पनि बिहे गरिदिने भन्ने प्रस्ताव केटा पक्षसँग राखेबाट उनको अदुरदर्शिताको पराकाष्ठा देखिन्छ । त्यो प्रस्ताव पनि केटा पक्षले अस्वीकार गरेपछि उनी हारेको पात्रको रुपमा देखिएका छन् ।

अन्त्यमा, विवाह नभए पनि खास हानी केही छैन तर छोरी सञ्चै भएको भए हुने थियो । उसको पत्र अनुसार ऊ अब जीवित छैन भने बाट ठाइँला धिताल पश्चाताप गर्न

पात्रका रुपमा देखिएका छन् । जे होस्, बिहे जस्तो महत्वपूर्ण र जिन्दगी बित्ने तथा बिताउने कुरामा पनि छोरीलाई एक वचन राम्ररी नसोधी निर्णय गर्ने ठाइँला धिताल अदूरदर्शी, अशिक्षित, परम्परावादी सोँच भएको पुरुष पात्र हुन् । जसले आम नेपाली ग्रामीण समाजका पुरुषहरूको प्रतिनिधित्व गर्दछन् ।

**(ख) रमा**

'उज्यालोको खोजी' उपन्यासको अर्को सहायक पात्रको रुपमा रमालाई लिन सकिन्छ । उनी यस उपन्यासमा ठाइँला धितालकी श्रीमती तथा उपन्यासकी नायिका उषाकी आमा हुन् । उनी ग्रामीण निम्न वर्गीय, अशिक्षित महिलाहरूको प्रतिनिधि पात्र हुन् । उनमा पनि ठाइँला धितालमा जस्तै संकुचित मानसिकता छ, परम्परावादी सोँच छ । पुरुषवादी, हैकमवादी समाजको नारीको स्थान निकै तल्लो र निम्न स्तरको हुन्छ भनेर बुझ्दा बुझ्दै पनि मुख खोलेर आफ्ना श्रीमान्सँग छोरीको मनमा लागेका कुराहरू प्रष्ट भन्न नसक्ने मौन संस्कृति बोकेकी महिलाहरूकी प्रतिनिधि पात्र हुन् । घरेलु कामधन्दामा नै आफ्नो जीवनचर्या धान्ने प्रयास, गरिबी र अशिक्षाले रुमलिएको जीवन बिताउन विवश पात्र हुन् । उपन्यासमा संघर्षगरी अघि बढ्न खोज्ने आफ्नी छोरी उषालाई भन्दा आफ्नो श्रीमान्लाई बढी महत्व दिने अदूरदर्शी पात्र हुन् । छोरीलाई पढाउनुको सट्टा बिहे गर्नका लागि कुरा चलाउँदै हिड्ने गैर जिम्मेवार पात्र हुन् ।

छोरीले लेखेको चिठी मार्फत अब छोरी छैन के गर्ने ? कसो गर्ने भनी छटपटाउने, आँशु बगाउने र पश्चातापमा अल्झिएकी पात्रको रुपमा रमा देखापरेकी छन् । आफू र आफ्नी छोरीलाई भएको पिडालाई पनि आँखा चिम्लेर सहने एक सहनशील पात्र हुन् । उनको चरित्र नाटकमा मञ्चन गर्न सकिने भएकोले मञ्चनीय चरित्र देखिन्छ । वैयक्तिक स्वभावको आधारमा हेर्दा अन्तर्मुखी पात्र हो । जीवन चेतनाको आधारमा हेर्दा वर्गीय पात्र हुन् । उनले निम्न वर्गीय शोषित पीडित नारीहरूको प्रतिनिधित्व गरेकी छन् । सैद्धान्तिक आधारमा हेर्दा रमाको चरित्र अशिक्षित नारीहरूको प्रतिनिधि पात्रको रुपमा प्रतिविम्वित भएको छ ।

**(ग) बेलायती गुरुआमाहरू**

यस उपन्यासमा देखापरेका दुई जना विदेशी महिलाहरू उपन्यासका सहायक पात्रहरू हुन् । उनीहरूले उषासँगको भेट पछि पूर्ण रुपमा उसलाई सहयोग गरेका छन् ।

सुरुदेखि अन्त्यसम्म सधैं उही ढंगले उषालाई सहयोग गरेका कारण उनीहरूको चरित्र स्थिर प्रकृतिको देखिन्छ । नेपाली प्रष्ट बोल्न नसक्ने बेलायती महिलाहरूले उषाका कुरा ध्यान दिएर सुनेको देखिन्छ । उषाको आपद्कालीन कुरा सुनेर उसको यथार्थता देखी पीर मान्ने गुरुआमाहरूले उ प्रति माया एवं सद्भाव देखाएकाले यिनीहरूको चरित्र मानवतावादी र उदारवादी देखिन्छ । उषालाई सुरुमा नै जागिर दिइ पढाउनका लागि प्रस्ताव गरेकाले उनीहरूले अरुको पढाइको कदर गरेको देखिन्छ ।

उषाले उमेशलाई मन पराएको थाहा पाए पछि जिस्काउने सानी गुरुआमा र ठूली गुरुआमा रोमाञ्चक प्रकृतिको देखिन्छन् । बेलायतबाट नेपाल आइ मिसिनरी स्कुलमा पढाउँदै आएकाले उनीहरू सहयोग र मानवतावादी हृदयका देखिन्छन् । त्यसैगरी उषालाई धेरै नयाँ-नयाँ कुराहरू सिकाएकाले उनीहरूलाई प्रेरणादायी व्यक्तिका रुपमा लिन सकिन्छ । उषा र उमेशको मेल भएको चाहने, उनीहरूको वैवाहिक दाम्पत्य जीवनको लागि अग्रिम शुभकामना दिने गुरुआमाहरू यस उपन्यासका सहायक पात्रहरू हुन् ।

**४.१.२.३ गौण पात्रहरू**

'उज्यालोको खोजी' उपन्यासलाई अगाडि बढाउने क्रममा सामान्य भूमिका भएका र प्रसङ्गवश नाम उल्लेख भएका पात्रहरूलाई गौण पात्रका रुपमा लिइएको छ । उपन्यासमा रहेका केही मञ्चनीय तथा नेपथ्य दुवै प्रकारका पात्रहरू गौण पात्रका कोटिमा पर्दछन् । तल तिनका चरित्रका छुट्टा-छुट्टै अनुशीलन गरिएको छ :-

**(क) कान्छा धिताल/उषाका काका**

कान्छा धिताल 'उज्यालोको खोजी' उपन्यासको गौण पात्र हो । प्रवृत्तिगत दृष्टिकोणबाट हेर्दा ऊ उपन्यासको प्रतिकूल पात्र हो भने स्वभावमा ऊ स्थिर नै छ । निम्न वर्गीय अशिक्षित पुरुषहरूको प्रतिनिधित्व गर्ने उ वर्गीय, मञ्चनीय र मुक्त पात्र पनि हो ।

आफ्नो दाईको छोरीको बिहे गर्ने बेला भएका कारण केटो खोज्ने, बिहेको कुरा चलाउने कान्छा धिताल जिम्मेवार पात्रको रुपमा देखा परेको छ । त्यसैगरी उषा बिहे गर्ने नमान्दा नमान्दै पनि जबर्जस्ती बिहेका लागि तम्तयारी गरेकाले ठाइँला धिताल जस्तै ऊ पनि अदूरदर्शी पात्रको रुपमा देखा परेको छ । बिहे गर्ने भन्ने लगनको दिन उषा घरमा नभए पछि सर्बप्रथम उसको चिठी भेट्टाएका कान्छा धितालको चेतना उषाको चिठी मार्फत मात्रै आएको देखिन्छ । उषाको चिठी पढदा उनी छाँगाबाट खसेको अनुभव गरेका छन् उनी

मर्माहत बनेका छन् । उनले उषाको ज्यानै समेत गएको छ भनी सोच्न बाध्य भएका छन् र यसको दोषी पनि आफैंलाई देख्छन् । किनकी यो सबै तालमेल उनकै थियो । उनले नै चेपेघाटको यात्राबाट लुँइटेल बाजेलाई छोरी दिने आश्वासन गरेका थिए । सबै दोष आफैं माथि थुपारे तापनि उषाको चिठी दाइलाई दिने सरल पात्र हुन् ।

**(ख) गाइने**

यस उपन्यासको दोस्रो परिच्छेदमा देखापरेको गौण पात्र हो गाइने । गाइनेले यस 'उज्यालोको खोजी' उपन्यासमा नेपाली परम्परावादी समाजको प्रतिनिधित्व गरेको छ । उसले गाउँघरमा गीत गाउँदै मगनी बटुलेको छ । एकाबिहानै ठाइँला धितालकोमा पुगेको गाइनेले छोरी ठूली पारी राखे बाऊ आमाको नाक काटिन्छ, केटो खोजी छिट्टै दिए इज्जत रहिरहन्छ, कसैले नपाल छोरी, छोरीले त इज्जतै फाल्दछन् । भनी गीत गाएको छ । यस गीतले परम्परावादी समाजको छोरी प्रतिको नकारात्मक सोँचको प्रतिकूल भूमिका निभाएकाले ऊ एक प्रतिकूल र स्थिर चरित्र हो । उपन्यासकारका अनुसार उही पुरानो परिपाटीमा अडेको र परम्परागत प्रकृतिलाई अंगालेको समाजको जड नै अशिक्षा हो । गाइनेले दोस्रो पटक गाएको गीत छोरी पाउने बाबुआमा सधैं पीर गर्छन् । केटो खोज्दो खोज्दै कैले कङ्गालीमा पर्छन् । छोरीको हारेको कर्म जे भए पनि सहनै पर्ने जस्तो किसिमको अति संकुचित र अति परम्परावादी गीतले समाजमा रहेको अशिक्षा, कुसंस्कार, नारीप्रति समाजको दृष्टिकोणआदिलाई ऐना झैं प्रष्ट पारिदिएको छ । अर्को दृष्टिकोणबाट हेर्दा समाज परिवर्तनका लागि भन्दा पनि समाजमा भएका यथास्थितिवादी कुसंस्कारलाई नै मलजल दिइरहन चाहने गाइने यस उपन्यासको मुक्त र प्रतिकूल पात्र हो । उसले गाएको गीतका कारण उषा र ठाइँला धिताल लगायत परिवारका सबै सदस्यलाई चोट परेको देखाइएको छ ।

उपन्यासको सुरुदेखि अन्त्य सम्म हेर्दा परिच्छदे २ मा मात्र एक पटक मात्र देखा परेको गाइनेको भूमिका सामान्य भन्दा अति सामान्य भएकाले ऊ उपन्यासको गौण पात्र हो ।

**(ग) लुँइटेल बाजे**

यस उपन्यासको सुरुका खण्डहरूमा मात्रै देखा परेका लुँइटेल बाजे यस 'उज्यालोको खोजी' उपन्यासका गौण पात्र हुन् । उनी आफ्नो छोराको विवाह उषासँग गरी ठाइँला

धिताल र कान्छा धितालको सम्धी बन्न चाहेका छन् । उपन्यासको चौथो खण्डमा देखा परेको लुँइटेल बाजेको मुख्य उद्देश्य नै उषा जस्ती रुपवान् केटीलाई आफ्नो छोरासँग बिहे गरिदिनु थियो । व्यर्थै मही माग्नु छ, किन ढुङ्ग्रो लुकाउनु भन्ने लुँइटेल बाजेको अभिव्यक्तिले नेपाली समाजमा प्रचलित उखानलाई प्रयास गरेको पाइन्छ ।

आफ्नो छोरा उषाको लागि लायक र उपयुक्त ठान्ने लुँइटेल बाजेले छोराको बारेमा बुझ्ने, धनसम्पत्तिको बारेमा बुझ्ने, चित्त नबुझे बिहेका लागि कर नगर्ने कुरा गर्दा उनी एक दूरदर्शी पात्रका रुपमा देखा परेका छन् । त्यसैगरी उषा बिहे नगरी घरबाट भागेपछि उषाकी बहिनीलाई आफ्नो छोरासँग बिहेका लागि प्रस्ताव गर्दा त्यो निर्णय छोराले गर्छ भन्ने अभिप्राय व्यक्त गरेका छन् । त्यसकारण लुँइटेलबाजे स्वतन्त्रताप्रेमी र दूरदर्शी देखिएका छन् । यति हुँदाहुँदै पनि जो जसको बिहे गर्ने हो तिनीहरूलाई आपसमा नभेटाइ बिहेका लागि लगन जुराएकाले यस उपन्यासका प्रतिकूल र स्थिर पात्रका रुपमा लुँइटेल बाजेलाई लिन सकिन्छ । साथै आसन्नताका दृष्टिले उनको चरित्र मञ्चनीय देखिन्छ ।

### (घ) रजनी

उपन्यासको सुरुदेखि अन्त्यसम्म हेर्दा एक/दुई पटक मात्र देखा परेकी रजनी यस उपन्यासकी गौण नारी पात्र हो । उमेश बस्ने घरको घर पट्टीको छोरी हो । उमेशलाई मन पराएकी तर भन्न नसकेकी पात्र हो । उमेशलाई आएको उषाका चिठीहरू आफैंसँग राख्ने नकारात्मक सोँच भएकी पात्र हो अर्थात् ऊ उपन्यासकी प्रतिकूल पात्र हो ।

उमेशलाई उषा आएका खबर प्रष्ट सँग भनिदिएको र उषा एक पटक मात्र होइन चार-चार पटक आएकोमा उषा प्रति शंका गर्ने शंकालु पात्र हो । ऊ स्थिर र व्यक्तिगत पात्र हो । आसन्नताका दृष्टिले मञ्चनीय पात्र हो भने आवद्धताका दृष्टिले मुक्त पात्र हो । उसको भूमिका उपन्यासमा सामान्य भन्दा अति सामान्य भएकाले उपन्यासको गौण पात्र हो ।

### (ङ) महेश

उपन्यासको सुरुदेखि अन्त्यसम्म हेर्दा एक पटक मात्र देखा परेको महेश यस उपन्यासको गौण पात्र हो । उमेशको प्रतिक्षामा दिन बिताउँदै गरेकी उषाको चरित्र माथि आँखा लगाउन चाहने महेश यस उपन्यासको प्रतिकूल पुरुष पात्र हो । उषा र उमेशको प्रेम सम्बन्धका बारेमा बुझ्न उत्सुक हुने र उषालाई बक्र दृष्टि राखी हेरेकोले उसको चरित्रमा विसंगति देखिन्छ । महेशलाई यस उपन्यासका नायक उमेश तथा नायिका उषाले लुँइटेल

बाजेले पठाएको सी.आइ.डी. का रुपमा लिएका छन् । ऊ स्थिर र मुक्त पात्र हो । आसन्नताका दृष्टिले महेश मञ्चनीय पात्र हो ।

(च) **रमेशकान्त**

यस उपन्यासको सुरुको खण्डमा मात्र देखा परेको रमेशकान्त उपन्यासको गौण पात्र हो । उषाका विवाहका बारेमा चासो लिने रमेशकान्तको भूमिका सामान्य भएकाले उनी यस उपन्यासका गौण पात्र हुन् । उनले ठाइँला धितालालाई उषाको लागि बिहको कुरा चलाएको केटोको बारेमा सोध्न चाहेको देखिन्छ । रमेशकान्तले भर्खर मात्र बाहिरबाट आएका ठाइँला धितालालाई घर कस्तो छ, घरको वातावरण कस्तो छ ? धनी छ कि छैन ? कति पढेको छ ? आदि बारेमा सोधेका छन् । त्यसैले उनी दूरदर्शी र सचेत चरित्र भएको व्यक्तिका रुपमा देखापरेका छन् । उनले बिहेका लागि २५/३० वर्षसम्म केही आत्तिनु पर्दैन भन्ने अभिव्यक्ति दिएको देखिन्छ त्यसकारण उनी यस उपन्यासका अनुकूल चरित्र हुन् । उनी स्थिर र मञ्चनीय चरित्र हुन् । साथै सचेत पुरुषहरूको प्रतिनिधित्व गर्ने वर्गगत चरित्र पनि हुन् ।

(छ) **उषाका साथीहरू**

यस उपन्यासका सुरुका खण्डमा मात्रै देखा परेका उषाका साथीहरू उपन्यासका गौण पात्र हुन् । उनीहरूले उषालाई परेका समस्याका बारेमा जान्न चाहेका छन् । उनीहरू उमेश मार्फत् समाज परिवर्तन, सामाजिक मेलमिलापका कुराहरू सिक्न इच्छुक भएका देखिन्छन् । त्यसैगरी उषा डाँको छोडेर रुँदा उनीहरूले सम्झाएको हुनाले उषाका साथीहरूको भूमिका अनुकूल देखिन्छ । उनीहरू उपन्यासका स्थिर र वर्गगत चरित्र हुन् । उषाका साथीहरू यस उपन्यासमा साक्षर युवा प्रतिनिधि पनि हुन् । आसन्नताका दृष्टिले उनीहरूको चरित्र मञ्चनिय देखिन्छ ।

(ज) **उमेशका साथीहरू**

यस उपन्यासको घटना अगाडि बढ्ने क्रममा चेपेघाट मेलामा जाँदा एक पटक मात्रै देखा परेका उमेशका साथीहरू उपन्यासको गौण पात्रहरू हुन् । उनीहरू आसन्नताका दृष्टिले मञ्चनीय पात्रहरू हुन् । समाजमा रहेका कुविचार, कुसंस्कारका विरुद्ध, संघर्ष गर्नका लागि उमेशलाई साथ दिने साथीहरू यस उपन्यासका अनुकूल पुरुष पात्रहरू हुन् । समाजमा बालविवाह रोक्नका लागि उनीहरूको भूमिका महत्वपूर्ण भएको देखिन्छ । उपन्यासको सुरुदेखि अन्त्य सम्म १/२ पटक मात्र देखिने उमेशका साथीहरू स्थिर र

वर्गगत पात्रहरू  हुन् । उनीहरूले समाजका जल्दाबल्दा युवाहरूको प्रतिनिधित्व गरेका छन् । पछिल्ला दिनहरूमा उमेशको अनुपस्थितिमा पनि सामाजिक रीतिका विरुद्ध आवाज उठाउने उनीहरू समाज परिवर्तनका वाहक हुन् ।

**(झ) उमेशकी भाउज्यू**

उपन्यासको सुरुदेखि अन्त्यसम्म खासै कुनै भूमिका नभएकी तर एक दुईपटक बेलाबेलामा देखा परेकी उमेशकी भाउज्यू यस उपन्यासकी गौण नारी पात्र हेन् । उनले उषाका बारेमा सकारात्मक चिनाउने र उनलाई आफ्नो देवरसँग विवाह गर्ने कुरालाई सकारात्मक ढंगले लिएको देखिन्छ । उषालाई एक संघर्षशील र आँटिली युवतीका रुपमा लिने उमेशकी भाउज्यू यस उपन्यासकी अनुकूल पात्र हुन् । उनी बर्हिमुखी चरित्र भएकी नारी हुन् । घर परिवार सम्हालेर बस्ने सामान्य ग्रामीण नारी वर्गलाई इंगित गर्ने प्रतिनिधि हुन् । आसन्नताका दृष्टिले हेर्दा उनको चरित्र मञ्चनीय देखिन्छ । घर परिवारमा मिलेर बस्ने, देवर प्रति आदर-सत्कार र प्रेम भएकी एक असल भाउजु हुन् । त्यसैगरी समाजमा घट्ने घटना प्रति सचेत हुने उनी सचेत र सजग नारी पात्र हुन् ।

**(ञ) उमेशका बुवा**

उपन्यासको सुरुदेखि अन्त्यसम्म २/२ झलक मात्र देखापर्ने उमेशका बुवा यस उपन्यासको गौण पुरुष पात्र हुन. । उनको भूमिका यस उपन्यासमा खासै केही नभएकाले उनी गौण पात्र हुन् । उमेशले समाजमा चली आएका बालविवाह, नारीशिक्षा, छुवाछुत जस्ता प्रचलित कुरीतिको विरोध गर्दा समाजको मन नदुखाउन आग्रह गर्ने उमेशका बुवा यस उपन्यासको शोषित र मौन मानिस हुन् । आफूमा चेतना भएर पनि बाहिर खुलेर कुरा गर्न नसक्ने अन्तर्मुखी चरित्र भएका पात्र हुन् । आसन्न दृष्टिले मञ्चनीय चरित्र देखिन्छ । समाजमा भएका कुसंस्कार विरुद्ध लड्नुपर्छ भन्ने थाहा पाउँदा पाउँदै पनि समाजका अगाडि संघर्ष गर्न नचाहने कायर पात्रका रुपमा, पलायनवादी पात्रका रुपमा उमेशका बुवालाई लिन सकिन्छ । समाजका यस्तै पीडित, शोषित वर्गहरूको प्रतिनिधित्व गर्ने वर्गगत चरित्र उमेशका बुवामा देखिन्छ ।

**(ट) उमेशकी आमा**

उपन्यासका सुरुदेखि अन्त्यसम्म २/३ झलक मात्र देखा पर्ने उमेशको आमा यस उपन्यासकी गौण महिला पात्र हुन् । उनी उमेशलाई माया गर्न र अगाडी बढ्न हौसला दिने

अनुकूल पात्र हुन् । उपन्यासमा देखिने स्थिर पात्र हुन् । उनी बर्गगत पात्र हुन । उपन्यासको देख्न सकिने मञ्चनीय पात्र हुन् र मुक्त पात्र हुन् ।

(ठ) **टम स्मिथ**

उपन्यासको अन्त्यतिर देखा परेको पुरुष पात्र टम स्मिथ हो । उसको भूमिका पनि खासै यस उपन्यासमा केही देखिदैन । उपन्यासकारले टम स्मिथका माध्यमबाट केही अंग्रेजी भाषाको पनि प्रयोग गरेका छन् यस उपन्यासमा । उनी बेलायती गुरुआमाहरूलाई भेट्न र लिनका लागि हवाइ अड्डामा आएका थिए । त्यसैबेला उनको भेट उपन्यासकी नायिका उषासँग भएको देखिन्छ । उपन्यासको घटना भरी जम्मा १ पटक मात्र देखा परेको टम स्मिथ उपन्यासको व्यक्तिगत पात्र हो । आसन्नताका दृष्टिले हेर्दा ऊ मञ्चनीय पात्र हो भने बर्द्धताका दृष्टिले मुक्त पात्र हो । उसको भूमिका निकै सानो र सामान्य देखिएकाले यस उपन्यासको गौण पात्र हो ।

(ड) **छिमेकीहरू**

उषाका छिमेकीहरू यस उपन्यासका गौण पात्रहरू हुन् । उनीहरूले तत्कालीन परिवेशका ग्रामीण अशिक्षित समाजको नारी प्रति हेर्ने दृष्टिकोणलाई प्रष्ट पारेका छन् । समाजमा प्रचलित वालविवाह, अनमेल विवाह, जबरजस्ती विवाहलाई स्विकार्दै आएका उषाका छिमेकहीहरू यथास्थितिवादी सोँच भएका चरित्र छन् ।

बिहेका लागि रोजेको केटो मन नपरेपछि उषा निस्केर हिड्दा पनि समाजको सामाजिक व्यवस्थालाई दोषी नठऱ्याई उषा माथि नै आक्रोश पोख्ने छिमेकीहरू अशिक्षित, अनपढ, शोषित, पीडित र गरीब पहाडी समाजका प्रतिनिधि पात्रहरू हुन् । उपन्यासमा २/४ पटक देखा परेका छिमेकीहरू यस उपन्यासका मञ्चनीय चरित्र हुन् । उनीहरू प्रतिनिधिमूलक पात्र भएकाले वर्गगत चरित्र पनि मान्न सकिन्छ ।

(ढ) **केटो**

विवाहका लागि ठिक पारिएको केटो अर्थात लुँइटेल बाजेको छोरो यस उपन्यासको गौण पात्र हो । ऊ यस उपन्यासमा नदेखिएकाले उसलाई नेपथ्य पात्रका रुपमा लिइएकोले छ । पढेलेखेको मानिस पनि सामाजिक वातावरणका कारण समाज जस्तो छ, त्यस्तै बनिदिन्छ भन्ने कुराको प्रमाणको रुपमा केटोलाई लिन सकिन्छ ।

स्नातक सम्म पढेलेखेको केटोलाई आफ्नो जीवन साथी रोज्ने र ऊ सँग राम्ररी भेटघाट गरेर मात्र बिहे गर्नुपर्छ भन्ने थाहा हुँदाहुँदै पनि बाबुले हेरेको केटीलाई एक पटक आफूले नदेखी एक्कासी बिहे गर्ने केटो यस उपन्यासको अदूरदर्शी र आफ्नो दाम्पत्य जीवनप्रति सचेत नभएको युवाहरूको प्रतिनिधि पात्र हो । उपन्यासमा खासै भूमिका नभएकाले ऊ स्थिर पात्र हो । निमुखा युवाहरूको प्रतिनिधि पात्र हो ।

### ४.१.२.४ अन्य पात्रहरू

उपयुक्त पात्रहरू बाहेक उमेशका गाउँलेहरू केटाकेटीहरू, घरपट्टीका परिवार, उषाका विद्यार्थीहरू, उषाको विवाहका लागि आएका जन्तीहरू, बाटामा हिड्ने मानिसहरू आदिका नाम प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उपन्यासमा आएका छन् । यिनीहरूले उपन्यासको कथावस्तुको विकासमा झिनो-मसिनो भूमिका मात्रै निर्वाह गरेका छन् ।

उपन्यासमा प्रसंगवस आएका मानवेत्तर चरित्रहरूमा उषाको घर, रुख, सरकार एम्बुलेन्स, अस्पताल, गाइनेको गीत, प्रकाश आदि रहेका छन् ।

### ४.१.३ भाषा शैली

भाषा र शैली यी दुवै शब्दहरूले आ-आफ्नै र छुट्टाछुट्टै अर्थ बुझाउने गर्दछन् । यसो भए पनि यी दुवै शब्दलाई समस्त शब्दका रुपमा उपन्यासको अध्ययनमा एकै ठाउँमा चर्चा गर्न सकिन्छ । भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । भाषाले नै साहित्यलाई अन्य कलाबाट छुट्याउँदै छ, यो उपन्यासको स्थुल तत्त्व हो । शैली रचनाकारको विशिष्ट प्रकारको अभिव्यक्ति हो । शैलीमा भाषाका दृष्टिबाट व्याकरणिक विचलन हुन्छ र उपन्यासको भाषामा विशिष्टता कायम गराउने कारणले गर्दा पनि भाषा र शैली एकै तत्त्वका रुपमा देखापर्दछन् । शैली भाषा प्रस्तुतिको निजी सीप तथा तरिका हो भने भाषा उपन्याकारको विचार वा कथा प्रस्तुत गर्ने माध्यम हो (शर्मा, २०५५ : ४८)।

उपन्यासकार सीताराम अधिकारीको उज्यालोको खोजी उपन्यासमा नेपाली आधुनिक उपन्याको परम्परामा भएका जस्तै शैली पाउन सकिन्छ । त्यसैगरी प्रकृतिका विम्व, जीवनका विम्व र कल्पनाको बनौटबाट यस उपन्यासलाई आकर्षक पारिएको छ । जसले उपन्यासमा सुललिता, सौन्दर्य र मनोहासिलता बढाएको देखिन्छ । उपन्यासको प्रारम्भ कवित्त्व प्रकट भएको छ । यस उपन्यासमा गाइने मार्फत उपन्यासकारले कविता शैलीका प्रयोग गरेको देखिन्छ -

मालिकको घर राम्रो ईश्वरको दया

सधैँभरी बाँची राखे ईश्वरवको दया (पृ.६)

उपन्यासमा अभिव्यक्ति शैली कवितात्मक गद्य भाषाले गर्दा उज्यालोको खोजी उपन्यास पनि भाषाको तरल प्रयोगामा उत्कृष्ट देखिन्छ । उखान, टुक्का, विम्व, प्रतिक, अलङ्कार आदिको प्रयोगले उपन्यासलाई काव्यात्मक सहयोग पुऱ्याएको छ । ठाउँ ठाउँमा दार्शनिकताले ठाउँ पाएको यस उपन्यासमा पद विचलन युक्त भषा र त्यसमा पनि आलङ्कारिक शब्द प्रयोगले उपन्यासमा निकै मात्रामा साहित्यिकता थपेको छ ।

उज्यालोको खोजी उपन्यासमा नेपाली भाषा बाहेकका अन्य भाषाका शब्दहरू पनि प्रशस्तै प्रयोग भएका छन् । खासगरी संस्कृत, हिन्दी र अंग्रेजी शब्दहरूको आवश्यकता अनुसार प्रयोग यस उपन्यासमा गरिएको छ ।

यद्यपि उज्यालोको खोजी उपन्यासमा यौनको पनि आकर्षक ढंगले प्रयोग गरिएको छ । यसमा सौन्दर्यको मनोरमता छ, शृङ्गारिक सौन्दर्यबोध पनि छ । यस उपन्यासमा भाषिक व्याकरणिक विचलन र काव्यात्मक भाषाले सशक्त भूमिका खेलको छ । कतिपय ठाउँमा पात्रका स्तर भन्दा माथिल्लो भाषा प्रयोग वा दार्शतिकता पाइएको देखिन्छ । अनुप्रासिकता, आलङ्कारिकता तथा लयात्मकताले उपन्यासको भाषाद्वारा काव्यात्मक संवेग समातिएको सहजै बुझ्न सकिन्छ । यसैकारण उपन्यासको भाषामा वातावरणको उत्कर्षमा पुऱ्याउने शक्ति छ । यस उपन्यासमा गद्य कविताको उच्च सौन्दर्य बोध गराउने सामर्थ्य छ । विसंगति अस्तित्त्व र आलोचनात्मक यथार्थवादको त्रिकोणात्मक संक्रमणमा सिर्जित यस उपन्यासमा प्रयुक्त कवितात्मक भाषाले यसको शैलीलाई रोचक बनाएको छ । कथावस्तु सुरुदेखि अन्त्यसम्म रेखात्मक ढंगले अगाडि बढेको हुनाले यस उपन्यासको शैली रेखात्मक रहेको छ ।

### ४.१.४ परिवेश

उपन्याससमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरु घटित हुने वस्तुजगतलाई परिवेश भनिन्छ । परिवेशभित्र देशकाल र वातावरण दुई तत्व पर्दछन् । यसमा सम्पूर्ण पर्यावरण समाविष्ट हुन्छ अर्थात् उपन्यासमा चरित्रले जुन धरातलमा रहेर कार्य गर्दछ त्यस्तो काल वा समयको वरिपरिको आन्तरिक वा वाह्य स्थितिलाई देशकाल र वातावरण भनिन्छ (वस्नेत, २०५९:२६) ।यस उपन्यासको सामाजिक

पृष्ठभूमि लमजुङ् पीठखर्क, गोरखा, केही तनहुँ र काठमाडौंलाई बनाइएको छ । पुरानो र नयाँ पुस्ताको सोंचलाई प्रष्ट पार्न खोजिएको यस उपन्यासमा शहरी परिवेशको तुलनामा ग्रामीण पहाडी परिवेशलाई सजीव ढंगले प्रस्तुत गरिएको छ । उपन्यासको सुरुदेखि नै निम्न वर्गीय तथा मध्यमवर्गीय पात्रहरूको चयन गरी नेपाली पहाडी जनजीवनलाई मुख्य परिवेश बनाइएको छ । अशिक्षित, परम्परावादी सामाजिक परिवेशमा उषा र उमेश जस्तो आधुनिक र प्रगतिवादी सोंच भएका चरित्रहरूको उपस्थापान यस उपन्यासमा गरिएको छ । समग्रमा यस उपन्यासले ग्रामीण र शहरी दुवै परिवेशलाई समेटेको छ । यसले तत्कालीन राणाकालीन समाजलाई यथार्थ रुपमा देखाउँदै नेपाली आदर्श र शिक्षित तथा आधुनिक समाजको परिकल्पना गरेको छ ।

### ४.१.५ दृष्टिविन्दु

उपन्यासमा कथामा कथावस्तुलाई पाठक वर्गका निम्ति सम्वेद्य वा प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिकोणले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बन्धित हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि लेखक सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै 'दृष्टिविन्दु' ले गर्दछ (श्रेष्ठ, २०५७ :१०) । यसरी हेर्दा यो कुरा स्पष्ट हुन्छ कि उपन्यासमा उपन्यासकारको दृष्टिकोण प्रस्तुत गर्ने तरिका वा शैली नै दृष्टिविन्दु हो । अर्को अर्थमा कथयिता अर्थात् समाख्यताले कथावाचनका लागि लिएको स्थान नै दृष्टिविन्दु हो । सामाख्याताले घटना तथा चरित्रको वर्णन तथा उपस्थापन कसरी गर्छ भन्ने कुराको निर्धारण दृष्टिविन्दुबाटै हुन्छ । दृष्टिविन्दुले कथा कसले कसरी भनिएको छ भन्ने कुरा बुझाउँछ ।

'उज्यालोको खोजी' उपन्यासमा उपन्यासकार सीताराम अधिकारीको दृष्टिकोण यसको प्रमुख पात्रहरू उषा र उमेश (नायक, नायिका) मार्फत प्रस्तुत भएको छ । यस उपन्यासको नायिका उषाले समाजका निम्न वर्गीय जीवनचर्यामा भोग्नु परेको आर्थिक अभाव, पुरुषवादी समाजले गर्ने नारी शोषण र उत्पीडनको शिकार बनेकी छ । समाजले विकृत रुपमा पालेर राखेका सबै विसंगति र विकारपूर्ण दशाको समाख्यता र सुसूचक बनेकी छ । यी सबै अनुभव तथा घटनाको प्रस्तोता उषा स्वयम् हो । उपन्यासको सुरुदेखि अन्त्यसम्मको सम्पूर्ण कुरा उषाको मनोविश्लेषण मार्फत देखाइएको छ । वास्तवमा भन्नु

पर्दा उपन्यास तृतीय पुरुष दृष्टि विन्दुमा संरचित छ । वीर रसको प्रधानता भएको यस उपन्यासमा आदर्श र समय सापेक्ष सामाजिक यथार्थताको अनुपम संयोजन पाइन्छ । लेखकीय दृष्टिकोणबाट फल प्राप्तिको माध्यम उषा हो । यस उपन्यास शिक्षा, चेतना र समानताका दृष्टिकोणबाट निकै प्रेरणादायी र राम्रो छ ।

### ४.१.६ उद्देश्य

उद्देश्य वा सारवस्तु उपन्यासको वैचारिक पक्ष हो । विना उद्देश्यको कल्पनाले मात्र उपन्यासको रचना हुन सक्दैन । उपन्यासमा खासगरी सामाजिक परिवेशमा घटित घटना र वैयक्तिक जीवनमा घटित विभिन्न घटनाहरूको विस्तृत अध्ययन हुने हुनाले त्यसमा तथ्य वस्तुको वरण र जीवन जगत् प्रतिको उपन्यासकारको दृष्टिकोणको समेत समावेश गरिएको हुन्छ (प्रधान, २०५७ : १२) । त्यसैले उद्देश्य वा सारतत्त्वलाई जीवन दर्शन पनि भनिन्छ । उपन्यासमा समाविष्ट रहने केन्द्रिय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । कुनैपनि उपन्यासकारले मूल विचारलाई नाटकिकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याएको हुन्छ र त्यसैको उद्देश्य वा परिणति पनि सारवस्तु नै हो । यसले नै लेखकको जीवन दर्शनको भार पनि वहन गरेको हुन्छ । त्यसैले सारवस्तुमा नै पात्रहरूले पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने  लेखकले तिनकै माध्यमबाट आफ्ना धारणाहरूलाई समुचित विन्यास र सम्प्रेषण गरिरहेका हुन्छन् ।

उपन्यासकार सीताराम अधिकारीको 'उज्यालोको खोजी' उपन्यास उनको एकमात्रै उपन्यास हो । अर्थात उनको पहिलो उपन्यास हो । यस उपन्यासमा सामाजिक विसङ्गतिलाई चिरफार गर्ने तिनीहरूको निन्दा र विरोध गर्ने तथा त्यससँग जुध्नका लागि संघर्ष गर्न तत्पर रहेका पात्रहरू यस उपन्यासमा प्रयुक्त भएका छन् । यसैकारणले यो प्रगतिबादी बाटो तिर उन्मुख हुदै गएको कृति जस्तो देखिन्छ यसका साथै विसङ्गतिहरूबाट मुक्तिको बाटो भने पहिल्याउन नसक्ने यो उपन्यास आलोचनात्मक यथार्थवादी कृति पनि हो । त्यसैले 'उज्यालोको खोजी' उपन्यास विसङ्गतिवाद-अस्तित्त्ववादबाट केहि अघि बढेर सामाजिक प्रगतितर्फ उन्मुख उपन्यास हो । अथवा भनौ विसङ्गतिहरू वा अस्तित्त्ववादबाट केहि सरेर समाजमुखी स्वस्थतातर्फको संक्रमणकालिन रचना हो । यस उपन्यासमा उपन्यासकार सीताराम अधिकारीको समाजवादी, प्रगतिवादी सोच हाबि भएको देखिन्छ । यस उपन्यासको मुल उद्देश्य तत्कालिन नेपाली समाजमा विद्यमान अशिक्षा, कुरीती, गरीबी, पछौटेपन, सामाजिक विषमता, सामन्तिवादी परम्परा र शोषक प्रवृतिको उद्घाटन गर्नु र त्यसप्रति

घोर विरोध गर्नु रहेको देखिन्छ । यसैले प्रगतिशील विचारधारालाई प्रस्तुत गर्नु नै उपन्यासको मुख्य लक्ष्य रहेको छ । यस उपन्यासको कथावस्तु र घटनाक्रमले यो कुरा देखाएतापनि उपन्यासले भने पुर्णरुपमा लक्ष्य प्राप्त गर्न सकेको पाइदैन । शोषण, अन्याय, अत्याचार एवं प्रचलित समाज व्यवस्थाको विरोध, देशभक्ति, अशिक्षितहरूलाई चेतना, पुरानो मानसिकतामा गुज्रिएको समाजको ध्वंसको आवश्यकता र विद्रोहजस्ता प्रगतिशीलधारमा प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य हो ।

'उज्यालोको खोजी' उपन्यासमा सृजित परिवेशमा पात्रहरूको चरित्र मार्फत निम्न स्तरीय, निरक्षर जीनव बिताइरहेका पहाडी जनजीवनको विसङ्गत पक्षलाई प्रस्तुत गरिएको छ । यस उपन्यासकी नायिका छोरी उषामा अस्तित्त्वबोधको भाव पाइन्छ । ऊ आफूले छोरी भएर जन्मनु परेको, विहे गर्ने केटो रोज्ने अधिकार समेत नपाएको आफूल एस.एल.सी. प्रथम श्रेणीमा पास गरे तापनि उच्च शिक्षा हासिल गर्न नपाएको कारण अधिक विसङ्गतिबोध गरेकी छ ।

समाजका मानिसहरूको नारी प्रतिको धारणा बदल्न चाहने उषा साामाजिक कुरीति बालविवाह, बहुविवाह, अनमेल विवाह, अशिक्षाका विरुद्धमा लड्न चाहने निडर उमेश मार्फत विसंगति र अस्तित्त्वको सक्रमणकै क्रममा प्रचलित सामाजिक यथार्थलाई पनि देखाउनु यस उपन्यासको उद्देश्य हो । त्यसैगरी उषा मार्फत वैवाहिक जीवनको लागि जीवन साथी रोज्ने अधिकार बाबु आमा तथा समाजका मानिसहरूले हनन गरेमा त्यसको फल तीतो, हुने चेतावनी समेत दिनु यस उपन्यासको उद्देश्य हो ।

आफ्नो मन मिलेपछि जस्तो सुकै परिस्थितिमा पनि बिहे गर्न सकिन्छ भन्ने कुरा पनि उपन्यासकारले उषा र उमेशको अदालती विवाहबाट देखाउन खोजेका छन् । वैवाहिक समय आएपछि स्वभाविक रुपमा हरेक स्त्री र पुरुषको मनमा प्रेमाभाव अङ्कुराउन थाल्छ । एक अर्का प्रति गरेको साँचो प्रेमलाई सामाजिक बन्धनहरूले छेक्न सक्दैन । प्रेम नै दाम्पत्य जीवनको कसी हो । यसले छटपटाएको मनमा सन्तुष्टि प्रदान गर्दछ र मानिसको जीजिविषा बढाइदिन्छ भन्ने कुरा देखाउन उपन्यासकार सफल हुनु पनि यस उपन्यासको सारतत्त्वका रुपमा लिन सकिन्छ ।

उपन्यासकारले उमेश र उषा जस्ता युवा पात्रहरूको सिर्जना गरी उनीहरूलाई सामाजिक परिवर्तनको वाहक बनाएका छन् । उनीहरू नै उपन्यासकारका मुख पात्र हुन् ।

जसले उपन्यासकारको भित्री चाहनालाई पूरा गर्न सफल भएका छन् । निष्कर्षमा समाज विसङ्गत छ, समाजिक न्याय असमान छ, वर्गीय शोषण चर्को छ, राष्ट्रिय रुपमा नै चेतनाको स्तर कमजोर छ, अशिक्षा व्याप्त छ, गरिबी र पछौटेपन छ, यस्ता कमजोर सामाजिक व्यवस्था भएको समाजको परिवर्तनको वाहक युवा वर्ग हुनु पर्छ भन्ने कुराको सङ्केत गर्नु नै यस उपन्यासको मूल उद्देश्य हो ।

### ४.१.७ द्वन्द्व

विपरीत तत्त्व र परिस्थितिको सङ्घर्षपूर्ण सम्बन्ध नै द्वन्द्व हो । उपन्यासमा पात्र पात्रको कार्य व्यापारमा निर्भर रहने द्वन्द्व, उपन्यासभित्रको कथावस्तुलाई गति प्रदान गर्ने महत्वपूर्ण तत्त्व हो । द्वन्द्वकै आधारमा पनि उपन्यासको सफलताको मूल्याङ्कन हुन्छ । द्वन्द्व आन्तरिक र वाह्य गरी दुई प्रकारका हन्छन् । व्यक्ति-व्यक्ति, व्यक्ति-परिस्थिति, व्यक्ति-नियति, व्यक्ति समाज, समाज-समाज बीच हुने द्वन्द्व बाह्य द्वन्द्व हो भने एकै व्यक्तिको आन्तरिक तहमा भिन्न भिन्न इच्छा र प्रवृत्ति बीचको द्वन्द्व आन्तरिक द्वन्द्व हो । साथै पात्रका बीच बिचार तहमा हुने वादविवाद र बलका तहमा हुने सङ्घर्ष पनि वाह्य द्वन्द्व हुन् । (अब्राहम्, १९९८ :१९) शोध्य उपन्यास 'उज्यालोको खोजी' माथि दुवै प्रकारका द्वन्द्व पाइने हुनाले द्वन्द्वका आधारमा हेर्दा यो उपन्यास सबल कोटिमा पर्दछ । यस उपनयासमा सुरुदेखि अन्त सम्म आन्तरिक तथा वाह्य दुवै खाले द्वन्द्वको आधारमा हेर्दा यो उपन्यास सबल कोटिमा पर्दछ । यस उपन्यासमा सुरुदेखि अन्त सम्म आन्तरिक तथा वाह्य दुवै खाले द्वन्द्वको त्यत्तिकै सबल प्रयोग गरिएको छ । समष्टिमा उज्यालोको खोजीमा उपन्यास वैचारिक द्वन्द्वको परिणाम हो । यसमा दमन र स्थापनका क्रममा मुख्य द्वन्द्व पाइन्छ । वर्गीय समाजमा जहाँ एउटा वर्गले अर्को वर्ग माथि शोषण गर्छ, दबाउने गर्छ, त्यहाँ एउटा वर्गले अर्को वर्ग माथि शोषण गर्छ, त्यहाँ वर्गीय सङ्घर्ष हुनु स्वभाविक हुन्छ । जहाँ एउटा वर्गले अर्कोलाई दबाउने चेष्टा गरिरहेको हुन्छ । तर पनि यस उपन्यासमा उपन्यासकार अधिकारीको बढी सरोकार सामजिक द्वन्द्व चक्रसँग रहेको छ । सामाजिक जीवनको द्वन्द्वमा व्यक्ति पात्रको अवस्थाप्रति लेखक निकै संवेदनशील देखिन्छन् । उपन्यासको प्रमुख पुरुष पात्र उमेश सिङ्गो गाउँका तमाम विकृति र कुप्रथाको विरुद्ध लडेको छ । उ सहरमा छँदा पनि निरंकुश र तानाशाहीहरूका विरुद्ध परिवर्तनका लागि संघर्ष गर्दा गर्दै पटक पटक जेल पर्ने, यातना पाउने र छुट्ने गरिरहेको छ । कतै पनि ऊ कुनै कुरामा सम्झौता नगरी अनवरत रुपमा क्रान्तिमा तल्लीन छ । यो यस उपन्यासमा देखाइएका बाह्य द्वन्द्वको नमूना हो ।

त्यसैगरी उपन्यासकी प्रमुख पात्र तथा नायिका उषा पनि आफ्नी आमासँग, बुवासँग, समाजसँग द्वन्द्व गरेकी छ । यो उपन्यासको वाह्य द्वन्द्व नै हो । त्यसैगरी उमेशका छिमेकीहरूले उसलाई बालविवाह रोक्न खोजेका कारण घरमा नै आएर कराउने र झगडा गर्ने गरेको देखाइएको छ । यो पनि उपन्यासमा बाहिरी आँखा सहजै देखिने द्वन्द्व हो । उषाले बाबुआमालाई छोडी घरबाट बिदा माग्नु पनि बाह्य द्वन्द्व हो ।

यस उपन्यासमा बाह्य द्वन्द्व जस्तै आन्तरिक द्वन्द्व पनि उत्तिकै शत्तिशाली भएर आएको देखिन्छ । व्यक्तिको मनभित्रै अन्तर्मनमा हुने द्वन्द्व नै आन्तरिक द्वन्द्व हो । यस उपन्यासमा सुरुबाट नै उपन्यासको प्रमुख नायिका उषाको मनोविश्लेषण गरिएको छ । उनको मनमा देखिएका द्वन्द्वहरूलाई छरपष्ट रुपमा व्यक्त गरिएको छ । उपन्यासकारले आफ्नो लेखकीय उद्देश्य पूर्तिका लागि पनि आन्तरिक र वाह्य द्वन्द्व देखाएका छन् । उपन्यासमा रहेको द्वन्द्वले अशिक्षाले ग्रसित र शिक्षितहरूका बीचको द्वन्द्वको इङ्गित गर्दछ । द्वन्द्व मार्फत, नेपाली नारीहरूलाई विद्रोही, निडर, संघर्षशील बनाउन प्रेरित गरिएको छ । लैङ्गिक असमानताका विरुद्ध लड्ने उषा र सामाजिक, वर्गीय, लैङ्गिक तथा सत्ता पक्षीय जस्ता समग्र विसंगतिका विरुद्ध लड्ने उमेशका बीचमा मेल हुनुपर्छ भन्ने चाहना पाठकका मनमा उब्जाउन लेखक सफल भएको देखिन्छ । "धर्तीमा जहाँसुकै होस् मानवअधिकारको हत्या गरी ताण्डव नाच नाच्नेहरुका विरुद्ध हर्दम लडिरहने छु (पृ.१०६)"सामाजिक कुरीतिहरूको मुक्ति गर्ने उद्देश्यले उपन्यासमा सघन ढंगले द्वन्द्वलाई अगाडि बढाइएको छ ।

यस उपन्यासको प्रमुख पात्र उमेशले उषालाई लेखेको चिठीमा "समाजलाई परिवर्तन गर्ने जिम्मा हामीहरु कै हो तसर्थ हामी जस्तै कठिनाई भए पनि निराश भएर पछि हट्नु हुँदैन । परिस्थितिसँग जुटेर अघि वढ ल (पृष्ठ,३९) ।" भन्ने उद्‌गारबाट समाजका कुरीति र कुसंस्कारका विरुद्ध लडेर अगाडि बढ्नको लागि प्रेरणा दिएको देखिन्छ ।

यस उपन्यासमा आमा र छोरीका बीचमा वैवाहिक प्रसंगलाई लिएर वैचारिक द्वन्द्व भएको देखाइएको छ । त्यसैगरी उषा र उमेशका बीच पनि विभिन्न विषयमा वैचारिक द्वन्द्व देखाइएको छ । उनीहरूले शिक्षा, सामाजिक संस्कार, नारी र पुरुषबीचको विभेदलाई विषयलाई लिएर वैचारिक द्वन्द्व भएको देखाइएको छ । त्यसैगरी आधुनिक शिक्षित समाजको परिकल्पना गर्ने उषाको मनभित्र परम्परावादी रुढीवादी संस्कारले जकडिएको समाज प्रति उषाको अन्तर्मन भित्र द्वन्द्व देखाइएको छ । लिङ्गीय विभेदका कारणले उनको अन्तर्मनमा उब्जिएको द्वन्द्वलाई यसरी देखाइएको छ : तीन चार दिन देखि उषाको मन स्थिर थिएन ।

उसले अर्कै संसारको परिकल्पना गरिरहेकी थिइ । उसको मनस्थिति ठीक थिएन तसर्थ ढोका थुनेर कोठामा लडिवुडी खेल्न थाली । उसलाई तरङ्गले बगायो । उ आफूलाई एउटा केटो भएको भए ................ भन्दै सोच्न थाली त्यसैक्रममा उसले आमासँग यस्तो भाव व्यक्त गरेकी छ -"आमा ! मागेर पनि मान्छे पाइन्छ र ?" (पृष्ठ,२९) ।

यसरी प्रमुख पात्र र सहायक पात्रका बीचमा पनि वैचारिक द्वन्द्व रहेको छ । उपन्यासको प्रमुख पात्रहरू उषा र उमेशमा समाजको अशिक्षित वर्गका बीचमा रहेको संकुचित धारणालाई हटाउनका लागि आन्तरिक र वाह्य दुवै प्रकृतिको द्वन्द्व गरेको देखाइएको छ । सरकार, समान्तवर्ग, निम्न वर्ग, अतृप्त प्रेमको यौनकुण्ठा आदि विषयमा पनि उषा र उमेशको मनभित्रको अन्तर्मनको द्वन्द्व देखाइएको छ ।

यसरी हेर्दा उपन्यासको बाहिरी तथा आन्तरिक द्वन्द्वका कारणले पनि कथावस्तुको गतिशीलता र उपन्यासको बुनोट समेत प्रभावकारी बन्न पुगेको छ । त्यस आधारमा उपन्यासमा आन्तरिक तथा वाह्य दुवै द्वन्द्व सबल छन् । यिनै द्वन्द्वबाट उपन्यासमा प्रमुख अर्न्तमुखी तथा बर्हिमुखी पात्रका जीवनमूल्यहरू उद्घाटित भएका छन् भने अर्कोतर्फ शिक्षित र अशिक्षित, नयाँ पिढी र पुराना पिढी बीचमा पनि वैचारिक द्वन्द्व देखाइएको छ । यस उपन्यासमा आन्तरिक तथा वाह्य जीवनका घात प्रतिघातसमेतको उद्घाटन गर्नमा सफल यस उपन्यास यिनै विपरीत जीवन मूल्य र सोचाइबीचको द्वन्द्वको फरकमा निर्माण भएको छ ।

### ४.२ उज्यालोको खोजीमा उपन्यासको संरचना (रुपविन्यास)

सीताराम अधिकारीको 'उज्यालोको खोजी'(वि.स.२०६८) उपन्यास हेर्दा परम्परागत ढाँचामा संरचित देखिन्छ । जसमा १,२,३.................... जस्ता अंकको संकेत चिन्ह प्रयोग गरी खण्ड विभाजन गरिएको छ । संरचनागत दृष्टिले एउटा उपन्यास यसक तन्तुहरू अथवा अवयव र उपकरणहरूको अनुशासित र व्यवस्थित प्रयोगबाट निर्मित हुन्छ । यसै दृष्टिलाई मध्यनजर गर्दा उज्यालोको खोजीमा उपन्यास आङ्गिक वा आवयविक पूर्णत प्राप्त गर्न सकेको रचना हो भन्न सकिन्छ । यो उपन्यास छोटो कथ्यमा सानो परिवेश तर वर्गगत पात्रको उद्घाटन गर्न र उपयुक्त पात्रको चयन गरी लेखिएको छ । यस उपन्यासका खण्डहरू तीन पृष्ठदेखि नौ पृष्ठ सम्मका छन् । कुल जम्मा उन्नाइस खण्डमा यस उपन्यासलाई विभाजन गरिएको छ । यस उपन्यासमा जम्मा १२४ पृष्ठको रहेको हुँदा

यसलार्य मध्यम आकारको उपन्यास मान्न सकिन्छ । आयाम मध्यम प्रकारको रहे तापनि जीवनदर्शनको दृष्टिले 'उज्यालोको खोजी' उपन्यास विस्तृत मान्नु पर्दछ । रोचक विषयवस्तु र गहकिला अन्तर्वस्तुको उपन्यासलाई जीवन्त पारेका छन् । यस उपन्यासमा नारी पात्र उषा र पुरुष पात्र उमेशले नायक नायिकाको भूमिका निर्वाह गरेका छन् । विशेषतः झण्डै झण्डै अनमेल विवाह कै सिकार बन्न पुगेकी उषाको जीवन कहानीलाई यथार्थपूर्ण ढंगले कथावस्तु बनाई समेटिएको छ । यसरी आयामगत रुपमा यो उपन्यास मध्यम कायको भए तापनि आन्तरिक र बाह्य संरचना भने सबल देखिन्छ ।

**४.४ निष्कर्ष**

उज्यालोको खोजी उपन्यास, उपन्यासकार सीताराम अधिकारीको प्रकाशित पहिलो उपन्यास हो । यो उपन्यास विसङ्गति, अस्तित्त्व र आलोचनात्मक यथार्थवादी चिन्तनको त्रिकोणात्मक सङ्क्रमणकामा सिर्जिएको रचना हो । साथै यो उपन्यास अधिकारीको औपन्यासीक यात्राको बीजभूमि मान्न सकिन्छ । त्यसकारण यस उपन्यास एक उपलब्धि मूलक औपन्यासिक कृति हो । चरित्र प्रधान यस उपन्यासमा कथावस्तु भन्दा चरित्र सशक्त छ । उपन्यासको प्रमुख पात्र उषाको जीवन भोगाइ तथा उसको परिवेशको अन्य यथार्थलाई ऊ आफैंले द्रष्टाको रुपमा आत्मसाथ गर्दै गरेको उसको पीडित र आक्रोश पूर्ण जीवनकथा यस उपन्यासमा समेटिएको छ । संरचनागत रुपमा मध्य कालको यो उपन्यासको कथानक स्रोत भने यहाडे ग्रामीण क्षेत्र भए तापनि यसले सिङ्गो नेपाली परिवेशको सङ्केत भने गरेको छ । यस उपन्यासमा नेपालका पहाड, सहर, सडक, गल्ली, गोरेटो, महल, देवल आदि सबै परिवेशका रुपमा आएका छन् । यस उपन्यासको शीर्षक भाव परक रुपमा सार्थक देखिन्छ भने व्यङ्ग्यात्मक र प्रतिकात्मक रुपमा चाँहि तत्कालिन समजाको पितृसत्तात्मक सोचले नारीहरूको जीवनमा कसरी तुषाराघात गरेको छ भन्ने कुराको परिवेशलाई समेटेको छ ।

कथावस्तुको रुपमा शृङखलित भएको यस उज्यालोको खोजीभित्र तत्कालीन नेपाली समाज, युवाहरूको अवस्था, शासन व्यवस्था समेटिएका छन् । यसका तत्कालीन सामाजिक व्यवस्थाको छाता ओढेर र समाजमा सिर्जना गरिने विकृति र विसङ्गतिको घटनालाई उपन्यासले कथावस्तुका रुपमा चयन गरेको छ । समाजमा व्याप्त रहेको शोषण उत्पीडन

तथा कलिला नारीहरूका अनमेल विवाहले पनि उपन्यासभित्र कथावस्तुको स्वरुप प्राप्त गरेको छ ।

रैखिक ढाँचा अनुसार कथानक सिर्जना भएको उज्यालोको खोजी उपन्यास तृतीय पुरुष केन्द्रीय दृष्टिविन्दुमा रचना भएको छ । यस उपन्यासभित्र प्रशस्त मात्रामा आन्तरिक तथा बाह्य द्वन्द्वले पनि स्थान पाएका छन् । त्यसैगरी देशभित्र व्यापक मात्रामा वर्गीय शोषण रहेको छ, राष्ट्रिय चेतनाको कमी तथा गरीबी व्याप्त छ, पितृसत्तात्मक सोंच हाबी रहेको छ, विद्रोही चेतना बढ्दै छ यहि आक्रोश र असन्तुष्टिले समाज परिवर्तनको खाँचो महशुस गर्दैछ भन्ने कुराको सङ्केत नै यस उपन्यासको सार  वा उद्देश्य बन्न पुगेको छ ।

यस उपन्यासको प्रमुख नारी पात्र उषा हो भने प्रमुख पुरुष पात्र उमेश रहेको छ । यी दुवैको सेरोफेरोमा कथावस्तु घुमेको देखिन्छ । ठाइँला धिताल र रमा यस उपन्यासका सहायक पात्र हुन् भने गाइने, रजनी, महेश, उषाका काका, उषाका साथीहरू, लुँइटेल बाजे, उमेशकी भाउजु, उमेशका बुवा, उमेशकी आमा आदि गौण पात्रहरू हुन् । उपन्यासमा अन्य थुप्रै मञ्चनीय तथा नेपथ्य गौण पात्रहरू पनि आएका छन् । बहुपात्रीय उपन्यास उज्यालोका खोजीमा चरित्र चित्रणकै माध्यमबाट उपन्यास विसङ्गति, अस्तित्त्व तथा आलोचनात्मक यथार्थवादी सङ्क्रमणको त्रिकोणात्मक सङ्गम बन्न पुगेको छ ।

रुपविन्यास (शिला योजना) का दृष्टिले पनि उज्यालोको खोजी उपन्यास सबल उपन्यासको कोटीमा पर्ने उपन्यास हो । बौद्धिक र बैचारिक सम्बाद बोल्ने यस उपन्यासका पात्रहरूले पाठकका मन तान्न भने सक्षम छन् ।  उपमा, विम्ब, प्रतिक आदि काव्य तत्त्वको प्रवेशले उपन्यास काव्यात्मक बनेको छ । व्याकरणिक पदविचलनले उपन्यास पढ्दै जाँदा काव्य, नाटक पढेको आभाष समेत हुन्छ । समग्रमा यस उपन्यासमा नवीन भाषाशैलीको प्रयोग सबल रुपमा देख्न सकिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

अन्ततः पाँच परिच्छेदमा विभाजित र संगठित प्रस्तुत 'उज्यालोको खोजी' उपन्यासको कृतिपरक अध्ययन शीर्षकको यस शोधपत्रका परिच्छेद एकमा शोधपत्रको परिचय रहेको छ । यस शोधपत्रको परिच्छेद दुईमा शोध्य उपन्यास 'उज्यालोको खोजी' उपन्यासकार सीताराम अधिकारीको जीवनी र व्यक्तित्त्वको अध्ययन गरी उपन्यासमा उपन्यासकारको जीवनी र व्यक्तित्वको प्रभावको खोजी गरिएको छ । साथै परिच्छेद तीनमा उपन्यासकार सीताराम अधिकारकिो औपन्यासिक प्रवृत्तिहरूको अनुशीलन गरिएको छ भने यस शोधपत्रको परिच्छेद चारमा उपन्यासको विधागत तत्त्वका आधारमा 'उज्यालोको खोजी' उपन्यासको विश्लेषण गरिएको छ । यस परिच्छेदलाई वस्तु योजना (संरचना) को आधारमा विभिन्न उपशीर्षकहरूमा विभाजन गरी 'उज्यालोको खोजी'(वि.स.२०६८) उपन्यासको विश्लेषण विवेचना गरिएको छ । शोधपत्रको परिच्छेद पाँचमा अध्ययनका उपसंहार वा निष्कर्षको प्रस्तुति गरिएको छ ।

शोधपत्रको परिच्छेद एक यसको परिचय खण्ड हो । शोधपत्रको सबै अङ्गहरूको परिचय यस भित्र रहेका छन् । यस परिच्छेदमा शोधपत्रको शीषक, शोधकार्यको प्रयोजन, विषय परिचय, शोध समस्याहरू, अध्ययनको उद्देश्यहरू, विवेच्य विषयसँग सम्बधित पूर्वकार्यहरूको अध्ययन र समीक्षा, अध्ययनका औचित्य शोधकार्यको सीमा, सामग्री सङ्कलन, शोध विधि र शोधपत्रको रुपरेखाको चर्चा गरिएको छ ।

शोधपत्रको परिच्छेद दुईमा उपन्यासकार सीताराम अधिकारीको जीवनमा घटेका घटना र उनको बहुमुखी व्यक्तिको विविध पक्षको अध्ययन गरिएको छ ।

प्रारम्भिक शिक्षा घरमै प्राप्त गरेका अधिकारीलाई युनाइटेड मिसन टु नेपाल नामक संस्थाद्धारा सञ्चालित विद्यालयमा एकै पटक कक्षा ३ मा भर्ना गरी औपचारिक शिक्षाको प्रारम्भ गरियो । औपचारिक शिक्षामा प्रवेश गरे देखि नै कक्षा प्रथम हुँदै अगाडी बढेका अधिकारीको वि.स.२०२४ सालमा प्रवेशिका परीक्षामा भने बिरामी परेका कारण प्रथम श्रेणीमा प्रवेशिका उत्तिर्ण गर्ने धोको पूरा हुन पाएन । अतः उनले द्धितीय श्रेणीमा नै चित्त

बुझाउनु पर्‍यो । अंग्रेजी र नेपाली दुवै साहित्यका पारखी अधिकारीको जीवनमा गीताको मात्र नभई बाइबलको पनि उत्तिकै प्रभाव परेको देखिन्छ । उच्च शिक्षा प्राप्तिका लागि गोरखाबाट काठमाडौं आई दरबार हाइस्कुलमा भर्ना भएका अधिकारी घरायसी समस्याको कारण आफ्नो अध्ययनलाई बीचैमा छाडी पुनः गोरखा गई आफूले पढेको आँपपीपल विद्यालयमा शिक्षकका रुपमा काम  गर्न थाले । उनको अध्ययनशील र मिहिनेती स्वभावका कारण वि.सं.२०२७ सालमा प्रमाणपत्र तहको प्राइभेट परीक्षा उत्तिर्ण गरे । त्यसपछि उनले नियमित विद्यार्थी भई सरस्वती क्याम्पस काठमाडौबाट २०३२ सालमा स्नातक र त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर अंग्रेजी मुल विषयमा गरेको देखिन्छ । अंग्रेजी साहित्यमा स्नातकोत्तर गरेका अधिकारी नेपाल ल क्याम्पसमा पढाउँदै आएका छन् ।

सीताराम अधिकारी सानै उमेरदेखि अध्ययनशील र परिश्रमी स्वभावका थिए । उनी ग्राम्य समाजमा रमाउने भावुक प्रवृतिका व्यक्ति हुन् । आफ्नो कर्म क्षेत्र प्राध्यापन भए तापनि उनले साहित्य सिर्जनातर्फ पनि महत्वपूर्ण योगदान दिएका छन् । दिनभरी प्राध्यापन तथा घुमफिरमा प्रवृत्त भए पनि उनले रातको शान्त र शुन्य वातावरणमा नित्य १ २ घण्टाको समय साहित्य साधनका लागि दिने गरेका छन् । मृदुभाषी, सरल र नम्र मिजासबाट विकसित उनको व्यक्तित्वको फँाट निकै फराकिलो बन्दै गएको छ । केटाकेटी अवस्था देखि नै गम्भीर प्रकृतिका अधिकारीको व्यवहार र स्वभाव अत्यन्त परिपक्व  छ । उनका घरमा नियमित हुने गरेका पूजा, आरधना, भजनकीर्तन नै उनमा साहित्य प्रतिको अनुराग जगाउने मूल उत्प्रेरक थिए । विदेशी साहित्यकारहरू शेक्सपियर, टि.एस. इलिङ्ट शेली र कलरिजका कृतिहरूको अध्ययन गरेर साहित्यमा उनले गति प्राप्त गरेका देखिन्छ । उनको साहित्यिक यात्रा कविताबाट सुरु भएको हो । जुन हाल सम्म पनि निरन्तर चलिरहेको छ । आफ्नो घरायसी वातावरणमा मातापिता, बाजे र गुरुवाट प्रेरणा पाएर कविता लेखनतिर प्रेरित भएका अधिकारीले प्राथमिक तहमा अध्ययनरत हुँदा देखि नै कविता लेखेको देखिन्छ । उनको पहिलो प्रकाशित कृति कोयली लघुकाव्य हो । जुन वि.सं. २०३३ सालमा प्रकाशित भएको थियो । दोस्रो प्रकाशित कृति आमा शोककाव्य उनका आमाको मृत्युपछि वि.सं. २०३७ सालमा प्रकाशित भएको थियो । त्यसैगरी मेरो लेक कविता संग्रह २०५६ सालमा यात्रा रोकिन्न कविता संग्रह २०५७ सालमा, देवघाट खण्डकाव्य २०६५ सालमा,सत् सुन्दर कविता संग्रह २०६५ सालमा फूल मान्छे म र नेपाल लघुकाव्य २०६५ सालमा साथै उनको एक मात्र उपन्यास उज्यालोको खोजी २०६८ सालमा प्रकाशित भएको

कृति हो । प्रकृतिप्रेम, मानवतावाद, निष्काम कर्म, राष्ट्रियता, स्वतन्त्रता, समानता, अस्तित्ववादी चिन्तन जस्ता कुरालाई केन्द्रीय विषयवस्तु बनाई उनले साहित्य सिर्जना गर्ने गरेको पाइन्छ । विसंगति प्रतिको व्यङ्ग्य र सामाजिक सचेतना उनको प्रकाशित एकमात्र उपन्यास उज्यालोको खोजीमा प्रशस्त मात्रामा देखिन्छ । सामाजिक विसंगतिलाई चिरफार गरेर उचित समाधानको बाटो पहिल्याउन नसकेता पनि त्यस्ता किसिमको विकृति र विसंगतिको बिरोध गर्दै तिनीहरूसंग जुध्नका लागि प्रेरणा प्रदान गरेका छन् ।

अधिकारीको व्यक्तित्व बहुमुखी रहेको छ । हाल सम्म उनका प्रकाशित कृतिहरूमा दुइवटा लघुकाव्य एउटा शोककाव्य, तीनवटा कविता संग्रह, एउटा खण्डकाव्य र एउटा उपन्यास रहेका छन् । त्यसैगरी उनका फुटकर रचनाहरू विभिन्न मासिक तथा त्रैमासिक पत्रिकाहरूमा छापिने गरेका छन् । २०४३ सालमा लम्जुङ्गबाट प्रकाशित बेग नामक पत्रिकामा उनको बी.पी र उनको बैभव शीर्षकको निबन्ध छापिएको छ । त्यसैगरी गोरखा परिचय स्मारिका मार्फत २०५६ सालमा पृथ्वीनारायण शाह र नेपाल एकीकरणबारे छोटो टिप्पणी, शीर्षकको ऐतिहासिक लेख प्रकाशित भएको देखिन्छ । त्यसैगरी महेन्द्र संस्कृति विश्वविद्यालयद्धारा प्रकाशित अनुसन्धानतमूलक पत्रिका ऋृतम्भरामा उनको द भागवत गीता एण्ड कर्मयोग सन् आवर लाइफ शीर्षकको लेख प्रकाशित भएको छ ।

शोधपत्रको परिच्छेद तीनमा सीताराम अधिकारीको औपन्यासिक प्रवृत्तिलाई केलाइएको छ । औपचारिक रुपमा २०३३ सालमा प्रकाशित कोयली लघुकाव्य लेखेर साहित्यिक यात्राको शुरुवात गरेका उनले आमा, मेरो लेक, यात्रा रोकिन्न, देवघाट, सत्, सुन्दर, फूल, मान्छे, म र नेपाल जस्ता काव्यहरू लेखेका छन् । विशेष गरी काव्य जगत्मा हात चलाउने सीताराम अधिकारीको अन्तिम प्रकाशित कृति उज्यालोको खोजी (२०६८) उपन्यास रहेको छ । उनले यही उपन्यास लेखेर उनलाई उपन्यासकारको रुपमा स्थापित गरेकाले यस आधारमा उनको औपन्यासिक प्रवृत्तिहरू थाहा पाउन सकिन्छ । खासगरी उनी दार्शनिक चेत भएका उपन्यासकार हुन् । उनको उपन्यासमा पूर्वीय तथा पाश्चात्य दर्शनको संगम भेट्न सकिन्छ । अधिकारीको औपन्यासिक प्रवृत्तिहरूलाई औंल्याउँदा विसंगतिवादी अस्तित्ववादी प्रवृत्तिका रुपमा देखापर्छ । उनको एक मात्र उपन्यास उज्यालोका खोजीमा जीवनजगतलाई निरर्थक र विसङ्गत देखे पनि यही विसङ्गतिबीच जीवनको अस्तित्व खोज्ने प्रवृत्ति पनि पाइन्छ उनको यस उपन्यासमा समाज र सामाजिक अवस्था तथा राजनैनिक

व्यवस्थामा यथास्थिति चाहने प्रति तीब्र असन्तोष पाइन्छ । यसमा समाज र व्यवस्था परिवर्तनका लागि साङ्गठनिक आन्दोलनको महशुस गरेर पनि यसो नदेखाई यसका लागि व्यक्ति नै पर्याप्त छ भन्ने मान्यता पाइएको छ । क्रान्तिका लागि बीऊ एकजनाबाटै सर्वप्रथम सुरु हुने कुरालाई प्रत्यक्ष रुपमा देखाइएको छ ।

अधिकारीका विभिन्न औपन्यासिक प्रवृति मध्ये आलोचनात्मक यथार्थवाद पनि एक हो । समाजका विसङ्गति र विकृतिका यथार्थहरूलाई औंल्याउँदै तिनको निराकरणको चाहना राखी आलोचनात्मक टिप्पणी गर्ने प्रवृत्ति अधिकारीमा पाइन्छ । विकृति विसङ्गति, मानवीयताका विघटनलाई मुक्तिको स्पष्ट दिशा निर्देश गरिएको भने पाइँदैन । प्रवृतिको सुन्दर र जीवन्त चित्रण गर्नु अधिकारीको अर्को औपन्यासिक प्रवृत्ति हो । उनको उपन्यासमा पहाड, सहर, नदी, जङ्गल आदि सबैको सुन्दर र जीवन्त वर्णन गरिएको पाइन्छ । अधिकारीको यस उपन्यासमा प्रगतिवादी दृष्टि पनि पाइन्छ । यस उपन्यासमा वर्गगत द्वन्द्वको सफल र प्रभावकारी चित्रण गरिएको छ । समतामूलक समाजको परिकल्पना, क्रान्तिकारी चेतना, समाजवादी यथार्थवाद जस्ता केन्द्रीय प्रवृत्तिका साथै वर्ग सङ्घर्षको चित्रण, उत्पीडित र श्रमजीविवर्गप्रतिको पक्षधरता, पुरुषलाई नारीको अस्तित्त्व कर्ताको रुपमा देखाउँदै आदर्श क्रान्तिकारी पात्रको चयन जस्ता सहकारी प्रवृत्ति पनि उनका प्रगतिवादी विशेषताहरू हुन् । अधिकारीको उपन्यास उज्यालोको खोजीमा पात्रहरूको मनोविश्लेषण गर्ने प्रवृत्ति पनि देखिएको छ । छिटपुट मात्रामा फ्रायडको यौन मनोविश्लेषणको प्रभाव पनि उपन्यासको प्रमुख नारी पत्र उषामा देखिएको छ । आफ्नो उपन्यासमा धेरथोर यौनकुण्ठा पाल्ने चरित्रको चित्रण गर्नु अधिकारीको औपन्यासिक प्रवृत्तिको रुपमा लिन सकिन्छ । यसै क्रममा उपन्यास भित्रका पात्रहरूको सुक्ष्म मनोविश्लेषण गर्नमा समेत अधिकारी सफल देखिएका छन् । अधिकारीको औपन्यासिक प्रवृत्तिमा नारीवादी प्रवृत्ति पनि एक हो । खासगरी विसङ्गतिवादी-अस्तित्त्ववादी प्रवृत्ति देखिन्छ । उनका औपन्यासिक कृतिमा काव्यात्मक भाषा, चेतना प्रवाह शैली, संस्मरणात्मक, वर्णनात्मक, सम्बोधनात्मक र नाटकीय शैली, ठाउँठाउँमा पत्रात्मक दैनिकी जस्ता शैलीगत विविधता पाइन्छन् । गद्यभाषामै पनि अलङ्कार, विम्ब र प्रतिक, व्याकरणात्मक पद विचलन आदिको प्रयोगले उनको उपन्यास काव्यात्मक बनेको छ । उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सानो परिवेशभित्र छोटो आख्यानमा लघु उपन्यास रच्न सक्नु अधिकारीको औपन्यासिक प्रवृत्ति हो ।

शोधपत्रको परिच्छेद चारमा उपन्यास तत्त्वका आधार उज्यालोको खोजी उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासकार सीताराम अधिकारीको उपन्यास लेखनमा ढोका उघार्ने पहिलो उपन्यास उज्यालोको खोजी (२०६८) हो । नेपाली साहित्यको राल्फाली आन्दोलनको अराजकतावादको प्रभाव यस उपन्यासमा पाउन सकिन्छ । 'राल्फा' अभियान कै सिद्धान्त अनुरुप समाजका विकृति र विसंगति, पूराना मूल्य र मान्यताको विरुद्ध विद्रोहस्वरुप यो उपन्यास प्रस्तुत भएको छ । पारिजातको विसङ्गति वादि अस्तित्त्ववादी उपन्यास लेखन र प्रगतिवादी उपन्यास लेख्नको प्रभाव अधिकारीको यस उपन्यासमा पाउन सकिन्छ । विसङ्गतिवाद बीचको त्रिकोणात्मक सङ्गम यस उपन्यासमा पाउन सकिन्छ । आयामगत रुपमा लघु आयाममा समेटिएको यो उज्यालोको खोजी (२०६८) उपन्यासमा १९ वटा खण्डमा विभाजन गरिएको छ । यो उपन्यास १२४ पृष्ठमा संरचित छ ।

औपन्यासिक संरचनाको आधारमा कथावस्तु, कथानक स्रोत, कथानक ढाँचा, पात्र-विधान, र चरित्र चित्रण, दृष्टिविन्दु, उद्देश्य, द्वन्द्व आदिलाई आधार बनाइ विश्लेषण गरिएको छ । यसको अन्त्यमा निष्कर्ष समेत राखिएको छ ।

उज्यालोको खोजी उपन्यासको कथावस्तु प्रमुख पात्र उषा कै सेरोफेरोमा घुमेकाले यसको कथावस्तु भन्दा चरित्रचित्रण कै पक्ष सबल र उल्लेखनीय रहेको छ । यस उपन्यासले तत्कालीन ग्रामीण पहाडी समाजको निम्न वर्गीय गरीबहरूको जीवनको यथार्थ कथा सुन्दर ढङ्गले चित्रण गरेको छ । उषाको एकालापमा समेत कथावस्तु अगाडि बढेको छ । उषाको जीवन भोगाइ र उसको परिवेशका अन्य यथार्थलाई ऊ आफैंले आत्मसात गर्दै गरेको उसको आक्रोशपूर्ण जीवन कथा यस उपन्यासमा समेटिएको छ । उपन्यासको प्रमुख पुरुष पात्र उमेश मार्फत समाख्यान गरिएको यस उपन्यासमा तत्कालीन शासन व्यवस्थाको आड भरोसामा समाजमा सिर्जना गरिने आम विकृति विसङ्गतिका घटनालाई पनि कथा वस्तुको रुपमा चयन गरिएको छ। अशिक्षित, परम्परावादी यथास्थितिवादी निम्न वर्गहरूको कथा, व्याथा बोकेको यस उपन्यासको कथावस्तु चरित्र चित्रणका तुलनामा केही कमजोर देखिए तापनि यथार्थ समाजबाट टिपिएका सामाजिक कथावस्तु भएकाले यस उपन्यासलाई सबल कथावस्तुको उपन्यासको रुपमा लिइन्छ ।

उज्यालोको खोजी उपन्यास पहाडी परिवेशलाई आधार बनाई निम्न वर्गीय तथा अशिक्षित, परम्परावादी समाजलाई पृष्ठभूमि बनाइएको छ। यस उपन्यासले समाजमा रहेका

कुरीतिहरूबाट समाज कसरी मुक्त गर्न सकिन्छ भन्ने आशय राखेको छ । समाजमा प्रचलित छुवाछुत, वालविवाह, नारी शिक्षा जस्ता असामाजिक प्रथा नै यस उपन्यासको कथानक स्रोत हो । कथानकको  विकासमा आदि, मध्य र अन्त्यको समुचित विन्यास भएकोले र रैखिक ढाँचामा रहेको पाइन्छ । पात्र विधानको दृष्टिकोणले यस उपन्यासमा उषालाई र उमेशलाई प्रमुख पात्रको रुपमा लिन सकिन्छ भने अन्य सहायक गौण तथा नेपथ्य पात्र पनि समावेश गरिएका छन् । औपन्यासिक तत्त्वहरूको  उचित तरिकाले संयोजन गरिएको यस उपन्यासले अधिकारीका लागि प्रगगिवादी उपन्यासका मार्ग प्रशस्त गराएको निष्कर्ष अध्ययनबाट प्राप्त हुन्छ ।

## ५.२ निष्कर्ष

सीताराम अधिकारीको उज्यालोको खोजी उपन्यासको उपयुक्त प्रकारको मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई शोध समस्या सँग सम्बन्धित प्रश्नहरूका उत्तरका सन्दर्भमा अन्ततः केही बुँदाहरूमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१. जन्मभूमि गोरखा भए पति कर्मभूमि वा कर्मक्षेत्र काठमाडौं बनाएका अधिकारीले नेपाली साहित्य र शैक्षिक जगतको आजिवन सेवा गरिरहेका छन् । आफ्नो जीवनको कलिलै उमेरबाट साहित्य क्षेत्रमा प्रवेश ग रेका अधिकारीले कविता, कथा, निबन्ध तथा उपन्यास जस्ता बहुबिधामा कलम चलाएका छन् । बहुमुखी व्यक्तित्व तथा प्रतिभाका धनी अधिकारी प्राध्यापक, समाजसेवी, राजनीतिज्ञ आदि पनि हुन् ।

२. उनको औपन्यासिक प्रवृत्तिमा विशेष गरी विसङ्गतिवादी अस्तित्त्ववादी हो भने नारीवादी प्रवृत्ति पनि उत्तिकै हावी रहेको देखिन्छ ।

३. उपन्यासकार अधिकारी दार्शनिक चेत भएका कवि हुन् । उनका प्रमुख औपन्यासिक प्रवृत्तिहरूमा विसङ्गतिवादी-अस्तित्त्ववादी, विद्रोही तथा अराजकतावादी, आलोचनात्मक यथार्थवादी, प्रगतिवादी आदि पर्दछन् भने काव्यात्मक भाषाशैली पाइन्छन् ।

४. औपन्यासिक तत्त्वका आधारमा उज्यालोको खोजी उपन्यास सबल र शिक्षाप्रदायक उपन्यासको रुपमा लिन सकिन्छ । नेपाली समाजको यथार्थवाद टिपिएको यस उपन्यासको कथावस्तुले तत्कालीन नेपाली समाजको यथार्थ तस्वीर बोकेको छ । आदर्शवादी दृष्टिकोणको प्रस्तुति उपन्यासमा पाइन्छ । आदर्शसँगसँगै समय सापेक्षा सामाजिक यथार्थको संयोजनले उपन्यास पठनीय र मननीय छ । शिक्षा, चेतना र समानताका दृष्टिकोणबाट पनि उपन्यास राम्रो छ ।